

नागरिक जीवन

कक्षा ८

लेखक: मो. सु. नारायणप्रसाद श्रेष्ठ



नागरिक जीवन

कक्षा ८

लेखक
मी. सु. नारायणप्रसाद श्रेष्ठ

जनक शिक्षा सामग्री केन्द्र लि.
सानो ठिमी, भक्तपुर ।

सर्वाधिकार
जनक शिक्षा सामग्री केन्द्रमा सुरक्षित

पहिलो संस्करण २०३८
दोस्रो संशोधित संस्करण २०३९
तेस्रो संस्करण २०४०
चौथो संस्करण २०४३
पाँचौं संस्करण २०४४
छैटौं संस्करण २०४५
संशोधित सातौं संस्करण २०४८
आठौं संस्करण २०५०
नवौं संस्करण २०५१
दशौं संस्करण २०५२
एघारौं संस्करण २०५३

तपाईंले किनेको पुस्तकमा छपाइ प्रविधिसम्बन्धी कुनै त्रुटि फेला परेमा अधिकृत वितरक साझा अथवा स्थानीय बिक्रेताबाट उक्त पुस्तक साट्न सक्नुहुनेछ ।
ज. शि. सा. के. लि.

मूल्य रु.

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड (एजुकेशन प्रेस) मा मुद्रित ।

"राष्ट्रिय प्रतिभालाई फुलाउने फलाउने
तथा जनताको मनोभावनालाई
विकासमूलक बनाउने नीति लिई लागू
गरिएको यस राष्ट्रिय शिक्षा
योजनाबाट केही वर्षभित्रै एउटा
जागरूक, परिश्रमी र उन्नतिशील
समाजको सिर्जना हुन सपनेछ भन्ने
मैले आशा लिएको छु ।"

श्री ५ वीरेन्द्र

हामो भनाइ

तत्कालीन पंचायती व्यवस्था अनुकूल मी. सु. श्री नारायणप्रसाद श्रेष्ठद्वारा कक्षा ८ का विद्यार्थीका लागि लेख्नुभएको "हाम्रो पंचायत र नागरिक जीवन" नामको पाठ्यपुस्तक हाल देशमा भएको राजनैतिक परिवर्तन अनुसार समयानुकूल बनाउन आवश्यक परेको विद्वान पाठकहरूमा अवगत नै छ तर समयको अभाव र नयाँ शिक्षा नीति लागू भई पाठ्यक्रममा पनि परिवर्तन नभइसकेको कारणले यस पाठ्यपुस्तकको साबिक खण्ड ४ सम्मको पाठ्यवस्तुमा कहीं-कहीं सामान्य थपघट मात्र र खण्ड ५ देखि ८ सम्मका विषयवस्तुमा पूरै परिवर्तन गरी लेखिएको छ तापनि साबिक पाठ्यपुस्तकमा भएका उपयुक्त प्रसंग र उदाहरणहरूलाई पनि समाविष्ट गर्न उचित ठानेका छौं ।

हालको यस संशोधित "नागरिक जीवन" नामको पाठ्यपुस्तक परिमार्जनको काम चाहिं यसै केन्द्रका विशेषज्ञ श्री विश्वम्भर धिमिरेले गर्नुभएको हो ।

आशा छ, देशको बदलिंदो परिस्थितिमा यस पाठ्यपुस्तकले हाम्रा विद्यार्थीहरूमा नौलो ज्ञान र चेतनाको अभिवृद्धि गर्दै जानेछ र उनीहरू प्रजातन्त्रको संरक्षणमा योगदान पुऱ्याउँदै देश विकासको बाटोमा अग्रसर हुने छन ।

श्री ५ को सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानो ठिमी, भक्तपुर, नेपाल ।

वैशाख, २०४८

विषयसूची

१. व्यक्ति र परिवार

(क) परिचय १
(ख) परिवारको प्रकार १
(ग) परिवारको आवश्यकता ३
(घ) परिवारको कर्तव्य ४
(ङ) परिवार मानिसको पहिलो पाठशाला ५
(च) असल परिवारका लागि चाहिने आवश्यक तत्वहरू ८

२. समाज

(क) परिचय १२
(ख) समाजको उत्पत्ति १५
(ग) समाजका लागि आवश्यक तत्वहरू १६
(घ) समाजका आवश्यकता र फाइदाहरू १७
(ङ) हाम्रो समाज र सामाजिक जीवन १८
(च) हाम्रो सामाजिक जीवन र त्यसका भिन्नताहरू २०

३. संगठन

(क) परिचय २२
(ख) संगठनको प्रकार २३
(ग) संगठनका लागि आवश्यक तत्वहरू २३
(घ) संगठनको आवश्यकता २५

४. नागरिक र नागरिकता

(क) परिचय २८
(ख) असल नागरिकका गुणहरू ३३
(ग) असल नागरिक बन्नमा बाधाहरू ३९

५. हाम्रो राजनीतिक व्यवस्था ४८
(क) परिचय ४८
(ख) हाम्रो संसदीय शासन प्रणालीका आधारभूत सिद्धान्तहरू ५१
(अ) संवैधानिक राजतन्त्र ५२
(आ) बहुदलीय प्रजातन्त्र ५४
(इ) सार्वभौमसत्ता जनतामा ५५
(ई) मानव अधिकारको सुरक्षा ५६
(ग) हाम्रो संसदीय शासन प्रणालीका निर्देशक सिद्धान्तहरू ५९
(अ) लोक कल्याणकारी व्यवस्थाको अभिवृद्धि ६०
(आ) न्यायपूर्ण समाजको सिर्जना ६१
(इ) विकेन्द्रीकरणको सिद्धान्त ६४
(ई) आर्थिक शोषणको अन्त्य ६५
६. हाम्रो संसद ७१
७. संवैधानिक अङ्गहरू ७८
८. राजनीतिक सङ्गठन र संघसंस्था ८३

व्यक्ति र परिवार

परिचय

प्रत्येक व्यक्ति आपनै आमाको गर्भबाट जन्मेको हुन्छ, उनको काखमा हुर्केको हुन्छ र उनकै ममतायुक्त चोखो दूध-पान गरी बढेको हुन्छ । प्रत्येक व्यक्तिलाई जन्म दिने आमा हुन्छिन् भने उसलाई माया गर्ने उसको बाबु पनि हुन्छ । यसरी घरमा आमा, बाबु, छोरा-छोरी, नाति-नातिना, जेठा-बा, जेठी-आमा, कान्छा-बा, कान्छी-आमा, फूपू आदि सबै मिलेर एकै ठाउँमा एउटै छानामुनि बसोवास गरी एउटै भान्छामा खाना खाने व्यक्तिहरूको समूहबाट परिवार बनेको हुन्छ ।

यसरी एउटै गर्भबाट एउटै रक्त-सम्बन्ध वा प्रेमपूर्वक पालनपोषण गरिएको धर्मपुत्र, धर्मपुत्री आदिको सानो समूहबाट परिवारको रचना हुन्छ । परिवार व्यक्ति-व्यक्ति बीचको ममता, घनिष्ठता र रक्त-सम्बन्धको सबैभन्दा महत्वपूर्ण संस्था हो । प्रत्येक व्यक्ति यसैभित्र जन्मन्छ, हुर्कन्छ र बढ्छ । उसको आफ्नो सभ्यता, परम्परा र संस्कृति अनुरूप आफ्नो संस्कार र धारणा पनि यसैभित्र बन्दै जान्छ । यसरी मानिसको विचारधारा, चिन्तन-शैली, उसको रहन-सहन र जीवन-शैली आदि सबैमा परिवारको अमिट छाप परेको हुन्छ ।

परिवारको प्रकार

संसारका विभिन्न देशहरूमा प्रचलित परिवारहरू संख्याका आधारमा तीन किसिमका हुन्छन् –

१. एकात्मक परिवार
२. संयुक्त परिवार
३. वृहत् परिवार

परिवारमा आमा-बाबु र छोरा-छोरी मात्र रहेछन् भने हामी त्यसलाई एकात्मक परिवार भन्दछौं । यस्तो परिवारलाई अंग्रेजीमा Nuclear Family भनिन्छ ।

परिवारभित्र हजूर-बा, हजूर-आमा, जेठा-बा, जेठी-आमा र उनका छोरा-छोरी लगायत ठूलो संख्या रहेछ भने त्यसलाई हामी संयुक्त परिवार भन्दछौं । यस्तो परिवारलाई अंग्रेजीमा Joint Family भन्दछन् । संयुक्त परिवारमा एक अर्काको दायित्व गाँसिएको हुन्छ र प्रत्येक व्यक्तिले कमाएको सम्पत्तिमा सबैको हक हुन्छ ।

संयुक्त परिवार कहिले काहीँ ज्यादै ठूलो र धेरै नाता-कुटुम्बलाई सम्मिलित गर्ने हुन्छ । यसमा तेह्रदिने दाजुभाइ लगायत आफ्ना रक्त-सम्बन्ध भएका सबै व्यक्तिहरू परेका हुन्छन् । उनीहरू खानपान, बसोबास आदि अलगअलग भएर गर्छन् तापनि कुल-देवताको पूजा, देवाली, भोज आदिमा सबै सम्मिलित हुन्छन् । यस्तो परिवारलाई हामी वृहत् परिवार भन्न सक्तछौं । अंग्रेजीमा यसलाई Extended Family भनिन्छ ।

मूलीको आधारमा परिवार दुइ थरीका हुन्छन्–

(१) पितृसत्तात्मक परिवार (Patriarchal family)

(२) मातृसत्तात्मक परिवार (Matriarchal family)

(१) पितृसत्तात्मक परिवार

हाम्रो देशमा प्रचलित हालको पारिवारिक ढाँचा पितृसत्तात्मक छ । पितृसत्तात्मकको अर्थ – परिवारमा पिताको (बाबुको) आधिपत्य हुनु हो । त्यसैले बाबुको प्रभुत्व र निर्देशनमा सञ्चालन भएको परिवारलाई पितृसत्तात्मक परिवार भन्दछन् । यस्तो परिवारमा विवाहिता स्त्री र जन्मिने प्रत्येक बालकको नामको पछाडि आफ्नो लोग्ने अथवा बाबुको थर जोडिएको हुन्छ । उदाहरणको लागि कुनै खँडकाकी छोरीलाई अधिकारीको छोराले विवाह गरेपछि त्यस स्त्रीको थर अधिकारी हुन जान्छ र उनीहरूबाट जन्मेको बालकको नामको पछाडि पनि अधिकारी जोडिन पुग्छ । वर्तमान अवस्थामा विश्वका धेरैजसो देशहरूमा पितृसत्तात्मक परिवार नै कायम रहेको पाइन्छ ।

(२) मातृसत्तात्मक परिवार

मातृसत्तात्मकको अर्थ हुन्छ – परिवारमा माता (आमा) को आधिपत्य हुनु । त्यसैले आमाको प्रभुत्व, नेतृत्व र निर्देशनमा सञ्चालन र व्यवस्था भएको परिवारलाई मातृ-

सत्तात्मक परिवार भन्दछन् । यस प्रकारको पारिवारिक व्यवस्था प्राचीन समयमा थियो भन्ने धेरै विद्वान्हरूको भनाइ छ । तर वर्तमान समयमा यस प्रकारको पारिवारिक व्यवस्था बिरलै पाइन्छ ।

ढुङ्गे युगको एक परिवार

परिवारको आवश्यकता

खेती-पातीको युगको थालनी हुनुअघि शिकार युगमा लोग्ने-मानिस आफ्नो धनु-काँड, ढुङ्गा, भाला वा काठको हतियार बोकी जङ्गली जनावरको शिकार गर्थे र आइमाईहरू बच्चा हुर्काउने र आगोको छेउमा बसी लोग्नेले ल्याएको मासु पोल्ने आदि काम गर्थे । तर जसै कृषि-युगको शुरुआत भयो, नर-नारीले बनेको परिवार पनि एकै ठाउँमा बसी घरजम गर्न तर्फ लागे ।

ढुङ्गे युगबाट कृषि-युगमा प्रवेश गर्दाको झलक

यसरी घरका बलिया अभिभावकहरू खेतमा गई खेत खन्ने जस्तो कडा परिश्रम पर्ने शारीरिक काम गर्न कस्सिए भने नारीवर्गले पनि घरको हेरचाह गर्नुका साथै उनलाई सहयोग गर्न धान रोप्ने, गोड्ने, काट्ने र ढिकीजाँतो गरी निफन्ने, खाना बनाउने, लुगा-फाटो सिउने

जस्ता घरायसी कामहरू गर्न थाले । सही अर्थमा प्रत्येक व्यक्तिले आ-आफ्नो जिम्माको काम गर्न र परस्परमा एक अर्काको सहयोग लिनदिनका लागि परिवारको आवश्यकता पर्दछ ।

अझै विचार गर्ने हो भने परिवारको आवश्यकता व्यक्तिको भित्री आकांक्षाबाट जन्मिएको हुन्छ । प्रत्येक व्यक्ति मर्नबाट डराउँछ र सधैंको लागि अमर हुने आफ्नो शाश्वत लालसाले उसलाई सधैं घचघच्याएको हुन्छ । 'मलाई कहिल्यै मर्न नपरोस्' र 'म सधैं बाँची रहूँ' भन्ने आकांक्षाबाट प्रेरित भएर नै प्रकृतिले मानिस स्वयंलाई एउटा सानो बीउको रूपमा लुकाएको हुन्छ । यही बीउ कुनै नारीको गर्भबाट उमारेर नर-नारीले आफ्नो व्यक्तित्व मात्र होइन, स्नेहको अमरत्वलाई पनि संसारमा प्रज्ज्वलित गराई राखेको हुन्छ । संक्षेपमा भन्ने हो भने मानिसको अमरत्वको यो चाहना पति-पत्नीबाट मात्रै पूरा हुन्छ । त्यसैले नर-नारी दुवैलाई हाम्रो धर्मशास्त्रले एउटा रथको दुई पाङ्ग्रा भन्ने गरेको हो । यिनै दुई पाङ्ग्रा रूपी नर-नारी मिलेर बनेको परिवारमा बच्चाको जन्म हुन्छ । बच्चाको जन्म भएपछि बच्चालाई आफ्नो आमा-बाबुको आत्मीय प्रेम र गाढा ममतापूर्ण न्यानोपनाको आवश्यकता पर्दछ । बिना परिवार न त बच्चाको जन्म हुन्छ, न त बच्चाले आफ्ना आमाबाबुको आत्मीय प्रेम र गाढा ममतापूर्ण न्यानोपना नै पाउन सक्दछ । यसप्रकारको भावना मानिसको निम्ति मात्र होइन, चराचुरुङ्गी, पशु-पक्षी आदि सबैमा रहेको हुन्छ । फुल पार्ने क्रियादेखि लिएर बच्चा कोरल्ने र हुर्काउने प्रक्रियासम्म उनीहरू पनि परिवारमै गाँसिएर बसेका हुन्छन् । फरक केवल चाहना र आकांक्षामा मात्र रहन गएको हुन्छ । यसरी हाम्रो दैनिक जीवनको प्रत्येक क्रियाकलापमा परिवारको आवश्यकता कुनै न कुनै रूपमा गाँसिएर रहन गएको हामी पाउँछौं ।

वास्तवमा व्यक्तिलाई जन्मन, जन्मेपछि हुर्कन र कदाचित् विरामी भई शारीरिक वा अन्य कमजोरीबाट बच्न पनि परिवारकै आवश्यकता पर्दछ । परिवारमा कामको विभाजन गरी सबैलाई सुख सुविधा पुर्‍याउन, जीवनको सुरक्षा गरी दैनिक व्यवहारमा आइपर्ने प्रत्येक दुःख-कष्टबाट बच्न तथा छुट्कारा पाउन र जन्मेदेखि मृत्युपर्यन्त गर्नुपर्ने कर्मकाण्डहरू पूरा गर्न पनि परिवारकै आवश्यकता पर्दछ । जीवनलाई सारपूर्ण बनाउने मूल-तत्व आत्मीय प्रेम नै भएकोले त्यो ममतापूर्ण प्रेमलाई आफ्नो चाहना अनुरूप गराउने एक मात्र माध्यमको रूपमा रहेको परिवारबाट व्यक्ति कहिल्यै अलग्ग रहन सक्दैन । यसरी व्यक्तिको संरक्षण, संवर्धन, सुरक्षा र हित आदि सबै कामहरू परिवारबाट मात्र पूरा हुनसक्दछ ।

परिवारको कर्तव्य

प्रत्येक व्यक्तिले आफूले गर्नुपर्ने काम गर्नुपर्दछ । एकले अर्काको सुख-सुविधाको ख्याल राख्नु, आवश्यक परेका बेलामा तन-मन-धनले हेरविचार र सहयोग गर्नु नै आफ्नो कर्तव्य

पालन गर्नु हो। आमाले घरमा स-साना बच्चाहरूको पालन-पोषण गर्ने, उनीहरूलाई हुर्काउने, सरसफाइको साथै दिसा-पिसाब गर्न सिकाउने (Toilet Training), शिक्षा-दीक्षा दिलाई आवश्यक इलम तथा सीप सिकाउने र घरधन्दा अन्तर्गत भात पकाउने, खुवाउने आदि काम गर्दछिन् भने बाबुले धन कमाउने, खाद्यान्न जोड्ने र आफ्ना पत्नी, छोरा-छोरीले खाए नखाएको हेरविचार गर्ने काम गर्दछन्। छोराछोरीले पनि आफूभन्दा ठूलाको आदर गर्ने र आफूभन्दा सानालाई माया गर्ने गर्दछन्। आमाबाबुले आफ्ना छोराछोरीप्रति गर्ने माया, ममता र छोराछोरीले आफ्ना आमा, बाबु र मान्यजनप्रति देखाउने आदरभाव नै कर्तव्य हो। दुःखमा परेका बेला एक अर्काको सेवा-शुश्रूषा गर्नु र आफ्ना जिम्माको काम इमान्दारीपूर्वक पूरा गर्नु नै व्यक्तिले आफूले गर्नुपर्ने कर्तव्य पूरा गरेको मान्नु पर्दछ। अर्को अर्थमा भन्ने हो भने परिवारमा आ-आफ्ना कर्तव्य सबैले इमान्दारीपूर्वक गर्नुपर्ने र गरेका कामहरू पर्न आउँछन्। आमा-बाबुले छोरा-छोरीलाई माया, ममता र शिक्षा-दीक्षा नदिए उनीहरूको कर्तव्य पूरा हुँदैन भने छोरा-छोरीले पनि आमा-बाबुले भनेको नमाने, पढ्नु पर्ने कुरा नपढे र गर्न नहुने कुरा गरे गराए उनीहरूको कर्तव्य पूरा हुँदैन। यसरी परिवारको कर्तव्यमा एक अर्काले गर्नु पर्ने काम परस्पर गाँसिएर रहेको हुन्छ, जुन दुबै तर्फको चाहना र आकांक्षाबाट मात्र पूरा हुनसक्छ। यसैले परिवारमा प्रत्येक व्यक्तिले श्रवणकुमारको जस्तो पितृभक्ति, भीष्म पितामहको जस्तो त्याग, मर्यादा पुरुषोत्तम रामको जस्तो कर्तव्यपरायणता, लक्ष्मणको जस्तो भ्रातृ-प्रेम, पाण्डवहरूको जस्तो मेलमिलाप र सीता, सावित्रीको जस्तो पतिभक्तिको चाहना गरेको हुन्छ। यस्तो चाहना र आकांक्षालाई पूरा गर्नु नै हामी सबैको कर्तव्य हुन आउँछ। हामी सबैको कर्तव्य नै परिवारको कर्तव्य हो।

आमाको जिम्मेवारी

परिवार मानिसको पहिलो पाठशाला

मानिसको पहिलो पाठशाला उसको परिवार हो। यति मात्र होइन, मानव-जीवनको पहिलो कक्षा उसको आमाको न्यानो काख हो भने उसको दोस्रो कक्षा आफ्नो बाबुको काँध नै हो। बाल्यावस्थामा चारखुट्टे पशु झैं चार हातखुट्टा टेकी घस्री हिंड्ने बालक पशु समान अबोध हुन्छ। पशु जस्तो बच्चाले भावावेशमा असहाय रूपले रूने कराउने मात्र होइन पशुले झैं जतातत दिसा-पिसाब र फोहोरमैला पनि गर्छ। तर उसलाई जहाँ पायो त्यहीं फोहोर-मैला नगर्ने

सिकाउने मात्र होइन, आफ्ना दुइ खुट्टाको सहाराले टुकुटुकु हिंड्-डुल् गर्ने, दगुर्ने, उफ्रने र उसको तोते बोली फुटाली उसलाई भाषा सिकाउने काम उसका आमा र बाबुले नै गर्छन् । वास्तवमा आमा-बाबुले नै बच्चालाई सडक र बाटामा फोहोर-मैला गर्न नदिने मात्र होइन, बाटोमा हिंड्ने नियमदेखि लिएर कलधाराको पानी नचाहिने गरी बगेको बग्यै गर्न दिन नहुने, घरबारीको ढोकाका गजबार खोलेको खोलै राख्न नहुने, बिजुली पंखा आदि चलाई सकेर आफूलाई नचाहिए पछि बन्द गर्नु पर्ने आदि कैयौं नागरिक चेतनाका पहिला पाठहरू बोध गराउँछन् । यस-माथि आमाबाबुसँगै उसका हजूर-बा र हजूर-आमा पनि रहेछन् भने अज्ञानी बालकलाई आफ्नो बोली, भाषा, भेष, संस्कृति, सभ्यता र संयमका अनेकौं पाठहरू उनीहरूले सिकाएका हुन्छन् । अलिक हुर्की बढेपछि बाबुले छोरालाई आफूले पेशाको रूपमा गरी आएका कामका सीप र इलम पनि सिकाउँदै जान्छन् । यसरी परिवारले नै परम्परागत रूपमा आफ्नो बाल-बच्चाको जिब्रोमा बोली, शरीरमा वेशभूषा, हातमा काम गर्ने सीप, इलम र सभ्य सुसंस्कृत आचार-व्यवहारहरू सिकाउने भएकोले परिवार मानिसको पहिलो पाठशाला हुन गएको हो ।

बाबुको उत्तरदायित्व

आज पनि ती बाल-बालिका भाग्यशाली ठहर्छन् जसका आमा-बाबु र अन्य अभि-भावकहरूले आफ्ना छोरा-छोरीले राम्रो शिक्षा-दीक्षा लिए वा लिएनन् र पढाइमा कमजोर भए कि भनी आफ्ना छोरा-छोरी अध्ययन गर्ने स्कूलमा गई शिक्षक, शिक्षिका र प्रधानाध्यापक-सँग सरसल्लाह र सहयोग लिने गर्दछन् । तसर्थ हुने बिरूवाको चिल्लो पात भन्नुभन्दा पनि

कटु सत्य के हो भने असल बाल-बालिकाका आमा-बाबु र परिवार पनि प्रायः असल र आदर्श नै हुन्छन् । जसरी परिवारमा बाल-बालिका हुर्कंदै जान्छन्, त्यसरी नै बाबु, आमा, हजूरबा र हजूरआमाले पनि आफ्ना सन्ततिलाई प्रेम, करूणा, सहिष्णुता, कर्तव्यपरायणता, मितव्ययिता, सरलता, नम्रता, विनयभावका साथै देश, नरेश र आफ्ना समाजप्रति आवश्यक भक्ति भावका अनेक गुणहरू सिकाउँछन् । जसरी घरकी आमाले परिवारका सबैले खाए नखाएको कुरा हेर्छिन् त्यसैगरी पिताले घर परिवारको आयस्रोत ठीक भए नभएको कुरामा ध्यान दिन्छन् । यस्ता आमा र बाबु दुबैलाई छोराछोरीले मात्र होइन, परिवारभित्रका सबैले सहयोग गर्दछन्, सुख-दुःख बाँड्छन् र एक अर्काको हितको लागि ठूलो त्याग गर्न वा कष्ट भोग्न पनि पछि हट्दैनन् । यसैले परिवारका सबै सदस्यहरूमा हामी सबै एक हौं भन्ने आत्मिक एकता (Esprit de corps) को भावना दृढ रूपमा जागृत हुन्छ । अझ स्पष्ट शब्दमा भन्ने हो भने अरूको सुविधालाई राम्ररी ध्यान पुर्‍याउने जस्ता नागरिकमा हुनुपर्ने पहिलो गुण परिवारबाटै सिकिन्छ । परिवारलाई चिनीले जस्तै रसिलो बनाउने, अरूको कदर र हेरविचार राख्ने जस्ता गुणलाई समाज, राष्ट्र र विश्वभर छर्न सके मात्र "वसुधैव कुटुम्बकम्" को आदर्श पूरा हुन-सक्ने भएकोले पनि परिवार मानिसको पहिलो पाठशाला मानिएको हो ।

विशेष गरी हामीलाई बाबु-आमाले सानैदेखि यस्ता कुराहरूमा सचेत गराउनु हुन्छ । चर्पीमा बाहेक अन्यत्र जथाभावी दिसा-पिसाब गर्नु हुँदैन । दिसा गरेपछि पानीले धुनुपर्छ र घरमा साबुन, ढुटो, माटो जे छ त्यसले राम्ररी हात सफा गर्नुपर्छ । फोहोर-मैला जथाभावी फ्याँक्नु हुँदैन । घरको छेउमा खनेको खाल्डोमा फ्याँक्नुपर्छ । यिनै कुराहरू हामीलाई सर्वप्रथम हाम्रो परिवारले सिकाउने भएकोले परिवारलाई व्यक्तिको पहिलो पाठशाला भनिएको हो । यस पाठशालाका गुरू (शिक्षक) बाबु, आमा, हजूरबा, हजूरआमा, दाजु-भाउज्यू, फुपू र र दिदी हुन् । यसैले गुरुलाई हामीले आफ्ना आमा-बाबुलाई जस्तै आदर गर्दै आएका हौं ।

साना केटाकेटी गीलो माटो जस्तै हुन्छन् । जसरी कुमालेले गीलो माटोबाट आफ्नो इच्छा अनुसारको भाँडा बनाउँछ, त्यसरी नै परिवारको राम्रो वातावरणमा साना नानीहरू विकसित र सुसंस्कृत हुँदै जान्छन् । बोटबिरूवाका लहरालाई सानो बेलामा जता फर्कायो त्यतै फर्कन्छ, जता तान्यो उतैतिर तन्कन्छ । बच्चालाई पनि सानो उमेरमा जस्तो सिकायो त्यस्तै सिक्छ र जस्तो बनायो त्यस्तै बन्छ । त्यसैले परिवारलाई व्यक्तिको पहिलो पाठशाला भनिएको हो।

परिवाररूपी यो पाठशालामा आमा-बाबुको भूमिका ज्यादै महत्त्वपूर्ण रहेको हुन्छ । दूध खाने समयदेखि यौवन र वयस्कावस्थासम्म आमाबाबु, बूढाबा र बूढीआमा मात्र होइनन्,

बच्चाले परिवारका सबैजसो आफूभन्दा बढी उमेर पुगेका सदस्यहरूबाट आफ्नो आनीबानी, बोलीवचन, आचारविचार, विधिव्यवहार आदि सिक्दै जान्छ । परिवारलेनै बच्चालाई आत्म-संयम, सहनशीलता, सेवा, अनुशासनको भावनादेखि लिएर सम्पूर्ण रूपमा उसको नैतिक चरित्र ढाल्नमा सघाउ पुरयाएको हुन्छ । परिवारबाटै यी बाल-बालिकाले रामायण, महाभारत र गीताका आदर्शहरूबाट रामको आज्ञापालन, सीताको त्याग, भीष्मको प्रतिज्ञा, युधिष्ठिरको सत्यवादिता, कर्णको दानप्रेम, अर्जुनको कर्तव्यपरायणता, विदुरको नीतिप्रियता, सावित्रीको पतिप्रेम, श्रवणकुमारको पितृभक्ति र हरिश्चन्द्रको सत्यनिष्ठा आदि-आदि सिक्छन् ।

यिनै कुराहरूले आजका केटाकेटीहरूलाई भोलिको आदर्श नागरिक बनाउन मद्दत गर्दछन् । वास्तवमा यिनै कुराहरूबाट बाल-बालिका असल नागरिक बन्दछन् र असल नागरिकहरूबाटै देश बन्दछ । देश, समाज, परिवार वा व्यक्तिको मूल्याङ्कन यिनै कुराहरूको लेखाजोखाबाट हुन्छ र यसैको आधारमा विश्व-सञ्चालन हुन्छ। यिनै कुराहरूबाट परिवार रूपी पाठशालाको महत्व बढ्न गएको हो ।

असल परिवारका लागि चाहिने आवश्यक तत्वहरू

परिवार के हो र परिवारका कर्तव्य के के हुन् आदि कुराहरू हामीले माथि नै पढी सक्यौं। अब असल परिवारका लागि चाहिने आवश्यक तत्वहरू के के हुन् ? त्यसमा विचार गरौं ।

परिवारका प्रत्येक सदस्यमा सर्वप्रथम विवेक, स्नेह र ममताको आवश्यकता पर्दछ । आफूले कुनै काम गर्दा अरूमा त्यसको कुनै नराम्रो असर त पर्दैन भन्ने कुरा प्रत्येक व्यक्तिले सोच्नु पर्दछ । अरूप्रति आफूले त्यस्तै व्यवहार गर्नु पर्दछ, जस्तो व्यवहारको आशा आफूले अरूबाट गरेको हुन्छ । अर्थात् आफूले अरूप्रति जस्तो व्यवहार गरेको हुन्छ, त्यस्तै व्यवहार अरूले आफूप्रति पनि गर्दछन् भन्ने कुरा हामी सबैले राम्ररी बुझ्नु पर्दछ । यसो भयो भने आफूले अरूप्रति गरेको असल व्यवहार जस्तै अरुबाट आफूले पनि त्यस्तै राम्रो व्यवहार हामी पाउन सक्छौं ।

कुनै पनि परिवारमा बाबु-आमा, दाजु-भाइ, दिदी-बहिनी सबैको आ-आफ्नो काम कर्तव्यहरूको विभाजन जानाजानी वा नजानिकनै भए पनि गरिएको हुन्छ । बाबुले परिवारको निमित्त आवश्यक पर्ने साधन जुटाउँछन् भने आमाले त्यस्तो साधनको समुचित वितरण परिवारका सबै सदस्यलाई समान रूपले गर्छिन् । परिवारका सदस्य मध्ये कसैले खायो खाएन,

लायो लाएन र बिरामी भएको भए के भयो, औषधि लियो लिएन आदि सबै कुराको हेरविचार प्रायः आमाले नै गर्दछिन् । यसरी प्रत्येक परिवारमा त्यसभित्रका सबै सदस्यहरूको एक विवेकपूर्ण कार्य-विभाजन हुन्छ, जसलाई राम्ररी सञ्चालन गरेर मात्र सबैको सुख सुरक्षित र संरक्षित हुनसक्दछ । यसरी कार्य-विभाजनलाई अर्को आवश्यक तत्वको रूपमा लिन सकिन्छ ।

सुखी परिवारलाई चाहिने तेस्रो तत्व हो–असल व्यवहार । हामीले सदैव आफूभन्दा माथिकालाई आदरपूर्ण व्यवहार गर्नुपर्दछ, आफूमुनिकालाई उसको पीर-मर्का बुझेर उसप्रति स्नेह र ममता देखाउनु पर्दछ र आफू सरहकासँग मिलनसारिता र सहयोगको भावना प्रकट गर्नु गर्नुपर्दछ । यस्तो असल व्यवहारबाट मात्र हाम्रो परिवारको सञ्चालन राम्रो हुन जान्छ ।

असल परिवारका लागि चाहिने आवश्यकताहरू मध्येको एक महत्त्वपूर्ण तत्व सम्पन्नता पनि हो । आर्थिक सम्पन्नता एक असल परिवारको आवश्यकता हो भने यो सम्पन्नताको निम्ति नभई नहुने तत्त्व कुनै राम्रो व्यवसाय, इलम अथवा सीप पनि हो । मानिसले आफ्नो जीविका मात्र होइन, आफ्नो ख्याति र समृद्धि समेत, सीप र इलमको माध्यमबाट नै कमाउँछ । जुन परिवारमा सीप हुन्छ, त्यहाँ नै लक्ष्मीको बास हुन्छ । समाजमा जोसँग उत्कृष्ट सीप छ, उसको रोजगारीका निम्ति त्यति नै बढी मौका र माग हुन्छ । आफ्नो सीपमा अतिदक्ष भएको एक सिपालु डाक्टर, वकिल, शिक्षक, वास्तुविद्, इन्जिनीयर, सिकर्मी, डकर्मी, नकर्मी र लोँकर्मी (ढुङ्गाको काम गर्ने) आदिको समाजमा जति माग हुन्छ, त्यति नै गुणात्मक रूपले त्यस्तो सीप नभएका व्यक्तिहरूको माग वा मूल्य कमै हुन्छ ।

संक्षेपमा, सीप भन्नु नै विद्या हो । यसैबाट आर्थिक सम्पन्नता आउँछ र आर्थिक सम्पन्नताले एक असल परिवारको सुख सुविधाको लागि सुरक्षा प्रदान गर्छ ।

यस सम्बन्धमा एउटा रमाइलो कथा छ । एकादेशमा एउटा महाजन रहेछ । उसले पाँचओटा राम्रा कुकुरहरू पालेको रहेछ । ती कुकुरहरूलाई प्रत्येक दिन आवश्यक पर्ने हाड र खाना ऊ आफैले बराबर मात्रा गरी दिने गर्दथ्यो । ती कुकुरहरूलाई उसले एकै ठाउँमा राख्नेको थियो । एक पटक उसले दुइ दिनसम्म ती कुकुरहरूलाई केही पनि खान नदिई राख्यो । दुइ दिनपछि एक टुक्रा हाड उसले कुकुरहरूको बीचमा फ्याँकी दियो । पाँचओटै कुकुरहरू आपसमा लड्न थाले । पहिले एकै ठाउँमा मिलेर खाने कुकुरहरू अहिले आफू-आफूमा लडेको देखेर ऊ छक्क परयो । यसरी लड्नुको मूल कारण नै ती सबैलाई पुग्ने हाड नहुनु हो । उनीहरूको बीच एउटा हाडको सट्टा ती सबैलाई पुग्ने पाँचओटा ठूलठूला हाड फालिएको भए तिनीहरूका बीच झगडा हुने थिएन । त्यसैले 'जहाँ कङ्गाल त्यहाँ चण्डाल' भन्ने पुरानो उखान चलेको हो ।

कुनै आवश्यक वस्तुहरूको अभावमा वा कमी भएमा समाजमा जस्तै परिवारमा पनि त्यसबाट झगडा वा द्वन्द्व उत्पन्न हुन-सक्छ । अभाव झगडाको जननी हो। त्यसैले समाजमा जस्तै परिवारमा पनि सम्पन्नताको बृद्धि गर्न उत्पादन बढाउनु पर्छ । यही उत्पादन बढाउन मानिस अचेल हातले काम नगरी यन्त्रबाट काम लिने गर्छन् । यन्त्रबाट उत्पादन सरल मात्रै हुने होइन, यसबाट तयार पारिएका वस्तुहरूको संख्यामा ज्यादै वृद्धि भई परिवार र समाजका प्रत्येक सदस्यलाई पुग्ने माल-सामान पनि तयार पार्न सकिन्छ । यसैकारण आजको युगमा प्रत्येक देशले औद्योगिकीकरणमा जोड दिएको हो ।

औद्योगिकीकरणमा जोड दिंदैमा उत्पादनमा वृद्धि हुने होइन । न त कुनै एउटा व्यक्तिले मात्र काम गर्दैमा उत्पादनमा वृद्धि हुन-सक्दछ । उत्पादन वृद्धिको निमित्त प्रत्येक व्यक्तिले इमान्दारीपूर्वक आ-आफ्नो काम गर्नुपर्छ । परिवारमा पनि यिनै प्रक्रिया अपनाइएको हुन्छ । परिवारको कुनै एउटा सदस्यले मात्र सबै काम गर्न सक्ने होइन, न त ऊ एक्लैले परिवारको पूर्ण परिपोषण वा विकास नै गर्न-सक्दछ । परिवारको पूर्ण विकास तब मात्र सम्भव हुन्छ, जब परिवारमा रहेका प्रत्येक सदस्यले एक अर्काप्रति आत्मीय स्नेह, ममता र सद्भावना कायम राखी आ-आफ्नो काम कर्तव्य पूरा गर्दछ ।

यस प्रकार उत्पादन बढ्दैमा समाज वा परिवारका सबै सदस्यहरूले आ-आफ्नो न्यायोचित माग समान रूपबाट पाउँछन् भन्ने कुरा पनि ठोकुवा गर्न सकिन्न । वास्तवमा उत्पादन वृद्धि वा सम्पन्नताको आवश्यकता जति छ, न्यायोचित वितरणको पनि त्यतिकै महत्त्वपूर्ण आवश्यकता हुन्छ । वितरणको राम्रो व्यवस्थाबाट समाज वा परिवारमा शान्ति कायम हुने मात्र होइन, त्यसबाट प्रत्येक सदस्यमा एक अर्कोप्रति सेवा र सहयोगात्मक भावनाको साथै समझदारी पनि बढ्न जान्छ । यसरी परस्परको सहयोग र समझदारीबाट परिवार स्वतः नै सुखी र समृद्धिशाली बन्न पुग्छ ।

परिवारको लागि आवश्यक पर्ने अर्को तत्त्व हो– समान अनुभूति । विगतका तीतामीठा अनुभवमा परिवारका सदस्यहरूमा एक समान साझेदारीको भावना रहेको हुन्छ भने वर्तमान र भविष्यप्रति उनीहरूको विचार, उद्देश्य र आकांक्षा पनि समान नै रहेको हुन्छ । यस्तो समान भावनाले उनीहरूलाई एक सिङ्गो ढुङ्गाको ढिको जस्तो नै बनाएको हुन्छ । वितेका वर्षहरूका सुख दुःखका अनुभव र कठिनाइहरूबाट प्रत्येकले केही कुरा समान रूपले भोगेको भए वर्तमान समयको क्रियाकलापमा पनि सबैको साझेदारी समान रूपबाट रहेको हुन्छ । त्यसै गरी भविष्यको सुखद कल्पनामा पनि सबैको एउटै उद्देश्य वा लक्ष्य रहेको हुन्छ। त्यसलाई साकार पार्न प्रत्येक सदस्यले अरूको सुखलाई आफ्नो सुख र अरूको दुःखलाई आफ्नो दुःख ठान्नु पर्दछ । यसो भए मात्र एक अर्काप्रति त्याग, तपस्या र बलिदान गर्ने भावनामा वृद्धि हुन्छ ।

अभ्यास

१. आफ्नो परिवारका सदस्यहरूको नाम लेख्नुहोस् ।

२. तपाईंको परिवार कस्तो परिवार हो ? कारण सहित बयान गर्नुहोस् ।

३. एकात्मक परिवार, संयुक्त परिवार र वृहत् परिवार मध्ये कुन चाहिं परिवार तपाईंलाई मनपर्छ ? मन पर्नाको कारण के के हुन् ? लेख्नुहोस् ।

४. हाम्रो देशको पारिवारिक ढाँचा कस्तो छ ? लेख्नुहोस् ।

५. मातृसत्तात्मक परिवारको विषय बयान गर्नुहोस् ।

६. परिवारको आवश्यकता किन पर्दछ ? वर्णन गर्नुहोस् ।

७. परिवारको एउटा सदस्यको नाताले आफ्नो कर्तव्य उल्लेख गर्नुहोस् ।
"परिवार मानिसको पहिलो पाठशाला हो " यो भनाइलाई आफ्नो शब्दमा पुष्टि गर्नुहोस् ।

९. "मानव जीवनको पहिलो कक्षा उसको आमाको न्यानो काख हो भने उसको दोस्रो कक्षा आफ्नो बाबुको काँध नै हो" कक्षामा छलफल गर्नुहोस् ।

१०. परिवारमा आमा बाबुको कस्तो जिम्मेवारी रहन्छ ? लेख्नुहोस् ।

११. परिवारमा छोरा-छोरीले खेल्नु पर्ने भूमिका उल्लेख गर्नुहोस् ।

१२. कस्तो परिवारलाई असल परिवार ठहराइन्छ ? संक्षेपमा लेख्नुहोस् ।

१३. परिवारको लागि आवश्यक पर्ने पाँचओटा महत्त्वपूर्ण तत्त्वहरू बयान गर्नुहोस् ।

१४. छोटो टिपोट लेख्नुहोस् –

(क) पितृसत्तात्मक

(ख) नर-नारी एउटा रथको दुई पाङ्ग्रा

(ग) सम्पन्नता

(घ) औद्योगिकीकरण

(ङ) समान अनुभूति

समाज



माहुरीको गोलो

परिचय

विद्यार्थीवृन्द ! के तपाईंहरूले कहिल्यै भेडाको बथान देख्नु भएको छ ? भेडाको जाति खालि आफ्नै समूहमा मात्र बाँच्न र बस्न मन पराउँछ। त्यस्तै तपाईंहरूले माहुरीको गोला पनि देख्नु भएकै होला । माहुरी जाति आफ्नो गोलाबिना कहिल्यै पनि एक्लो टिक्न सक्तैन । माहुरीको निम्ति आफ्नो गोला नै उसको सबैभन्दा प्रिय संसार हो र यसको निम्ति ऊ स्वयं मर्न र मार्न पनि पछि हट्दैन । तपाईंहरूले कुनै एक कागलाई ढुङ्गा वा गोलीले हिर्काउनुस् । कागले "का-का" गरी आफ्नो सम्पूर्ण बथानलाई खबर मात्र गर्दैन, तपाईंलाई एक्लै भेट्टाएमा ठुङन पनि बेर लाउँदैन ।

यसरी भेडा, माहुरी वा कागै किन नहोस्, पशुपक्षी, कीरा, जीव-जीवाणुमा समेत आफू र आफ्नो समूहप्रति ममता रहन्छ । मनुष्य जाति पनि यस्तै समूहप्रेमी प्राणी हो। करचाङकुरुङ चरालाई झैं मानिसलाई पनि आफ्नो समूह ज्यादै प्रिय हुन्छ । जन्मेदेखि नमरुन्जेल मानिसले आफ्नो समूहलाई छोड्दैन । आफ्नो समूहप्रति प्रबल माया राख्नु उसको जन्मजात गुण र प्रवृत्ति हो (Man is gregarious by instinct) ।

आफ्नो समूहबिना मानिस न जन्मन्छ, न हुर्की बढ्न सक्छ, न उसले केही कुरा सिक्न नै सक्छ । यसरी एक मानिस अर्को मानिससँग र एक नर अर्की नारीसँग आफ्नो परिवार बाबु-आमा, दाजुभाइ, दिदीबहिनी, नातेदार, छरछिमेकी, मित्रजन, स्वदेशबासी सबैसँग सहभागी बनेर जीवनको सार्थकता प्राप्तिमा सहभागी बन्छन् । त्यसैले मानिसलाई एक सामाजिक प्राणी भनिएको हो ।

समाजबिना बस्न सक्ने मानिस या त परमेश्वर या त जङ्गलको पशु मात्र हुन्छ भन्ने कुरा ग्रीक दार्शनिक अरिस्टोटलले भनेका थिए रे । तर यहाँ गाँठी कुरा के छ भने जङ्गली पशु वा

दानव जाति पनि हूल बाँधेर आपनै समाजमा मात्र बस्ने गर्छन् । हुन पनि जन्मेदेखि नमरून्जेल चाहे बाल्यावस्था, वृद्धावस्था, विरामी वा यौवनावस्था नै किन नहोस्, मानिसलाई समाज नभई हुँदैन । केही क्षण, केही दिन, केही वर्ष वा केही कालको निमित्त समाजविनाको मानिस विचित्रको योगी वा भनौं रोविन्सन क्रुसों जस्तै नितान्त एक्लो भएर बाध्यतामा बाँच्न सक्छ । तर सदाका लागि समाजबिना मानिसको जीवन शून्य र एकाङ्गी मात्र हुने होइन, अर्थहीन, खोक्रो, नीरस र प्रायः असम्भव नै हुन्छ । मानिसले जीवनको सार समाजमा बसेर मात्र पाउँछ । बिना समाज उसको जीवन कहालीलाग्दो हुन्छ ।

समाज भनेको के हो ? यस सम्बन्धमा अझ गहिरिएर विचार गरौं । हाम्रो परिवारमा, आमा, बा, दाजु, भाइ, दिदी र बहिनी छन् भने रामको परिवारमा बूढाबा र बूढीआमा पनि छन् । त्यस्तै कृष्णको परिवार छ । हरिको परिवारमा अझ दुई जना बढी छन्– काका र काकी । यस्तै गरी हाम्रो गाउँ वा टोलमा भने धेरै परिवार बसेका छन् । कुनै परिवार सानो हुन सक्छ, कुनै धेरै ठूलो । तर कुनैमा भने व्यक्ति एक्लै पनि काम वा परिस्थिति विशेषले रहन सक्छ । हामी यस्ता परिवारहरू धेरै मिलेर बनेको समूहलाई समाज भन्छौं र समाजमा व्यक्तिहरूको काम र कर्तव्य एक अर्कासँग गाँसिएर रहेको हुन्छ ।

सानो परिवार ठूलो परिवार

हाम्रो घरसँगै रामको घर छ, रामको घरपछि कृष्णको घर छ । हामीहरू सबैको घरमा आउने मूल बाटो एउटै छ, चोक एउटै छ । त्यसैले यो मूलबाटो, यो चोक सफा राख्ने जिम्मेवारी हामी तीनै परिवारको छ । हामी मध्ये कसैले चोकमा अथवा मूलबाटोमा फोहोर-मैला पर्याक्यौं या दिसा-पिसाब गरयौं भने अरूलाई असुविधा पर्छ । यसैले हामी तीनै परिवारले आपनो निमित्त मात्र होइन, अरूको निमित्त पनि बाटो, चोक आदि सफा राख्नुपर्छ । यस्तै गरी पूरा गाउँ वा टोलमा प्रत्येक परिवारको यस्तै जिम्मेवारी हुन्छ । आफूले अरूलाई मर्का पर्ने

पहाडी गाउँघरको एक दृश्य

कुनै काम गरे गराए समाजले हामीलाई दोषी ठहराउँछ । त्यसैले आफू बाहेक समाजका अन्य कुनै व्यक्तिको सुख-सुविधा हेर्नु र अरूको हितलाई आफ्नै हित ठान्नु नै समाजका प्रत्येक सदस्यको सामाजिक दायित्व हो ।

शुरु-शुरुमा समाजको उत्पत्ति कसरी भयो भन्ने विषयमा अलग-अलग विचारधाराहरू पाइन्छन्, तर जे भएपनि परिवारहरूको सामूहिक जमघटबिना समाजको उत्पत्ति हुन-सक्दैन । अझ भन्ने हो भने साना-ठूला घर परिवारहरू मिलेर एक अर्काको दुःख-सुखमा सहयोग गर्ने र एक अर्काको लागि आफ्नो जिम्मेवारी बुझ्ने विषय नै समाज-रचनाको मूल कुरो हो ।

मानिसलाई सामाजिक प्राणी भनिन्छ, कारण ऊ कहिल्यै पनि समाजबाहिर बस्न सक्दैन । आफ्नो परिवार, नाताकुटुम्ब, इष्टमित्र र आफू समान अन्य व्यक्तिबाट अलग्गिएर ऊ बस्न चाहँदैन । मानिसको जन्म समाजमा हुन्छ, समाजमा ऊ हुर्कन्छ, बढ्छ र समाजमै उसको मृत्यु हुन्छ । जन्मेदेखि नमरेसम्म मानिसको जीवन प्रत्यक्ष र अप्रत्यक्ष रूपमा समाजसँग गाँसिएर रहेको हुनाले मानिसको जीवनको सानोभन्दा सानो क्रियाकलाप पनि समाजबिना अपूरो हुन्छ । रोविन्सन क्रुसो जस्तै मानिस एक्लो बाँच्नै नसक्ने होइन, तर समाजमै रहेर मानिसले आफ्नो व्यक्तित्वको विकास गर्छ तथा आफ्नो सफलता, विफलता र जीवनको सार मानिसले समाजभित्र बसेर मात्र पाउँछ । त्यसैले समाज मानिसको निम्ति अति महत्वपूर्ण हुन्छ ।

समाजको उत्पत्ति

समाजको उत्पत्ति कहिले भयो र कसरी भयो भन्ने सम्बन्धमा विभिन्न विद्वान्हरूले विभिन्न तरीकाबाट आफ्नो-आफ्नो राय व्यक्त गरेका छन् । मानिस-मानिसको समूहबाट परिवार र परिवार-परिवारको समूहबाट समाज बनेको कुरा हामीले माथि नै पढिसक्यौं । वास्तवमा तथ्य यही नै हो । फरक केवल समाज कुन रूपमा विकसित हुँदै आयो भन्नेमा मात्र छ । कसैले कुनै रूपमा यसको विकास भयो भन्छन् त कसैले कुनै रूपमा। विभिन्न विद्वान्-हरूले विभिन्न समयमा व्यक्त गरेका विचारहरूको आधारमा हालसम्म कायम भएका मुख्य सिद्धान्तहरू निम्नलिखित ५ ओटा छन्–

(१) दैवी शक्तिमा आधारित सिद्धान्त,
(२) शक्तिमा आधारित सिद्धान्त,
(३) पितृसत्तात्मक सिद्धान्त,
(४) मातृसत्तात्मक सिद्धान्त र
(५) क्रमिक विकासमा आधारित सिद्धान्त

यस बाहेक अरू पनि धेरै सिद्धान्तहरू समय-समयमा कायम भएको देखिन्छ । तर प्रायः सबै विद्वान्हरूले हालसम्म मुख्य रूपमा मान्दै र अँगाल्दै आएको सिद्धान्त क्रमिक विकासमा आधारित सिद्धान्त नै हो ।

दैवी शक्तिमा आधारित सिद्धान्त अनुसार समाजको उत्पत्ति परमेश्वरबाट भएको हो । जसरी ईश्वरले सूर्य, चन्द्र र पृथ्वीको रचना गरे त्यसै गरी समाजको पनि संरचना गरे भन्ने यस सिद्धान्त अन्तर्गतको विचार हो ।

समाजको उत्पत्ति कुनै बलियो वा शक्तिशाली व्यक्तिको आधिपत्य सबैले स्वीकार गरेपछि हुन गएको हो भन्ने सिद्धान्तलाई शक्तिमा आधारित सिद्धान्त भनिन्छ ।

यसैगरी मातृसत्तामा आधारित सिद्धान्तले समाजको उत्पति आमाको प्रभुत्वबाट भएको देखाउँछ भने पितृसत्तामा आधारित सिद्धान्तले बाबुको प्रभुत्वबाट समाजको उत्पति भएको मान्दछ ।

यसरी उपर्युक्त सिद्धान्तहरूले समाजको उत्पत्ति आ-आफ्ना किसिमबाट भएको देखाउँछन् भने क्रमिक विकासमा आधारित सिद्धान्तले समाजको उत्पत्ति न त दैवी इच्छाको आधारमा भएको मान्दछ, न त कुनै शक्तिशाली व्यक्तिको क्रियाकलापको फलस्वरूप हुन गएको मान्दछ ।

यो सिद्धान्तले समाजको उत्पत्ति आमा वा बाबुको प्रधानताबाट भएको कुरालाई पनि मान्दैन। यसले समाजको उत्पत्ति एकै पटक भयो भन्ने कुरामा पनि विश्वास गर्दैन।

प्राचीन समयदेखि मानिसको सभ्यताको विकासको क्रममा समाजको उत्पत्ति पनि क्रमिक रूपमा हुँदै आएको कुरामा क्रमिक विकासमा आधारित सिद्धान्तले विश्वास गर्दछ। यसैले यो सिद्धान्तलाई विकासवादी सिद्धान्त पनि भन्दछन्। यो सिद्धान्तले प्रतिपादन गरेको कुरा इतिहासमा उल्लिखित तथ्यसँग मेल खाने किसिमको छ, जसले क्रमिक रूपमा आफूलाई व्यक्तिको साथै विकसित गर्दै लगेर समाजको रूपमा प्रतिष्ठापन गराएकोमा विश्वास गर्दछ। त्यसैले मानिसको प्राचीन समयदेखि हालसम्मको विकसित प्रक्रियामा निम्न लिखित अवस्थाहरू महत्त्वपूर्ण देखिन्छन्। अर्थात् निम्न लिखित अवस्थाहरू पार गरेर मनुष्य-समाज आजको विकसित रूपमा देखापरेको कुरामा यो सिद्धान्त विश्वास गर्दछ –

(१) घुमफिर र शिकारको जङ्गली युग (Hunting Age),
(२) पशुपालनको युग (Pastoral Age),
(३) खेतीपाती र स्थायी घरबारको युग (Age of Agriculture and human settlement),
(४) औद्योगिक युग (Industrial Age),
(५) औद्योगिकीकरणपछिको कम्प्युटर र एलेक्ट्रोनिक युग (Post–Industrial era and the age of cybernetics),

समाजका लागि आवश्यक तत्वहरू

परिवारको निमित्त आवश्यक पर्ने समूह, संगठन र उद्देश्य जस्तै समाजको निम्ति पनि नभई नहुने आवश्यक तत्त्वको रूपमा निम्न लिखित कुराहरूलाई लिन सकिन्छ। ती हुन्–

(१) पारिवारिक समूह,
(२) सामूहिक संगठन,
(३) सामूहिक उद्देश्य र
(४) सेवा र सहयोगात्मक भावना।

(१) पारिवारिक समूह

समाज मानिसको पारिवारिक समूहको दोस्रो रूप हो। विभिन्न परिवारहरूको सामूहिक भेलाबाट समाजको रचना भएको हुन्छ, जसमा मानिसको भूमिका ज्यादै महत्त्वपूर्ण रहेको हुन्छ।

(२) सामूहिक संगठन

समाजको लागि आवश्यक अर्को तत्त्व हो– सामूहिक संगठन । मानिसका इच्छा र आकांक्षा असीमित हुन्छन् । तिनै इच्छा र आकांक्षाको पूर्ति गर्न ऊ सामूहिक संगठनमा संलग्न हुन्छ । संगठनको माध्यमबाट मानिसको इच्छा र आकांक्षाको पूर्ति हुन सक्छ । यसैले पारिवारिक समूहको साथै समाजको लागि सामूहिक संगठन पनि नभई नहुने आवश्यक तत्वको रूपमा आउँछ ।

(३) सामूहिक उद्देश्य

सामूहिक संगठनले मात्र समाजको आवश्यकता पूरा हुन सक्दैन । यसको निमित्त सामूहिक उद्देश्य पनि ज्यादै नै महत्त्वपूर्ण छ । समाजको विकासको क्रममा प्रत्येक व्यक्तिलाई आवश्यक पर्ने सुविधा-सहुलियत आदि सामूहिक उद्देश्यबाट मात्र प्राप्त हुन-सक्दछ । यसैले समाजका आवश्यक तत्त्वहरूमा सामूहिक उद्देश्यको पनि महत्त्वपूर्ण स्थान रहेको हुन्छ ।

(४) सेवा र सहयोगात्मक भावना

हाम्रो घरमा कुनै चाडपर्व, उत्सव जस्तै विवाह, व्रतबन्ध आदि परयो भने जसरी छर-छिमेकका परिवारका सदस्यहरूले मद्दत गर्दछन्, त्यसरी नै हामी पनि अरू छिमेकीको घरमा परेको समयमा सहयोग गर्न जान्छौं । यही सहयोगात्मक भावना समाजको लागि आवश्यक तत्त्व हो। जुन कुरा हामी आफैं गर्न सक्दैनौं त्यसमा समाजको सहयोग लिन्छौं । भनाइको तात्पर्य हाम्रो निमित्त समाजको आवश्यकता पर्दछ ।

समाजका आवश्यकता र फाइदाहरू

माहुरीको गोला जस्तै समाज पनि मानिसको निमित्त एक आत्मीय संस्था हो । निम्न लिखित कारणबाट उसलाई समाजको ज्यादै आवश्यकता पर्दछ–

(क) सुरक्षाको निम्ति,
(ख) परस्पर सहयोग र सल्लाहको निम्ति,
(ग) विकास र उन्नतिको निम्ति,
(घ) आफ्ना आवश्यकताको सुगम परिपूर्तिको निम्ति ।

हाम्रो समाज र सामाजिक जीवन

समाज के हो र कसरी यसको निर्माण भयो भन्ने कुरा माथि नै पढिसक्यौं । अब हामीले हेर्नु र जान्नु छ– हाम्रो समाज र सामाजिक जीवन कस्तो छ ? कसरी यो व्यवस्थित हुँदै आएको छ ?

हामीलाई थाहा नै छ – हाम्रो परिवारको रहनसहन, बोलचाल श्यामको परिवारको-भन्दा भिन्न छ । यस्तै गरी श्यामको परिवारको रीतिथिति मुकुन्दको परिवारकोभन्दा अलग किसिमको छ । यो भिन्नता किन भयो ? अब यसमा विचार गरौं ।

हाम्रो समाज चार जात छत्तीस वर्णले बनेको छ । विभिन्न वर्ण र जातिको विभिन्न स्वभाव, रहनसहन, रीतिथिति र परम्पराले हाम्रो समाज सिंगारिएको छ । कुनै ठाउँमा बाहुन, क्षेत्री, नेवारहरू-को बसोबास ज्यादा छ भने अर्को ठाउँमा मगर, गुरुङ, राई, लिम्बूहरूको संख्या धेरै छ । यस्तै गरी तराईमा थारू, धिमाल, राजवंशी जस्ता जातिहरूको ठूलो जमात रहेको छ भने हिमाली भेगमा तामाङ, लामा, शेर्पा आदिको प्राधान्य छ । यी सबै जातीय समुदायको संगमबाटै हाम्रो समाज बनेको छ । पूर्वदेखि पश्चिमतिर फर्की हेर्ने हो भने नेपाली समाज किराँती, मैथिली, तिरहुती, मगराती र खसहरूको बेजोड मिलन केन्द्र हो भनिन्छ, जसमा न कुनै ठूला-साना भन्ने भेदभाव छ, न त कसैले नेपाली राष्ट्रियता हुर्काई बढाउनमा अरू कसैकोभन्दा कम योगदान गरेको छ । साँचो कुरा के हो भने यिनै समुदायहरूको सामूहिक एकतामा हाम्रो नेपाल अधिराज्यको निर्माण भएको छ । यसैले नै राष्ट्रनिर्माता श्री ५ बडामहाराजाधिराज पृथ्वी-

नारायण शाहबाट नेपाललाई चार जात छत्तीस वर्ण को फूलबारी हो भन्ने दिव्योपदेश बक्सेको हो। अब बुझी हाल्यौं – पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएका विभिन्न जात, जाति, धर्म, संस्कृति र परम्परामा आधारित हाम्रो समाजमा कति भिन्नता र कति समानता रहेछ।

जे होस्, नेपाल अधिराज्यभित्र बसोबास गर्ने हामी नेपालीमा जतिसुकै भिन्नता भए तापनि हामीमा एकता छ, सामीप्य छ र आत्मीयता छ। अनि हाम्रो भूत, वर्तमान र भविष्य पनि एउटै भावना, लक्ष्य र नियतिले एउटै झन्डामुनि, एकै छत्रछहारीमुनि निर्देशित छन्। हामी सबै समान रूपले एउटै मातृभूमिमा एकै मात्र राजा र समाजप्रति आश्वस्त भई श्रद्धा, भक्ति र स्नेह राख्दछौं। जुनसुकै धर्म वा मतमतान्तरमा विश्वास गर्ने भए पनि वा जुनसुकै जात जातिभित्र परे पनि र जुनसुकै क्षेत्रमा बसोबास गर्ने भए पनि हामी आदि र अन्तिम रूपमा नेपाली मात्र भई बाँच्छौं। हाम्रो राष्ट्रभाषा नेपाली हो र प्रायशः हामी सबै एक थरीकाले अर्का थरीसँग कुराकानी गर्दा राष्ट्र भाषाको मात्र प्रयोग गर्छौं। यही एकताले गर्दा हाम्रो समाज विविध सांस्कृतिक समूहमा विभाजित भएर पनि हामी सबै एक स्वर, एक लय र एकै तालमा गुञ्जायमान भई बसेका छौं। हाम्रो राष्ट्रिय चरा नौरङ्गी डाँफेमा इन्द्रेणीका झैं विभिन्न रङ्ग नभएका होइनन्, तर यी अनेक रङ्गका चरा एउटै भए झैं हामी नेपाली पनि एकै ढिक्को, एकै माला र एउटै सूत्रमा अविभाज्य भई एउटै देशका सन्तानको रूपमा गाँसिएका छौं र जोडिएका छौं। यही नै हाम्रो समाजको विशेषता हो।

इतिहास पल्टाएर हेर्ने हो भने हाम्रा पुर्खाहरूले विभिन्न समयमा विभिन्न विशेषताहरू हाम्रो समाजका लागि दिएका छन्। शान्तिको गीत गाउने अवसरदेखि लडाईको मैदानसम्ममा पनि नेपाली, नेपाली नै भएर हिंडेका छन्। आफ्नो शिरलाई ठाडो पार्दै आफ्नो राष्ट्रिय उत्थानको अभियानमा पूर्वमा टिस्टादेखि लिएर पश्चिममा सतलजसम्म मात्र होइन, उत्तरमा ब्रह्मपुत्र र दक्षिणमा गङ्गाको किनारसम्म पुगेर उनीहरूले आफ्नो वीरता र शौर्यको प्रदर्शन गरेका छन्। त्यस्तै राष्ट्रिय स्वतन्त्रताको निमित्त उनीहरू नालापानी र काँगडामा मात्र होइन अनेक गढी, गौंडा र खोंचहरूमा पुगी वीर शहीद हुन पुगेका छन्। नेपाली वीर, इमान्दार र निर्भीक छन् भन्ने कुरा संसारले मान्दै आएको छ। यो हाम्रो समाजको विशेषता नै हो।

हाम्रो समाजको अर्को विशेषता हिजोआज अझ बढी प्रज्ज्वलित हुन पुगेको छ। आफूलाई शान्तिप्रिय बनाउने नेपाली समाज "नेपाललाई शान्ति क्षेत्र" बनाउने आकांक्षामा अग्रसर भएको छ। यसले हाम्रो आत्मामा रहेको मुक्त अभिव्यक्तिलाई विश्व-समाजमा राखिदिएको छ। वास्तवमा मनुष्यमात्रको चाहना नै शान्ति हो भन्ने अन्तरात्माको आवाज विश्व-समाजमा पुऱ्याउन हाम्रो समाज अग्रसर भएको कुरालाई बिर्सिन सकिन्न। यो हाम्रो समाजको अर्को विशेषता हो। विश्वमा सबैसँग मिलेर बस्ने र सबैसँग हाँसेर हिंड्ने हाम्रो स्वभाव छ भने हामी

आफ्नो राष्ट्रिय स्वतन्त्रतामा अकाट्य विश्वास राख्छौं । गरीब भए पनि हामीलाई आफ्नो स्वतन्त्रता प्यारो छ । हामी स्वावलम्बी हुन रुचाउँछौं, आफ्नो विचार अरूमा लाद्न चाहँदैनौं र अरूको विचारबाट पनि आफू लादिन चाहँदैनौं । यी नै हाम्रो समाजका केही विशेषता हुन् ।

हाम्रो सामाजिक जीवन र त्यसका भिन्नताहरू

हाम्रो समाज कस्तो छ ? त्यसका विशेषताहरू के के हुन् ? भन्ने कुराहरूमा हामीले केही विचार गरयौं । अब हाम्रो सामाजिक जीवन र त्यसका भिन्नताहरू बारे सोचौं ।

हामीले भनिसक्यौं – हाम्रो समाज चार जात छत्तीस वर्णको फूलबारी हो । यसबाट पनि हाम्रो समाजमा भएको अनेकताको रूप प्रष्ट हुन आउँछ । यस्ता भिन्नतालाई हामी सर्व-प्रथम धार्मिक दृष्टिकोणबाट हेरौं ।

हाम्रो समाजमा निम्न लिखित दुई धर्मावलम्बीहरूको प्रधानता रहेको छ–

(१) हिन्दू धर्मावलम्बीहरू र

(२) बौद्ध धर्मावलम्बीहरू ।

तर यी दुवै धर्मावलम्बीहरू एउटै सिक्काका दुइ रूप भए झैं विशाल हिन्दू धर्मकै हाँगा हुन् भन्ने कुरामा आस्था राख्दै हामी एक अर्काका देवालय, स्तूप वा गुम्बामा गई आफ्नो श्रद्धा भक्ति प्रदर्शन गर्दछौं । धार्मिक सहिष्णुता युगयुगान्तरदेखि चलिआएको नेपाली मुटुको धड्कन हो । यस्तै गरी हाम्रो समाजमा अन्य धर्ममा विश्वास गर्नेहरू पनि छन् । जस्तै–

(१) बोन धर्म मान्नेहरू

(२) जैन धर्म मान्नेहरू,

(३) सिख धर्म मान्नेहरू,

(४) मुस्लिम धर्म मान्नेहरू र

(५) ईसाई धर्म मान्नेहरू ।

तर धर्मको आधारमा नेपालमा कुनै भेदभाव छैन । प्रत्येक नेपालीलाई आफ्नो परापूर्व-कालदेखि चलिआएको पूर्वजको धर्म, चाड, रीतिरिवाज मनाउन पाउने पूर्ण स्वतन्त्रता छ । त्यस्तै सामाजिक, आर्थिक, भौगोलिक वा सांस्कृतिक रीतिरिवाज र परम्परामा स्थान र समुदाय हेरी केहीकेही भिन्नता भए पनि नेपाली समाजमा रहेको समन्वयात्मक भाव निम्न लिखित कुराहरूमा प्रतिबिम्बित हुन गएको छ । ती हुन्–

(१) देश प्रेम,

(२) राजसंस्थाप्रतिको अगाध आस्था,

(३) समान ऐतिहासिक अनुभूति,

(४) निर्दिष्ट भविष्यको लागि समान आकांक्षा र

(५) राष्ट्रभाषा नेपालीप्रतिको आस्था ।

यी पाँचै कुराहरू नेपाली राष्ट्रिय जीवनका अभिन्न अङ्ग बनिसकेका छन्, जसलाई न त कुनै परिवर्तनले बदल्न सक्दछ, न त कुनै विश्वासले डगमगाउन सक्दछ । हाम्रो राष्ट्रियतालाई हाम्रो समाजले आफ्नै धर्म, संस्कृति र परम्परा अनुरूप आजसम्म जगेर्ना गर्दै आएको छ। जसलाई न त धार्मिक भिन्नताले कुनै प्रभाव पारेको छ, न त सामाजिक, आर्थिक र भौगोलिक भिन्नताले नै कुनै असर पारेको छ । प्रत्येक नेपाली, नेपाली भएर बाँच्न चाहन्छ । धर्म, संस्कृति र अन्य कुराहरूको भिन्नतामा अलग्गिएर होइन, शिरको टोपी, हृदयको भक्ति र मुखको बोलीद्वारा "नेपाली" मात्र भएर ऊ बाँच्न चाहन्छ । यसैबाट नै हामी नेपाली सबैको समानता र विशेषता प्रष्ट हुन्छ ।

अभ्यास

१. समाजको परिचय आफ्नो शब्दमा लेख्नुहोस् ।

२. तपाईंको आफ्नो समाजको विषयमा छोटकरीमा बयान गर्नुहोस् ।

३. समाजको उत्पत्तिका सिद्धान्त के के हुन् ? लेख्नुहोस् ।

४. क्रमिक विकासमा आधारित सिद्धान्त अनुसार समाजको उत्पत्तिको व्याख्या गर्नुहोस् ।

५. समाजका निमित्त आवश्यक तत्वहरू के के हुन् ? भन्नुहोस् ।

६. समाजका आवश्यक तत्वको रूपमा " सेवा र सहयोगात्मक भावना" को स्थान कस्तो छ ? प्रष्ट रूपले बयान गर्नुहोस् ।

७. मानिसलाई समाजको आवश्यकता किन पर्दछ ? लेख्नुहोस् ।

८. "नेपाली समाज चार जात र छत्तीस वर्णको फूलबारी हो" यस कथनलाई आफ्नो विचार-मा व्यक्त गर्नुहोस् ।

९. हाम्रो सामाजिक जीवनमा छाएको धार्मिक सहिष्णुता बारे छोटो निबन्ध लेख्नुहोस् ।

१०. नेपाली समाजमा भएका समानता र विशेषता के के हुन्? आफ्नो शब्दमा लेख्नुहोस् ।

११. "आफूलाई शान्तिप्रिय बनाउन नेपाली नेपाललाई शान्तिक्षेत्र बनाउने आकांक्षामा अग्रसर भएको छ ।" छलफल गर्नुहोस् ।

१२. छोटो टिपोट लेख्नुहोस्

(क) दैवी शक्तिमा आधारित सिद्धान्त (ख) मातृसत्तात्मक सिद्धान्त (ग) खेतीपाती र स्थायी घरबारको युग (घ) सामूहिक संगठन (ङ) राजसंस्थाप्रतिको अगाध आस्था ।

संगठन

परिचय

छात्रवृन्द ! हामी आफ्नो काम सकभर आफैं गर्दछौं। आफैं गर्न नसके घरका दाजु-भाई, दिदी-बहिनी, बा-आमा आदि नातेदारलाई गुहार्छौं । त्यसरी घरका सबै परिवार मिलेर पनि कुनै काम गर्न नसके छिमेकका अरू परिवारलाई सहयोगको लागि बोलाउँछौं। यसरी आफैंले गर्न नसक्ने काम पूरा गर्न अरूको सहयोग लिनेदिने काममा भेला हुने प्रक्रिया नै संगठन हो । संगठनको विषयमा एउटा रमाइलो कथा पनि पढिहालौं ।

कुनै समयमा एक बाबुका पाँचजना छोराहरू थिए । तिनीहरू प्रायः सधैं झगडा गरिरहन्थे। उनीहरूमा मेलमिलापको भावना पटक्कै थिएन । यस्तो स्थिति देखेर एकदिन बाबुले पाँचै छोरा-हरूलाई आफूकहाँ बोलाई अलग-अलग डोरीलाई चुँडाल्न दिए । प्रत्येक छोराहरूले त्यसलाई सजिलैसँग चुँडाले । त्यसपछि बाबुले पाँचैओटा डोरीलाई एकै ठाउँमा बेरी चुँडाल्नका लागि भने । सबै छोराहरूले पालैपालो त्यसलाई चुँडाल्न कोशिश गरे, तर चुँडाल्न सकेनन् । त्यस-पछि बाबुले भने– पहिले डोरी अलगअलग थियो। त्यसैले तिमीहरूले चुँडाल्न सक्यौ । तर अहिले डोरी एक भएर संगठित भएको छ, त्यसैले तिमीहरूले चुँडाल्न सकेनौ । डोरी जस्तै तिमीहरू पनि एक भएर संगठित भयौ भने कसैले केही गर्न सक्तैन । तर तिमीहरू अलगअलग रह्यौ भने डोरी जस्तै तिमीहरूलाई अरूले चुँडाल्न सक्दछ । त्यसैले संगठित हुनुपर्छ। संगठनमै बल हुन्छ भनी उनले छोराहरूलाई उपदेश दिए । छोराहरू पनि बाबुको उपदेश मानेर संगठित भए । यस दृष्टिबाट संगठनको स्थापना कुनै खास उद्देश्य पूर्तिको लागि हुने कुरामा कसैको दुइ मत हुन सक्दैन । मानिसको दैनिक आवश्यकता पूर्ति गर्ने काममा संगठनको ठूलो भूमिका रहेको हुन्छ । गाउँ-घरमा नून, तेल आदि नभई नहुने दैनिक आवश्यकता पूर्ति गर्न साझा संस्था वा यस्तै अरू कुनै संगठनको स्थापना भएमा जनतालाई सुविधा पुग्दछ भने विकास, निर्माणको साथै मनोरञ्जनको कार्य पनि संगठनको स्थापनाबाटै पूरा हुनसक्दछ ।

राजनीतिक, सामाजिक र आर्थिकपक्षहरूलाई सुदृढ गर्न तथा आफ्नो संस्कृति र परम्परालाई कायम राख्न पनि विभिन्न प्रकारका संगठनहरूको स्थापना भएको हुन्छ । हाम्रो देशका विभिन्न ठाउँहरूमा सञ्चालित गुठी पनि संगठनकै एक रूप हो । मर्दा, पर्दा र एक अर्कालाई मद्दत गर्नु पर्दा गुठियारहरूकै सहायता लिनुदिनु पर्दछ । यसरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संगठन मानिसको जीवनको एक अभिन्न अङ्ग जस्तै हुन-पुगेको छ ।

संगठनको प्रकार

संगठन दुइ प्रकारका हुन्छन्–

(१) स्थायी र

(२) अस्थायी ।

स्थायी संगठनले निरन्तर आफ्नो कार्य सञ्चालन गर्दै जान्छ र दिन प्रतिदिन नयाँ-नयाँ विचार र कार्यक्रमहरू प्रकाशमा ल्याउँछ । तर अस्थायी संगठन आफ्नो उद्देश्य पूरा भएपछि स्वतः समाप्त हुन्छ । यसको लक्ष्य सीमित हुन्छ । स्थायी संगठनको लक्ष्य भने असीमित हुन्छ । स्थायी संगठनको रूपमा हामी संयुक्त राष्ट्र संघलाई लिन सक्दछौं भने अस्थायी संगठनको रूपमा कुनै बाँध-पैनी वा बाटो निर्माणको लागि खडा भएको संगठनलाई लिन सक्दछौं ।

संगठनका लागि आवश्यक तत्त्वहरू

प्रत्येक संगठनमा केही कुराहरू अनिवार्य रूपमा ध्यान दिनु आवश्यक हुन्छ । ती हुन्- के, कहाँ, कसले, किन, कहिले, र कसरी गर्ने? यी कुरा निश्चित र निर्धारित रूपले तब मात्र गर्न सकिन्छ, जब संगठनका प्रत्येक व्यक्तिले समन्वयात्मक रूपमा उद्देश्य प्राप्तिको निम्ति उपयुक्त नीति र कार्यक्रमको तर्जुमा गरी अनुशासित रूपले सम्पन्न गर्दछ । त्यसैले कुनै पनि संगठनमा देहाय बमोजिमका तत्त्वहरू अनिवार्य रूपमा हुन्छन्–

(क) व्यक्ति

(ख) उद्देश्य

(ग) नीति र कार्यक्रम

(घ) अनुशासन

(क) व्यक्ति

व्यक्तिबिना कुनै पनि संगठन बन्न सक्दैन । अर्को अर्थमा भन्ने हो भने व्यक्तिको विकास-को लागि नै संगठनको जन्म भएको हुन्छ । स्कूलको स्थापना विद्यार्थीहरूकै निमित्त

हुन्छ । विद्यार्थी नै नभए स्कूलको कुनै अर्थ नै रहँदैन । त्यसैले व्यक्तिबिना संगठनको कल्पना पनि हुन सक्दैन ।

(ख) उद्देश्य

संगठनको स्थापना कुनै उद्देश्यपूर्ति गर्नाको लागि नै हुन्छ । त्यसैले कुनै ठोस उद्देश्य नभएको संगठन कायम रहन सक्दैन । त्यसै गरी कुनै-कुनै संगठन उद्देश्य पूरा भएपछि समाप्त पनि हुन्छन् । त्यसैले संगठनको स्थापनामा कुनै खास उद्देश्य किटान गरिएकै हुनुपर्दछ ।

(ग) नीति र कार्यक्रम

कुनै पनि संगठनको लक्ष्य हासिल गर्नुअघि त्यसको मूल नीति र कार्यक्रम तयार गरिनु पर्दछ । बिनामूलनीति र कार्यक्रम कुनै पनि संगठनको अस्तित्व सम्भव हुँदैन । तसर्थ संगठनको स्थापना गर्दा त्यसको नीति र कार्यक्रम जति स्पष्ट रूपमा देखाउन सकिन्छ उत्तिकै संगठनको उद्देश्य प्राप्तिको लागि सजिलो पर्दछ । यस्तो नीति तयार पार्दा भूत, वर्तमान र भविष्यका साथै सर्वोपरि दृष्टिले सबै दूरगामी कुराहरूमाथि पनि विचार गरिएको छ भने त्यसलाई दूरगामी मूलनीति (Strategy) र यसैभित्रको कार्यक्रम कार्यान्वयनमा लिइने व्यावहारिक पक्षको नीतिलाई व्यवहारिक रणनीति (Tactics) भनिन्छ । यी दुवै नीति र कार्यक्रमभित्र संगठनको नियम, विधान र त्यसको सञ्चालन-विधि पनि उल्लेख भएको हुनुपर्छ ।

(घ) अनुशासन

संगठनका प्रत्येक सदस्यले आ-आफ्नो भागमा पर्ने आएका काम र कर्तव्य हरहालतमा गरिछाड्ने अठोट लिनुपर्ने हुन्छ । यस्तो भित्री मनदेखि उठेको अठोटले मानिसको आचरण र व्यवहारलाई निर्देशित र मर्यादित तुल्याएको हुन्छ । यसैको अर्को नाम हो– अनुशासन । यसरी अनेक जीव-जीवात्माहरूको संगठन बारे विचार गर्दा हामी माहुरीको गोलालाई संगठन र अनुशासनको सबभन्दा राम्रो उदाहरणको रूपमा लिन सक्छौं ।

आफ्नो समूहको हित-रक्षा र आफ्नो जातिलाई निरन्तर कायम राख्न माहुरीले आफ्नो प्राणको आहुति दिन किञ्चित् पनि डर नमान्ने मात्र होइन, आत्म-बलिदान समेत गर्न पाएमा आफ्नो जीवनको सार्थकता भेट्टाउँछ । माहुरीमा रहेको अनुशासनको एउटा नमूनामाथि विचार गरौं । माहुरीले बच्चा जन्माउनुअघि आफ्नो गोलाको निम्ति आवश्यक रस र फूलको भोजनको राम्रो हिसाब-किताब गरेर मात्र रानी माहुरीद्वारा फुल पार्ने काम हुन्छ । फूल र रसको कमी भएको खण्डमा कम र बढी भएको खण्डमा

बढी फुल माहुरीले पार्छ । यसरी फूलको गणना र रसको स्थितिलाई हेरेर मात्र आफ्नो सन्तति जन्माउने काम माहुरीबाट हुन्छ । आफ्नो 'घाँटी हेरी हाड निल्नू' भन्ने उखानलाई नपढिकनै चरितार्थ गर्ने माहुरीको जातबाट संसारको सबभन्दा बाक्लो र घना आबादी भएको एशियाका विभिन्न देशहरूका मानव-परिवार तथा समाजले बुझिदिए विश्वको यस भेगको ठूलो सङ्कट टर्ने थियो । संक्षेपमा अनुशासनबिना मानिसको समूह एउटा संगठन नभएर यस्तो भीड हुन्छ, जहाँ मनपरीतन्त्र, अव्यवस्था र अतिवैयक्तिक प्रवृत्तिले समाजलाई नै विकृत तुल्याउँछ ।

उपर्युक्त कुराहरू संगठनका लागि नभई नहुने आवश्यक तत्त्व हुन् । यी चार कुराबिना संगठन विकसित हुनसक्दैन ।

संगठनको आवश्यकता

अब आउँ संगठनको आवश्यकता किन र कसलाई पर्छ ? यस सम्बन्धमा हामी विचार गरौं ।

प्राचीन समयदेखि नै संगठनको आवश्यकतालाई लिएर विभिन्न विचारहरू प्रकट हुँदै आएका छन् । तर पनि सबैको मूल लक्ष्य र निचोड एउटै देखिएको छ—त्यो हो संगठन । यसरी मानिसको इच्छा र आकांक्षाको परिपूर्तिको लागि संगठनको आवश्यकता पर्दछ ।

खास गरी संगठनको आवश्यकता पर्ने मुख्य कारण निम्नि लिखित छन्—

(क) आवश्यकता पूरा गर्न,
(ख) परस्पर सहयोग र सद्भाव कायम राख्न,
(ग) सुरक्षाको व्यवस्था गर्न,
(घ) आपनो हित र अधिकारको संरक्षण गर्न,
(ङ) आपनो र समुदायको विकास गर्न र
(च) नयाँ विचारको सृजना गर्न ।

(क) आवश्यकता पूरा गर्न

कुनै पनि व्यक्तिले एक्लै कुनै काम पूरा गर्नसक्दैन । उसका इच्छा र आकांक्षाहरू असीमित हुन्छन् । यस्ता असीमित इच्छा र आकांक्षा पूरा गर्न संगठनको आवश्यकता पर्दछ ।

(ख) परस्पर सहयोग र सद्भाव कायम राख्न

प्रत्येक व्यक्ति समाजमा रहन्छ । समाजमा रहँदा बस्दा उसलाई अरूको सहयोग र सद्भावको आवश्यकता पर्दछ । यसैले सृष्टिको शुरूदेखि नै परस्पर सहयोग र सद्भाव कायम राख्न मानिसले अथक प्रयत्न गर्दै आएको हो । यस्ता प्रयत्नलाई साकार गराउने माध्यम संगठन नै हो । संगठनबिना यो सम्भव हुँदैन ।

(ग) सुरक्षाको व्यवस्था गर्न

मानिसहरू आफ्नो र आफ्ना परिवारको सुरक्षा गर्न चाहन्छन् । समाजमा रहँदा बस्दा उसलाई अरूको सहयोग चाहिन्छ । यो नै सुरक्षाको पहिलो खुड्किलो हो । जबसम्म मानिसले आफ्नो सुरक्षालाई ढुक्क भएर देख्दैन, तबसम्म कुनै पनि ठाउँमा ऊ बस्न र रहन चाहँदैन । यसैले गर्दा मानिसले संगठन खडा गर्छ । वास्तवमा राष्ट्र भन्नु संगठनकै विकसित रूप हो ।.

(घ) आफ्नो हित र अधिकारको संरक्षण गर्न

प्रत्येक व्यक्तिले आफ्नो राष्ट्रबाट केही अधिकारहरू पाएको हुन्छ । त्यस बाहेक आफ्नो हितको संरक्षण गर्न उसलाई संगठनको आवश्यकता पर्दछ । संगठनले नै मानिसको भौतिक, सामाजिक, आर्थिक र राजनीतिक अधिकारको संरक्षण गर्दछ ।

(ङ) आफ्नो र समुदायको विकास गर्न

मानिसलाई आफ्नो र आफ्ना समुदायको विकास गर्न संगठनको आवश्यकता पर्दछ । मजदूर संगठनले मजदूर समुदायको विकासमा जसरी ध्यान दिन सक्दछ, त्यसरी किसान संगठनले मजदूरको विकास काममा ध्यान दिन सक्दैन । यसरी विभिन्न संगठनमा विभिन्न सम्बद्ध व्यक्तिहरूको उपस्थितिबाट मात्र प्रत्येक व्यक्तिको आफ्नो र समुदायको विकासमा बढी योगदान मिल्न जान्छ ।

(च) नयाँ विचारको सृजना गर्न

संगठनको अर्को उपलब्धि नयाँ विचारको सृजना पनि हो । विभिन्न व्यक्तिहरू मिलेर बनेको संगठनका प्रत्येक कुराहरूमा विचार-विमर्श भई नयाँ-नयाँ विचारको सृजना हुन जान्छ । जहाँ समस्या आइपर्छ, त्यहाँ त्यसलाई हल गर्ने उपाय र विधि पनि आवश्यक हुन्छ । संगठनभित्र छलफल र विचार-विमर्श गर्दा नयाँ युक्ति र विचार पत्तो लाग्ने सम्भावना हुन्छ । यिनै कुराहरूले गर्दा मानिसलाई संगठनको आवश्यकता परेको हो । हाम्रो देशमा विभिन्न वर्ग र समुदायको हित र अधिकारको संरक्षण गर्न विभिन्न संघ, संस्था र संगठनहरूको स्थापना गरिएका मुख्य कारण यिनै हुन् ।

अभ्यास

१. "संगठन नै बल हो" यो कथनलाई व्याख्या गर्नुहोस् ।

२. "एकसरो धागो चुँडाल्न सकिन्छ तर धागो-धागो बाटिएर बनेको डोरी चुँडाल्न सकिदैन" यो उदाहरणबाट के उपदेश पाइन्छ ? भन्नुहोस् ।

३. संगठन भनेको के हो ? आफ्नो शब्दमा छोटकरीमा लेख्नुहोस् ।

४. संगठन कति प्रकारका हुन्छन् ? नाम भन्नुहोस् ।

५. संगठनका लागि चाहिने आवश्यक तत्त्वहरू के के हुन् ? लेख्नुहोस् ।

६. संगठनको उद्देश्य किटान हुनु किन आवश्यक हुन्छ ? भन्नुहोस् ।

७. संगठनको लागि अनुशासन किन चाहिन्छ ? आफ्नो शब्दमा लेख्नुहोस् ।

८. मानिसलाई संगठनको आवश्यकता किन पर्दछ ? खुलस्त गरी लेख्नुहोस् ।

९. तपाईंलाई थाहा भएका संघ संस्था वा संगठनहरूको नामावली तयार पार्नुहोस् ।

१०. ती संघ संस्था वा संगठनमध्ये एउटाको कार्यक्रम बयान गर्नुहोस् ।

नागरिक र नागरिकता

परिचय

मानव जातिको इतिहासमा हामी केही सभ्यताका ठूलाठूला केन्द्रहरू बारे बराबर पढ्छौं। टाइग्रिस र इयुफ्रिटिज (Tigris and Euphrates) नदीको किनारमा उभिएको मेसोपोटामियाको सभ्यता, नाईल नदीका तटमा खडा हुन पुगेको मिस्री सभ्यता, सिन्धु नदीको किनारमा विकसित मोहनजोद्डो, हरप्पा र तक्षशिलाको सभ्यताका साथै याङसी, व्हाङहो र सीक्याङ (Yangtze, Hwang–Ho, Si–Kiang) नदीहरूको हाराहारी फुलेको चीनिया सभ्यताको विषयमा पनि हामी बराबर सुन्छौं।

यसरी प्राचीन सभ्यताका केन्द्र बिन्दुहरू नदीको किनार वा मुहान अथवा समुद्रका तटमा विकसित हुँदै आएको देखिन्छ। अझै गहिरिएर विचार गर्ने हो भने मानव सभ्यताको विकास ती ठाउँहरूमा विशेष रूपले भएको देखिन्छ, जहाँ जल, थल, आकाश र वायुको उत्कृष्ट संगम बन्न पुगेको हुन्छ। मलिलो माटो, स्वच्छ र प्रशस्त जलका साथै स्वास्थ्यकर हावापानीले सभ्यतालाई हुर्काउँछ र फुलाउँछ। यस्तो थलो विश्वमा भूमध्यसागरको चारैतिर र विशेष गरी त्यसको उत्तरी पाखामा रहेको एड्रियाटिक (Adriatic) र एजियन (Aegean) समुद्र किनारमा पर्छ। प्राचीन ग्रीस र रोमको सभ्यता यसैको परिणाम हो। हुन त मध्यपूर्वको फारसी सभ्यताको साथै अरब जातिहरूको सभ्यता पनि कम महत्त्वको होइन, तापनि आधुनिक सभ्यताको विकासमा, खास गरी युरोपेली र अमेरेकाली सभ्यताको विकासमा ग्रीसेली र रोमनेली सभ्यताले निकै महत्त्वपूर्ण ठाउँ ओगटेको छ। यसमा पनि ग्रीस, टर्की, र तिनीहरूको पनि पुर्ख्यौली मिश्रको हाराहारी क्षेत्रहरूमा सभ्यताका केन्द्रका रूपमा निकै राम्रा-राम्रा नगरहरूको स्थापना हुन पुगेको थियो। यस्ता धेरै नगरहरू स्वशासित र स्वतन्त्र नगरको रूपमा यत्रतत्र विभिन्न टापूहरूमा समेत विकसित भएका थिए। यिनलाई ल्याटिन भाषामा Civitas वा Civitat भनिन्थ्यो भने त्यस्ता राज्यहरूलाई Civitatis र त्यहाँका बासिन्दालाई Civis भनिने गर्थ्यो। यही Civis भन्ने शब्दबाट अंग्रेजी

भाषामा Civil, Civilisation, Citizen जस्ता शब्दहरूको उत्पत्ति भएको हो । हाम्रो नेपाली भाषामा पनि हामीले नगरबाट नागरिक बनाएका छौं, तर Civilisation को अर्थ जनाउने शब्द भने नेपाली भाषामा अर्कै छ, त्यो हो– सभ्यता । सभ्य, Civis र Civilisation भन्ने शब्दहरूमा निकै समानता रहेको छ । वास्तवमा नागरिक भन्नाले कुनै जन्मजात वा नगर राज्यमा बस्ने यस्तो अङ्गीकृत व्यक्तिलाई जनाउँछ, जसले राज्यप्रति बफादार हुनुको साथै राज्यबाट संरक्षण र आवश्यक परेमा राज्य सञ्चालनको निम्ति आफ्नो मत खसाल्न सक्ने अधिकार समेत प्राप्त गरेको हुन्छ । त्यति बेला आजको जस्तो व्यापक राज्य–सञ्चालनको व्यवस्था थिएन । नगर क्षेत्रभित्र बसोबास गर्ने दासदासी र विदेशीहरू बाहेक सबै व्यक्तिहरूलाई नागरिक भनिन्थ्यो ।

आधुनिक ग्रीसलाई त्यति बेला एट्टिका (Attica) भनिन्थ्यो भने त्यसका छर–छिमेकमा यस्ता अनेक नगर राज्यहरू थिए, जसमध्ये मेसेडोनिया (Mecedonia), कोरिन्थ (Corinth), ओलम्पिया (Olympia), एथेन्स (Athens), थीब्ज (Thebes), डेल्फी (Delphi), र स्पार्टा (Sparta) विभिन्न कारणवश प्रख्यात थिए । यी नगरका बासिन्दाहरूले आफ्नो शहर राज्यलाई Metro–Polis भन्थे । Metro–Polis दुइ भिन्न शब्दले बनेको संयुक्त शब्द हो । Metro को अर्थ हो मातृ अर्थात् आमा । Polis को अर्थ संस्कृतको पुरसँग पच्चीसै आना मिल्छ । वास्तवमा यही Polis भन्ने शब्दबाट Polity राज्य–व्यवस्था, Politics र Police भन्ने शब्द जन्मेका हुन् । हामीले मातृभूमि भने झैं यिनीहरू पनि आफ्नो नगरीलाई मातृ–पुर भनेर ज्यादै ममता, स्नेह र भक्ति देखाउँथे । यस्तो नगर राज्य योजनाबद्ध विकास र सौन्दर्यको अनुपम नमूना नै हुन्थ्यो । ग्रीसको



एथेन्सको
एक्रोपोलिस
नगरको एक भाग

एउटा नगर राज्य एथेन्सको एक्रोपोलिस (Acropolis) लाई नै लिऊँ । शहरको सबैभन्दा माथिल्लो भागमा पार्थेनन (Parthenon) भन्ने हाम्री सरस्वती जस्तै कुमारीको मन्दिर भव्य रूपमा त्यहाँ खडा हुन्थ्यो भने त्यसको नजीकै वास्तुकला र मूर्तिकलाले झकिझकाउ भएको एक विशाल किल्लाले घेरिएको एक भव्य राजप्रासादले आफ्नो नगरको गौरव र शोभालाई प्रदर्शन गर्थ्यो । उसको नजीकैको एक पाखोमा सैनिक गारदले सुरक्षाको महत्त्व जनाउँथ्यो भने अर्को भिरालो पाखोमा त्यही एक्रोपोलिसको तलतिर खुला आकाशमुनि प्राकृतिक ढिस्कोमा नगरका सबै बासिन्दाहरूले आनन्दसाथ बसी हेर्ने, सुन्न सक्ने रङ्गशाला, काव्य तथा नाचघरहरू (Stadium, Odeum, Colosseum र Amphitheatre) ले त्यस नगरीलाई

प्राचीन
एम्पिथिएटरको
भित्री भाग



भग्न
कलोसियमको
एक दृश्य

शोभायमान पारेको हुन्थ्यो । तल्लो मैदानी भागमा एगोरा (Agora) भनिने शानदार बजारको केन्द्र समुद्रको किनारसम्म फैलिएको हुन्थ्यो । सीधा एक कुनाबाट अर्को कुनासम्म नदी जस्तै बगेका सडकहरूले यस नगरीको विशालता देखाउँथ्यो भने सडकका दायाँबायाँका ठूल-ठूला रूखहरूले सडकको सौन्दर्यलाई झनै मनमोहक बनाएको हुन्थ्यो । नगरवासीहरूको सुस्वास्थ्यको लागि लगभग प्रत्येक वडामा व्यायामशाला (Gymnasium) रहन्थ्यो भने स्वच्छताको निम्ति सार्वजनिक स्नानागार र शौचालय पनि हुन्थे । शहरको भित्रभित्र जमिनमुनि शरीरभित्रको आन्द्राभुँडी झैं ठूलठूला ढल-निकासहरू (Sewerage) बनाइएका हुन्थे, जसबाट सडक वा कतै पनि फोहरमैला देख्न पाइन्नथ्यो । यस्तै उनीहरूले एकातिर आफ्नो इतिहासलाई दर्शाउने संग्रहालय (Museum) राखेका हुन्थे भने कतिपय ठाउँहरूमा संगीतशाला (Conservatorium) पनि बनाएका हुन्थे । त्यस्तै एक वडा र अर्को वडा, एक टोल र अर्को टोल जोडिने ठाउँमा अत्यन्त राम्रो सार्वजनिक पार्क, बगैंचा र रूखका सुन्दर छहारीहरू खडा गरी स्वच्छता, सुन्दरता र पवित्रताका प्रतीकहरू प्रस्तुत गर्थे । साँच्चै भन्ने हो भने नगरभित्र बसोबास गर्ने प्रत्येक बासिन्दाहरूको शारीरिक, बौद्धिक र आध्यात्मिक सन्तुष्टिका साथै सौन्दर्य र मनोरञ्जनको निम्ति आवश्यक पर्ने सबै सुविधाहरूको व्यवस्था नगर राज्यमा गरिएको हुन्थ्यो । यसैले उनीहरू आफ्नो नगरीलाई आमा समान ममता राख्दै आफ्नो समुदायका प्रत्येक विकास कार्यक्रमहरूमा व्यस्त रहन्थे ।

नगरका बासिन्दाहरूको सुख, सुविधा, न्यायनिसाफ तथा दैनिक जीवनका समस्या समाधान गर्ने नियम, कानून बनाउने र बाह्य आक्रमणको समयमा युद्ध गर्ने परिपाटी एवं आफ्नो निम्ति प्रत्येक दिनको शासन चलाउने सम्बन्धमा नगरका बासिन्दाहरू एकै ठाउँमा भेला भई छलफल-द्वारा निर्णय गर्दथे । यसरी नगरको रूपमा रहेको स्वतन्त्र र सार्वभौमसत्तासम्पन्न राज्यको

शासनको बागडोरदेखि लिएर प्रत्येक काम कारवाईमा कानून बनाउने, नीति निर्धारण गर्ने र कार्यक्रम तर्जुमा गरी दैनिक शासन चलाउन निर्णय लिने अधिकारलाई नागरिकता भनिन्छ ।

मानवजातिको सभ्यताको विकासको क्रममा हामीले कसरी नगर राज्यबाट नागरिकता र नागरिकको विकास भयो भन्ने कुरा बुझ्यौं । अब हामी कुनै देशको नागरिक बारे राम्ररी विचार गरौं । एक सर्वसाधारण नेपाली नागरिकलाई नै लिऊँ । पहिले उसको वेश-भूषामा विचार गरौं । नेपालीले लाउने सुरुवाल मुगल वेश-भूषाको अलि टाढाको सलवारको नक्कल हुनसक्छ। उसको तना बाँध्ने दौरा शायद राजपुतानाको एक जमानाको वेश-भूषाको नक्कल हुनसक्छ । यी दुइओटा मिलाएर हामीले मयलपोस बनायौं भने शायद टर्कीबाट उत्पत्ति भएको टोपीलाई आफू सुहाउँदो काटछाँट गरी आफ्नो शिरमा लगायौं । अनि यस लवाइमाथि बेलायत वा फ्रान्स वा भनौं युरोपेली ज्याकेटलाई कोटको रूपमा थपी एक अर्को नेपालीपन जोड्यौं । यस तस्वीर-लाई मूर्त रूप दिन हामीले ठाउँ-ठाउँबाट मोजा र जुत्ता पनि लगाई नक्कल गरयौं । यसरी नेपाली पोशाकलाई विशुद्ध रूपमा हेर्ने हो भने यसमा आफ्नोपन संभवतः छैन । तर माहुरीले विभिन्न फूलहरूबाट रस बटुली महको चाका बनाए झैं हामीले पनि आफूलाई मिल्ने गरी भिन्न-भिन्न वेश-भूषालाई अपनाउँदै आफ्नो बनायौं । साथै आफ्नो वेश-भूषालाई मौलिक रूप दिई नेपालीपनमा ढाल्यौं । यसरी विभिन्न वस्तुहरूलाई आफूमा समाहित गर्ने प्रवृत्ति कुनै जाति वा राज्यको आफ्नो मौलिकता र विशेषता हो । यसैमा उसको आफ्नोपन र विशिष्टता लुकेको हुन्छ र यसैबाट राष्ट्रिय संस्कृतिको उत्पत्ति हुन्छ ।

यसप्रकार भिन्नभिन्न ठाउँहरूको वस्तुलाई जोडने संगम थलो प्राचीन इतिहासमा नगर राज्य हुने गर्थ्यो। किनकि नगर नै एक यस्तो थलो थियो, जहाँ विभिन्न गाउँगाउँका मानिस-हरू भेला भई एक अर्काका वस्तु-भाउ, विचार-व्यवहार आदिको आदानप्रदान गर्दथे, एक अर्काको कुरा सुन्दथे, चीजबीज बारे बुझ्दथे र परस्परका विचारहरूबाट नयाँ कुराहरू सिक्ने मौका प्राप्त गर्थे । भिन्न-भिन्न व्यक्तिहरूको बेग्लाबेग्लै खालका विचार, आचार, चीजबीज र वेशभूषालाई आफूमा समावेश गरी आफ्नो सभ्यता फुलाउने मौका नगरवासी नागरिकले पाउने गरेकोले पनि मानव-सभ्यता र नगरको बीचमा एक अकाट्य सम्बन्ध हुन पुगेको हो ।

नगर राज्यबाट नागरिकता, नागरिक र नागरिक शास्त्रको मात्र जन्म भएको होइन, सभ्य-ताको मूल थलो नै नगर भएकोले यसको महत्त्व राम्ररी बुझ्नका लागि यहाँ सविस्तार वृत्तान्त दिइने चेष्टा गरिएको हो ।

विश्वमा दिनपर दिन भैरहेको परिवर्तन वैज्ञानिक विकासको कारणले गर्दा सानासाना राज्यहरू क्रमशः विलीन हुँदै गए र विशाल राज्यको स्थापना यत्रतत्र हुन थाल्यो । यस कुराको

प्रमाण हाम्रो देशमा पनि पाइन्छ । वि. सं. को उन्नाईसौं शताब्दीको शुरूमा नेपाल अधिराज्यमा बाईसी, चौबीसी अनेकौं राज्यहरू कायम रहेका थिए । काठमाडौं उपत्यकामा मात्र तीन राज्य-हरू (काठमाडौं, भक्तपुर र ललितपुर) थिए । वि. सं. १८२५ मा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले यस्ता सानातिना सबै राज्यहरूलाई मिलाई विशाल नेपाल अधिराज्यको स्थापना गर्ने कामको थालनी गरिबक्सेको हो ।

वर्तमान समयमा एउटा राज्यको सीमाभित्र बसोबास गर्ने प्रत्येक व्यक्तिलाई त्यस राज्यको नागरिक भनिन्छ । प्राचीन समयमा जस्तो दास-दासीलाई नागरिक नमान्ने प्रचलन पनि लोप हुँदै गयो । तर कुनै एक देशको व्यक्ति अर्को देशमा जाँदैमा त्यो देशको नागरिक भने हुन नसक्ने व्यवस्था प्रत्येक राज्यमा गरिएको हुन्छ । प्रत्येक राज्यले आफ्नो देशको नागरिक हुनको लागि केही शर्त राखेको हुन्छ, जसलाई पूरा गरेपछि मात्र उसलाई त्यो देशले आफ्नो देशको नागरिक मान्दछ ।

असल नागरिकका गुणहरू

नानी हो ! कल्पना गर्नोस् ! तपाईंको परीक्षाको समय ज्यादै नजीक आएको छ । तपाईं एकाग्रचित्तले आफ्नो अध्ययनमा ध्यानमग्न हुन चाहनुहुन्छ । तर दुर्भाग्यवश तपाईंका एक जना छिमेकी यस्ता छन्, जसले ठूलोठूलो स्वरमा रेडियो घन्काई अरूलाई बाधा पुऱ्याइरहेका छन् । अब अध्ययनशील तपाईं जस्तालाई कति गाह्रो साँगुरो परयो– आफैं विचार गर्नुहोस् । छटपटाउँदै तपाईं यस्तो छिमेकीको चाहना गर्न पुग्नुहुन्छ, जसले अरू कसैलाई बाधा नपारी सानो स्वरमा आफ्नो निम्ति मात्र रेडियो बजाओस् । आफ्नो स्वार्थ मात्र होइन, पराइको सुख सुविधामा ध्यान पुऱ्याउनु पनि नागरिक शास्त्रको पहिलो पाठ हो र असल नागरिकको निम्त्ति नभई नहुने सर्वोपरि गुण हो । जसले अरूको मर्का बुझ्दैन, अरूको स्वार्थ र सुविधालाई धक्का मात्र पुऱ्याउन खोज्दछ, त्यो असल नागरिक कदापि हुनसक्दैन । कुनै व्यक्ति असल नागरिक हो होइन भन्ने मापदण्ड एउटै मात्र हुनसक्दछ । त्यो हो–जसले अरूको उचित हित, चाहना र मर्कालाई बुझेर त्यसलाई धक्का पुऱ्याउन कुनै अवाञ्छित व्यवहार र आचरण गर्दैन ।

अब समाजमा हुने दुइ चार घटनाहरूको पनि विवेचना गरौं । तपाईं कतै बसबाट जान हतारमा हुनुहुन्छ, त्यस्तै अरू कैयौं यात्रीहरू पनि । तपाईंहरू पंक्तिबद्ध रूपमा खडा हुनुहुन्छ । एउटा मोटो, बलियो मानिस अकस्मात आई बीचैमा अरूलाई उछिनेर अगाडि बसभित्र पस्न खोज्छ । त्यो मोटो बलियो मानिस खराब नागरिकको उदाहरण हो भने बसभित्र टनाटनसित भरिएका बेलामा कुनै बृद्ध, बालक, अशक्त वा कमजोर व्यक्तिका लागि आफूले बसेको सिट छाडी जसले बसाउँछ, ऊ नै असल नागरिकको राम्रो उदाहरण हो ।

यस्तै कुनै ठूलो मेला-पर्वको बेलामा कुनै मन्दिरमा दर्शनको निम्ति मानिसहरूको ठूलो घुईंचो लागेको छ। त्यसैले केही मानिस मिलेर पंक्तिबद्ध रूपमा खडा हुन्छन् । पालैपालो एकएक जना गरी लाममा बस्नेहरूले देवीदेवताको दर्शन गर्न पाउँदछन् । यत्तिकैमा एक जना ठूलो बलियो मानिस आई त्यो पंक्तिलाई तोड्छ र जबर्जस्ती अरूलाई पन्छाएर वा धकेलेर मन्दिरभित्र पस्ने मात्र होइन, घण्टौंसम्म देवताका सामुन्ने पूजा वा पाठ गर्दछ। के यस्तो व्यक्ति भद्र नागरिक मानिन्छ ? उसलाई लाममा उभिने प्रत्येक व्यक्तिले त्यस्तै व्यवहार गरे भने उसले वा अरूले दर्शनको निमित्त आफ्नो पालो भेट्टाउलान् ? यसरी हरेक काममा ढीला सुस्ती गर्ने, अरूको समय खेर फाल्ने, अरूको पालो मिच्ने, कानको जाली फुट्ने गरी हर्न बजाउने र संक्षेपमा अरूको हितलाई बेवास्ता गर्ने मानिस सामाजिक संस्कृतिको दृष्टिकोणले खराब नै मानिन्छ ।

त्यसै गरी धारामा पानी भर्न जाँदा अरूको पालोमा आफ्नो मात्र गाग्री भर्न खोज्ने, सो गर्न नदिए झगडा गर्न तम्सने व्यक्ति असल नागरिक होइन। त्यो त झगडालु तत्त्वमा गनिन्छ । तर यसभन्दा पनि खराब व्यक्ति ती हुन्, जो आफूलाई चाहिने पानी लिइसकेपछि धारो खुलै राखी पानी छाडेको छाड्यै गर्दछन् । यस्ता व्यक्तिहरू अरूको हितलाई मात्र हानि पुर्‍याउने होइनन्, अन्ततोगत्वा आफ्नो हितलाई समेत हानि पुर्‍याउने समाज विरोधी तत्त्व हुन् । यसरी समाज विरोधी व्यक्ति ती पनि हुन्, जो पानी पँधेराका छेउछाउका रूखहरू काटी मास्छन्, जङ्गलभित्र बास बस्दा वा वनभोज गर्दा रूखपातलाई डढेलो लगाउँछन्, नदीमा दिसापिसाब र फोहोरमैला गर्छन् वा बाटामा हिंड्ने बटुवाहरूको कुनै वास्ता नगरी फोहोर कसिङ्गर झ्यालबाट फाल्दछन् ।

बाटोमा उज्यालो पार्न राखिएका चिम फुटाली हिंड्ने, टेलिफोन र बिजुलीका तारहरू चोरी गर्न तम्सने, बाटाको छेउछाउलाई शौचालय बनाउने, आफ्नो गाई-वस्तुलाई छाडा गरी अरूको खेतबारी मास्ने, छरछिमेकी र अरूको बारीका फलफूल चोर्ने, मन्दिरहरू फोहोर पार्ने, मूर्ति चोरी गर्ने, घूसखोरी, भ्रष्टाचार र अनैतिक काम गर्ने, मादक पदार्थ सेवन गरी मनपरी सवारी हाँक्ने आदि केही यस्ता समाज विरोधी कामका नमूना हुन्, जसले देशलाई अधोगतितिर लान्छ । यस्तै डरलाग्दा काम हुन्– चोरी कस्तुरी मार्ने, गैंडाको खाग चोर्ने, तस्करी व्यापार गर्ने, निषिद्ध क्षेत्रभित्र शिकार गर्ने अनि अवैध रूपले वन फँडानी गरी देशको प्राकृतिक संतुलन-लाई सधैंका निम्ति बिगार्ने । यस्ता कामहरू राष्ट्रघातक कार्य हुन् र यस्ता कारवाईको रोकथाम गर्नु असल नागरिकको कर्तव्य र गुण हो।

तर सबैभन्दा ठूलो देशद्रोहको काम हो– देशको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता र राष्ट्रिय एकतालाई कुनै पनि किसिमले कुठाराघात गर्नु। साम्प्रदायिकतालाई बढावा

दिनु, राष्ट्रिय एकतामा धक्का पुग्ने गरी जातीयताको भावलाई बढावा दिनु, मातृभूमिलाई टुक्राघाउने काम गर्नु र आफ्नो राष्ट्रिय हितलाई छोडेर अरू राष्ट्रको हितलाई मात्र प्रश्रय दिनु समाज घातक काम हुन्। स्वदेशको प्रतिरक्षा र आन्तरिक सुरक्षा सम्बन्धी गोप्य कुरा वा भेद विदेशीहरूसित खोल्नु, स्वदेशको हितलाई चटक्क बिर्सेर विदेशी भावना, सिद्धान्त र नीतिको अन्धानुकरण गर्नु, वन-जङ्गल, नदी-नाला, पहाड-पर्वत जस्ता प्राकृतिक सम्पदाका साथै सीमा इलाकाको आफ्नो भूमिलाई विदेशीको पञ्जामा पार्नु, विदेशीकै हा-हा र लहैलहैमा लाग्नु, त्यस्तै देश, नरेश र जनविरोधी हुनु सबै राष्ट्रघातक काम हुन्। यसरी राष्ट्रघाती काम कारवाईको घोर विरोध गर्नु असल नागरिकको गुण हो, कर्तव्य हो।

असल नागरिकले देश र समाजको उत्थान र हितका लागि आफ्नो विकासको बाटो भेट्टाएको हुन्छ। यो नै असल नागरिकको सर्वोच्च गुण हो। एउटा उदाहरण लिऊँ। देशलाई राम्रो पार्न कैयौं नागरिकहरू मिलेर सार्वजनिक पार्क र बगैंचाको निर्माण गर्छन्। यो बगैंचा र पार्क कुनै व्यक्तिको नभएर सबैको हो– देश र समाजको। क्षणभरका लागि कल्पना गरौं– यस्तो साझा बगैंचालाई हामी सबै मिलेर एक सुन्दर ढाँचामा विभिन्न डघाङ, तह, चउर, वृक्ष र लताहरूको साथै विभिन्न रङ्ग र जातका फूलहरूलाई सुनियोजित ढङ्गले उमारी राम्रा आकार-हरूमा सजाई खडा गरयौं। अनि हामीले यसको संरक्षण र संवर्द्धनको लागि एक योजना र कार्यक्रम बनायौं। यो बगैंचा सबैको साझा भएको हुनाले यसको हेरचाह गर्नु हामी सबैले आफ्नो कर्तव्य ठान्यौं। अनि हामी सबैले मिलेर यस बगैंचाका विभिन्न स्थलहरूमा सूचना पाटी राख्यौं। यो सूचना पाटीमा कुन-कुन समयमा के कति पानी फूलको बिरुवामा दिनु पर्छ र तोकिएको समयमा हामी मध्ये जो कोहीले पनि त्यो काम गर्नेदेखि लिएर फूल गोड्ने, मलजल दिने, फुलेको फूल नटिप्ने, फोहोरमैला नगर्ने र हरियो चउरको दुबो नमासी सुरक्षित राख्ने भन्ने कुराहरू समेत उल्लेख गरी त्यसको अनुसरण गरयौं भने त्यो फूलबारी कति राम्रो होला! यसै गरी हामीले बगैंचाका ठाउँठाउँमा विभिन्न जातका रूख-बुटयानहरूलाई विभिन्न आकारमा काटी सजाउने, स-साना जलाशयहरू बनाउने, वर्षायाममा ओत लाग्न आवश्यक छहारीको व्यवस्था गर्ने, कतै ढुङ्गाको आकर्षक नमूना बनाउने त कतै घुम्ती बाटो, कतै पानी बग्ने झरना त कतै स-साना पुल, अनि कतै पोखरीका तरङ्गहरूसित लुकामारी खेलेका रङ्गीबिरङ्गी स-साना माछा-हरू पाले सो बगैंचा कति मनमोहक होला! अनि यसमा नजीकैको नदी वा झरनाबाट बिजुली निकाली हजारौं तारा जस्तै टिलपिल बल्ने बिजुलीका बत्तीले सजाउन पाए अझ कति रमणीय होला! वास्तवमा संसारको सबभन्दा रामो हिमाली श्रृंखलाको छहारीमा सृजना भएको शान्त रमणीय हाम्रो देश एउटा प्राकृतिक बगैंचा नै हो, जसलाई हामी देवभूमि पनि भन्छौं। यस्तै बगैंचाको परिकल्पना गरी त्यसलाई चार जात छत्तीस वर्णका फूलहरूले सिंगार्ने आकांक्षा राखिबक्सी राष्ट्र निर्माता श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट हुकुम भएको हो–

"मेरा साना दुःखले आर्ज्याको मुलुक होइन, चार जात छत्तीस वर्णको फूलबारी हो, सबैलाई चेतना भया ।"

नेपाल र नेपाली भन्ने भावनाको श्रीगणेश गर्ने राष्ट्र-निर्माता श्री ५ बडामहाराजाधिराजको यो परिकल्पना अनुरूप आजको नेपालरूपी बगैंचालाई हामीले अद्वितीय बनाई सिंगार्नु परेको छ । यसको निम्ति हामीले आफ्नो वनसम्पदा र प्राकृतिक वातावरणको रक्षा गर्दै हाम्रा नदी-नालाहरूबाट बिजुली निकाली कृषि, वन, ढुङ्गा, खनिज पदार्थ र हाम्रो प्राकृतिक साधनमा आधारित अनेक उद्योगहरूको स्थापना गर्नु परेको छ । अनि यो सुन्दर देशलाई फोहोर, मैला, दुर्गन्ध र नारकीय बनाउने प्रवृत्तिहरूबाट बचाई स्वर्ग समान बनाउनु परेको छ ।

वास्तवमा कुनै पनि मानव समुदायको सभ्यता र संस्कृतिको तह नाप्ने मापदण्ड एउटै मात्र हुन्छ । जुन समाजमा व्यक्तिले समुदायको हितमा आफ्नो हित देख्छ, सामाजिक स्वार्थमा आफ्नो स्वार्थ भेट्टाउँछ , त्यो समाजको संस्कृति र सभ्यताको स्तर उच्च कोटिको मानिन्छ । त्यसैले हामी पनि ज्यादै वैयक्तिक, स्वार्थी र अहङ्कारी नबनी समुदायको कल्याणमा आफ्नो पनि कल्याण हुन्छ भन्ने कुरा बुझ्न राम्रै गरी समर्थ हुनु परेको छ ।

नेपाली इतिहासको स्वर्णिम युगमा हाम्रो समाज के कस्तो थियो, के कति कारणले त्यसलाई सुनौलो युग भनिन्छ र हामी त्यस गौरवशाली युगलाई फेरि ल्याउन सक्छौं वा सक्दैनौं भन्ने कुरा बारे विचार गर्नु पनि असल नागरिकको कर्तव्य हुन आउँछ । नेपालको ऐतिहासिक सुनौलो

यस[illegible], काष्ठकला, धातुकला र चित्रकला आदिको विकास [illegible]ाजका प्रत्येक परिवार र व्यक्तिहरूले जनसाधारण सबैको [illegible]त्मक मन्दिर, पाटी-पौवा, विहार र स्तूपहरूको साथै स्वच्छ स[illegible] पनि सुव्यवस्था गरेका थिए। यसै गरी प्रत्येक गाउँ र नगरका बासिन्दा-हरू[illegible] मिलेर वन-जङ्गलको सुरक्षाको सुप्रबन्ध मिलाएका हुन्थे ।

वास्तवमा हाम्रो धर्ममा स्वच्छ जलको अत्यन्त ठूलो महत्व रहेको छ। जलले स्वच्छता प्रदान गर्ने मात्र होइन, जलबाटै जीवनको उत्पत्ति र संरक्षण पनि भएको हुन्छ। यसैकारणले होला हामी हाम्रो धर्मअनुसार बर, पिपल र शमीका रुखहरू मात्र रोप्दैनौं, उनीहरूको बिहेबारी समेत गरिदिन्छौं । त्यसैगरी आँप, अमला, केरा र बाँसहरू नभई हाम्रो पूजाआजा पनि चल्दैन । वास्तवमा प्रत्येक रुखका झाडीले केही थोपाहरूको भएपनि सानो जलाशयको काम गरेको हुन्छ। संक्षेपमा, बोट-वृक्षको महत्त्व नेपालको भूगोलमा अरू देशकोभन्दा बढी छ । रुख झारपातले हाम्रो निम्ति जल सञ्चय मात्र होइन, हाम्रो प्राकृतिक वातावरणलाई नै स्वच्छ सुरक्षित राख्दै हामी र अन्य जीवात्माहरू समेतलाई जल, मल, र जीवन नै प्रदान गर्दछ। रूख र वनस्पतिबाटै हामीले एकातिर आफू बाँच्ने आधार अक्सिजन नामक हावा पाउँछौं, यिनैबाट हामीले भोजन र लुगा पाउँछौं र यिनैको संग्रहबाट जीवन धान्न नभै नहुने स्वच्छ जल पाउँछौं। त्यसैले हामीले बितेको सुनौलो युगको मात्र होइन, भावी सुनौलो युगमा पनि विश्वास लिने हो भने नेपालको भूक्षयलाई रोकी नेपाललाई वनस्पतिको स्वर्ग बनाउनु पर्ने कुरा बेलैमा बुझ्नु असल नागरिकको महत्त्वपूर्ण कर्तव्य हुन आउँछ । यस्तो समाजको विकासमा योगदान गर्नु असल नागरिकको गुण हो, कर्तव्य हो ।

सारांशमा, आफ्नोभन्दा अर्काको पीर मर्का बुझ्नु, स्वदेशप्रति ममता राख्नु, वनस्पति, बोट-वृक्षको संरक्षण गर्नु, समष्टिको हितमा आफ्नो हित सुरक्षित भएको देख्नु, कर्तव्य गर्नाले नै अधिकार पाइन्छ भन्ने कुरा बुझ्नु, वैज्ञानिक तरीकाले सोच्ने बानी बसाल्नु र मानव मात्रलाई आफ्नै बन्धु मात्र होइन, मानिसबाटै कतै गल्ती हुन्छ भन्ने ठानी सहिष्णुता र सहानुभूति दर्शाउनु नै असल नागरिकमा नभै नहुने केही गुण हुन् ।

यी त भए असल नागरिकका केही गुणहरू, तर कुनै पनि समाज वा राष्ट्रमा अनेकौं असल नागरिक हुन्छन् भने केही नागरिकहरू तीभन्दा पनि माथि उच्चकोटिका चरित्र भएका आदर्शवान नागरिक हुन्छन् । ती कस्ता हुन्छन् ? केले उनीहरूलाई आदर्श नागरिक बनाउँछन् ? यी कुराहरू बुझ्न तिनीहरूसँग सम्बन्धित स–साना कथाहरूले हामीलाई ठूलो सहयोग गर्दछन् । सबैभन्दा पहिले हामी अँधेरी रातमा टर्च बाल्ने एउटा मान्छेको कथा सुनौं । एक अत्यन्त अँधेरो मध्यरातको बेलामा एकजना बटुवा आफ्नो दैनिक काम सकेर खुरुखुरु आफ्नो

घरतिर जाँदै थियो । ज्यादै एकान्त सन्नाटापूर्ण त्यस रातमा केही छिनअघि मात्र आएको आँधी–बेरीसाथ पानी पनि परेको थियो । बटुवा हतार–हतार एक्लै अघि बढ्दै जाँदा एक्कासी एकजना मानिसले टर्चबत्ती बालेर उसलाई छेक्यो । उ "अब सक्ने भयो" भनेर डराई के चिच्याउन मात्र आँटेको थियो, उसलाई उछिनेर त्यो व्यक्तिले नै ठूलो स्वरले कराई उसलाई त्यहीं रोक्यो। उसले डरले थरथर काँप्दै कान ठाडो पारी त्यस अनौठो चिच्याहट पछिको आवाजलाई सुन्यो– "खबरदार! अघि नबढ्नुस् । केहीबेरअघि चलेको हुरीले यहाँ बिजुलीको नाङ्गो तार चुँडिएर भूइँमा लतारिएको छ । त्यही तारमा अल्झेर भरखरै एउटा कुकुर पनि मरचो । उ त्यहीं छ हेर्नोस् । त्यसैले तपाईं जस्तै बटुवाले अनजानमा कतै त्यस नाङ्गो तार-लाई छुन पुग्नु भयो भने ज्यान समेत जानसक्छ भनेर नै म एक्लै टर्च बाली यहाँ बसेको छु। तपाईं फर्की जानोस् र बिजुली अड्डालाई तुरुन्त खबर गरिहाल्नोस् ।" बटुवाले ज्यान जोगिए-कोमा अपार कृतज्ञताको भारी बोक्दै झटपट फर्केर बिजुली अड्डालाई खबर गरेपछि बिजुलीको लाइन काटियो र यसरी कैयौं अनजान बटुवाहरूको ज्यान जानबाट जोगियो ।

यस्ता अनेकौं घटना वर्षैपिच्छे प्रत्येक समाजमा घट्छन् । नदीको किनारमा लुगा धोएकी आमाले आफ्नो बच्चालाई बगाई लगेको चाल पाउने बित्तिकै बच्चा समात्न जाँदा नदीले उसलाई पनि बगाई लान्छ । तर नजीकैको एक पौडीवाजले त्यस आमाको "बचाऊ" भन्ने चिच्याहट सुन्ने बित्तिकै नदीमा हामफाली आमा बच्चा दुवैलाई बचाउँछन् । त्यस्तै, एक छिमेकीको घर आगलागी भई एक अशक्त बृद्धा कोठाभित्र जलिरहेको वेलामा आफ्नो प्राणको बाजी लगाएर एक जना युवक विद्यार्थीले आगोमा जुक्तिसाथ हामफाली बृद्धालाई कोठाबाहिर ल्याई बचाउँछ । यस्तै, अनिकाल, बाढी, पहिरो, आगलागी, भूकम्प आदि अनेकौं प्राकृतिक प्रकोप परेको बेलामा आफ्नो सुख मात्र होइन जीवनलाई नै किञ्चित नठानी आफ्नो समाजको असहाय दुर्बलहरूको सेवा शुश्रूषा गर्न पछि नहट्ने केही यस्ता आदर्श नाग-रिक प्रत्येक समाजमा हुन्छन् ।

हाम्रो देशको बाग्मती अञ्चल अन्तर्गत काभ्रे जिल्लाको एक पहाडी पाखामा एउटा अत्यन्त पुरानो विहार छ । यो थलो नमो बुद्धायको नामले सुविख्यात छ । यस बारे प्राचीन किंवदन्ति के छ भने एक जना राजकुमार शिकार खेल्दा खेल्दै त्यस ठाउँमा पुग्दा एउटा भर्खरै डमरू जन्माएकी बघिनी शिकार गर्न नसकी मरणासन्न अवस्थामा परेको देखेर ती राजकुमारले त्यस बघिनीलाई आफ्नो शरीरलाई शिकारको रूपमा प्राणदान दिएर बोधि-सत्व प्राप्त गरे । परोपकारको एक ज्वलन्त आदर्श प्रस्तुत गर्ने राजकुमारलाई गौतम बुद्ध-भन्दा पनि अघि बोधि-ज्ञान र निर्वाण प्राप्त गरेको बुद्ध भन्ने ठानी त्यो स्थल आज पनि नमो बुद्धायको नामले लोकप्रसिद्ध छ ।

अनि यस्तै पंक्तिमा उभिन्छन् ती देशका अनेक युवक सिपाही र योद्धाहरू जसले देशको अखण्डता र स्वतन्त्रताको निम्ति आत्म–बलिदान गर्दै वीर गति प्राप्त गरेका छन् र गर्छन् । आज पनि हाम्रो देशमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म कैयौं यस्ता गढी, कोत र किल्लाहरूले अनेकौं पहाडी थुम्काहरूलाई सजाएका छन् जसको भग्नावशेषले तीनको स्वतन्त्रता–प्रेम, त्याग र वीरताको गाथालाई अमर तुल्याएको छ । स्वदेश र स्वजातिकोनिम्ति मरिमेट्ने यी महान् पुरुषहरूलाई हामी वीर शहीद भन्छौं र उनीहरूको संझनामा नतमस्तक भई श्रद्धा र भक्तिका फूल चढाउँछौं । महान् त्यागी वीर शहीद शुक्रराज शास्त्री, धर्मभक्त, दशरथचन्द र गंगालाल जस्ता सपूतहरूले त्याग–तपस्या नगरेका भए के नेपालमा प्रजातन्त्रको ढोका कहिल्यै उघ्रन्थ्यो ? अनि के यति संख्यामा सम्पूर्ण नेपालीले शिक्षा हासिल गर्ने खुला अवसर पाउँथे ? वास्तवमा आफ्नो समाज, समुदाय वा अरूको निम्ति आफ्नो प्राण होम्ने शहीदहरू देशका अमूल्य रत्न हुन् । कुनै पनि देश प्राकृतिक स्रोत, सम्पदा वा खानीले मात्र धनी हुँदैन । गरीब भए पनि स्वदेशभित्र यस्ता आदर्शवान राष्ट्रिय चरित्र भएका सपूत रहेछन् भने त्यो देश वा समाज अवश्य उठ्छ, जाग्छ र जीवन्त भई संसारमा आफ्नो गौरवगाथालाई उज्ज्वल कीर्तिमान बनाएर नै छाड्छ । त्यसैले यी आदर्श र नैतिक मूल्यहरूलाई प्रत्येक समाजले धनभन्दा पनि बढी हिफाजत गर्दै त्यसको जगेर्ना र संरक्षण गर्ने गर्दछ ।

असल नागरिक बन्नमा बाधाहरू

नानी हो ! कुनै एउटा डाँडाको काखमा एउटा गाउँ छ । डाँडाको सिरानमाथि सयौं वर्ष पुरानो एक जङ्गल छ । यस जङ्गललाई त्यस गाउँका बासिन्दाहरूले आफैं मिली सुरक्षा गर्छन् । यस जङ्गलका बोट–बिरुवाहरूले सञ्चय गरेका पानीका थोपाहरूबाट एक मूल नै बनी त्यस गाउँलाई जल प्रदान गर्छ भने त्यस गाउँका खेत–पाखाहरूलाई जङ्गलले सधैं रसिलो मात्र होइन, वर्षा याममा डाँडामाथिबाट बग्ने पतझरहरूबाट मलिलो पनि पार्छ । त्यस जङ्गलको सुरक्षा गर्नका लागि गाउँका बासिन्दाहरू मिलेर त्यहाँ कुनै हरिया काठपात काट्न नपाइने, तर पालै-पालो गरी जीर्ण भएका ढलेपढेका, सढेगलेका झारपातहरू काटी बटुली जम्मा गर्न पाइने र पालैसित वनका विभिन्न क्षेत्रहरू बनाई गाउँले सबै मिलेर वर्षा याममा वृक्षारोपण गर्ने नियम र कार्यक्रम बनाउँछन् । यसरी त्यो गाउँको सुन्दरता र उर्वरता बढाउने मात्र होइन, यसलाई भूक्षय र पहिरोबाट समेत बचाउने काम पनि जङ्गलकै सुरक्षाबाट हुन्छ ।

अब कल्पना गरौं, कुनै दुर्भाग्यवश त्यस गाउँमा खाली खिचातानी भई एक-एक परिवार मिलेर आफ्नो गाउँको सिरानमा रहेको जङ्गल बेमाख गर्ने काममा तँछाड मछाड हुन्छ । गाउँ विकास समिति हेरेको हेरयै हुन्छ, तर केही वर्षभित्र एक ठूलो वर्षापछि भीषण पहिरो गई गाउँका ।

कैयौं बासिन्दाहरूको घरखेत र पाखोबारीको साथै जीउधन समेतको दुःखदायी रूपले हानि र अन्त हुन्छ । माथिका दुइ उदाहरणबाट के स्पष्ट हुन्छ भने जहाँ मानिसले प्रकृतिको नियमलाई बुझी ज्ञान र विवेकले काम गर्छ, त्यहाँ मानिस सुखी हुन्छ । तर जहाँ ज्ञानको ठाउँमा अज्ञान हुन्छ, कर्मको ठाउँमा अकर्मण्यता हुन्छ, दुःखविपद् र शोक पनि त्यहीँ हुन्छ । असल नागरिक बन्नमा बाधा दिने मूल-तत्व अज्ञान हो ।

बौलाहा कुकुरको टोकाइबाट हुने खराबीबाट बचाउन समयमै एन्टिरेबिज सुई नदिए मृत्यु अवश्यम्भावी मात्र होइन, त्यो मृत्यु अत्यन्त पीडादायी र अपरिहार्य पनि हुन्छ । यस कुराको राम्रो ज्ञान भए मानिसहरू सुई नदिई कसैले कुकुर पाल्दैनथे र भुस्याहा कुकुरहरू पनि सखाप पार्थे होलान् । तर आज भुस्याहा कुकुरहरूबाट प्रत्येक दिन सयौं व्यक्ति पीडित छन् र यसो हुनुमा अज्ञान नै मूल कारण हो । सडकका किनारमा फोहोर-मैला गर्नाले त्यसैबाट आफैंलाई पनि जुका जस्ता अनेक पेटका रोगहरू लाग्छन् भन्ने कुराको ज्ञान भएको भए सडक फोहोर हुने थिएन होला । त्यस्तै जङ्गल बेमाख गर्दा आफ्ना घर, खेत र ज्यान सबै जान सक्छ भन्ने कुरा बुझ्नसके अनुचित तरीकाले जङ्गल मासिने थिएन होला । त्यस्तै नदी-नाला, कुलो-पैनीमा दिसा-पिसाब गर्नाले पानी दूषित भई हैजा, झाडाबान्ता हुने रोगबाट हजारौं मानिस मर्न सक्छन् । यस्तै बिफर जस्तो संक्रामक रोग लागेको बिरामीले लगाउने लुगाफाटा कुनै कुवामा धोइ-दिनाले पनि त्यस दूषित पानीबाट धेरै मानिसलाई नराम्रा रोगहरू सर्ने सम्भावना रहन्छ ।

यसको मूल कारण अज्ञान हो । यसैले अज्ञानलाई हटाउन शिक्षाको प्रसार गरिनु अनिवार्य हुन्छ । नगरहरूका साथै प्रत्येक गाउँ, पाखा र दुर्गम बस्तीहरूमा समेत सैद्धान्तिक शिक्षाका साथै व्यावहारिक ज्ञानको प्रसार हुनु आजको सर्वोपरि आवश्यकता हो । त्यस कारण अज्ञान नै असल नागरिक बन्नमा सबभन्दा ठूलो बाधा हो ।

असल नागरिक बन्नमा अर्को बाधा हो– अभाव । जहाँ अभाव हुन्छ, त्यहाँ तनाव हुन्छ । मानिलिऊँ हामी कुनै ठाउँमा बस यात्रा गर्दैछौं । बसमा पचास जनाको निम्ति मात्र बस्ने सिट छ । तर यात्रीहरू चारसय जना भए भने ती के गर्लान् ? जतिकै असल नागरिक भए पनि ठाउँको निम्ति त्यहाँ हारालुछ हुन्छ, खिचातानी चल्छ र झैझगडा मच्चिन्छ । यस्तो स्थितिको मूल कारण यात्रीहरूको तुलनामा बसको संख्यामा कमी हुनु नै हो । त्यसो हुनाले जहाँ अभाव हुन्छ, त्यहाँ तनाव हुन्छ ।

अभाव नै यस्तो कारण हो, जसले गर्दा देश-देश बीच नागरिक-नागरिक बीच र एउटै परिवारमा भाइ-भाइ बीच पनि झगडा हुन्छ । तपाईं हामी सबैलाई थाहा छ, बजारमा चीनीको

अभाव हुन लाग्यो भने हामी सबै एक, दुइ, तीन किलो अर्थात् जति सक्यो बढी चीनी जम्मा गर्न लाग्छौं । यो किन ? पहिले चाहिने जति मात्र चीनी लिन्थ्यौं भने अभावको समयमा अझ बढी लिने कोशिश गर्छौं । यस्तै कोशिश सबै गर्छन् । यसबाट अभावमाथि झन् अभाव थपिन जान्छ । त्यसैले असल नागरिक बन्नमा ठूलो बाधा अभाव नै हो । हामीलाई जतिसुकै ज्ञान भए पनि कुनै कुराको अभाव छ भने हामी असल नागरिक हुन सक्दैनौं । इज्जतसाथ खान नपाएपछि मानिसले माग्न थाल्दछ । मागेर पनि पेट भर्न पाएन भने उ चोरी गर्न थाल्छ । यसैले व्यक्ति, समाज र सरकार सबैको एउटै लक्ष्य हुनु पर्दछ– कुनै कुराको अभाव हुन नदिने ।

अर्थशास्त्रको अकाट्य नियम अनुसार अभाव हटाउने एकमात्र उपाय हो– माग र आपूर्तिमा सन्तुलन कायम राख्नु । जहाँ जनसंख्या बढी हुन्छ, त्यहाँ हरेक कुराको माग बढी हुनु स्वभाविकै हो । तर वृद्धि भएको यस माग अनुसार आपूर्तिमा पनि वृद्धि हुन नसकेमा अभाव र तनाव दुवै अवश्यम्भावी परिणामको रुपमा देखा पर्छन् । कुनै बखत नेपालको डाँडा-काँडा ढाक्न जनसंख्या वृद्धि गराउनु पर्ने खाँचो थियो भने अब खेती योग्य जमीन र जङ्गलको अभावमा बढी जनसंख्या दुःखदायी भार हुन जान्छ । त्यसैले हामीले अभाव हटाउन र आपूर्ति बढाउन नयाँ उद्योग, कल-कारखाना आदि खोली उत्पादनशीलता बढाउनु पर्छ । यस्तो उत्पादन-शीलता कोरा सैद्धान्तिक शिक्षाभन्दा जीवनोपयोगी सीपमूलक शिक्षाको प्रचारबाट मात्र हुन्छ । जुन समाजमा श्रम र मिहिनेतको मूल्य र मर्यादा हुन्छ, त्यहाँ नै विकासको ढोका उघ्रेको हुन्छ । त्यसैले अभाव हुन नदिनु नै असल नागरिक बन्नका लागि तगारो हटाउनु हो ।

असल नागरिक बन्नमा बाधा दिने अर्को तत्त्व, समाजमा विद्यमान अतिव्यक्तिवादी प्रवृत्ति पनि हो । बस चढ्दा बसको टिकटै नकिनी यात्रा गर्ने, परीक्षा दिंदा पढाइमा भन्दा चोर्नमा बढी मिहिनेत गर्ने र यसो गर्न नपाए निरीक्षण गर्ने व्यक्तिमाथि हातपात गर्ने, अरुको खेत, बारी र बगैंचाबाट अनाज, फल र फूलहरू टापटुप टिप्ने यस्ता प्रवृत्तिका केही अभिव्यक्ति हुन् । मानिस जन्मजात स्वार्थी र अहङ्कारी हुन्छ । तर समाजले उसबाट सभ्य व्यवहार र असल आचरणको आशा राख्दछ । शिक्षा-दीक्षा, आमा-बाबु र परिवार आदिको परिष्कृत तालीमबाट मानिस उदार, सहनशील र सेवामुखी मात्र हुँदैन आवश्यक परेमा आफ्नो परिवार, समाज र देशको निम्ति आफूलाई बलिदान समेत गर्न पनि पछि हट्दैन । दान, सेवा र त्याग हाम्रो धर्मबाट निर्देशित मानव जीवनका उत्कृष्ट लक्ष्यहरू हुन् । यी गुणबिना न त समाजको नैतिक आधार नै खडा हुन सक्छ न त मानिस-मानिस बीच कुनै सौहार्दता र बन्धुत्वको भाव नै सञ्चार हुन सक्छ । अहङ्कारले दानवीय प्रवृत्तिलाई जन्म दिन्छ भने अतिव्यक्तिवादी स्वार्थले मानिसलाई जङ्गली र बर्बर अवस्थातिर धकेल्दै सभ्य र सुसंस्कृत मानिसको साटो राक्षसमा परिणत गर्छ र मर्यादा पुरूषोत्तम रामको आदर्शबाट विमुख तुल्याई रावणको आसुरी प्रवृत्ति-तिर उन्मुख गराउँछ । तर सुर र असुरको बीच सुरकै जीत हुन्छ, देवताकै जीत हुन्छ, सत्यकै

जीत हुन्छ । त्यसैले अतिव्यक्तिवादी आसुरी प्रवृत्तिको पनि निश्चय नै अन्त हुन्छ । यसो भएकोले अतिव्यक्तिवादी प्रवृत्ति असल नागरिक बन्नमा ठूलो अवरोध हो ।

सारांशमा, एक असल नागरिक बन्नमा बाधा दिने तत्वहरू हुन्– अज्ञान, अभाव र अति-व्यक्तिवादी प्रवृत्ति ।

नागरिकताको प्राप्ति

प्रत्येक देशको नागरिकता प्राप्त गर्ने सम्बन्धमा विभिन्न प्रक्रियाहरूको व्यवस्था गरिएको हुन्छ । सामान्यतया निम्न लिखित तरीकाबाट कुनै पनि देशको नागरिकता प्राप्त गर्न सकिन्छ । ती हुन्–

(क) स्थायी बसोबासद्वारा
(ख) वैवाहिक सम्बन्धद्वारा
(ग) सरकारी सेवामा नियुक्तिद्वारा
(घ) अचल सम्पत्तिको खरीदद्वारा,
(ङ) राज्य वा राज्यको कुनै भागको विलयद्वारा
(च) कृत्रिम तरीकाद्वारा

(क) स्थायी बसोबासद्वारा

कुनै पनि देशमा त्यस देशको कानूनअनुसार स्थायी रूपमा बसोबास गरेमा नागरिकता प्राप्त गर्न सकिन्छ । यसको निम्ति विभिन्न देशमा विभिन्न समयसम्म बसोबास गर्नुपर्ने अलग-अलग नियमहरू बनाइएको हुन्छ ।

(ख) वैवाहिक सम्बन्धद्वारा

एक देशको नागरिकले अर्को देशको नागरिकसँग विवाह गरेमा पनि नागरिकता प्राप्त गर्न सकिन्छ । यसमा पनि विभिन्न देशहरूमा विभिन्न प्रकारको सिद्धान्त अपनाइएको देखिन्छ । नेपाली पुरुष नागरिकसँग विदेशी महिलाले विवाह गरेमा निजले आफ्नो देशको नागरिकता छोड्नु पर्दछ, अनि मात्र उसलाई नेपालको नागरिकता दिइन्छ । बेलायतमा त्यहाँकी महिला नागरिकसँग विवाह गर्ने विदेशी पुरुषलाई बेलायतको नागरिकता दिइन्छ ।

(ग) सरकारी सेवामा नियुक्तिद्वारा

सरकारी सेवामा साधारणतः कुनै पनि विदेशी नागरिकलाई नियुक्त गरिंदैन । तर कुनैकुनै देशमा सरकारी सेवामा नियुक्त भई कामकाज गरेका विदेशीले नागरिकता प्राप्तिको लागि निवेदन गरेमा नागरिकता प्राप्त गर्न सक्दछ ।

(घ) अचल सम्पत्तिको खरीदद्वारा

विदेशी नागरिकहरूले कुनै देशमा गई त्यस देशको कानून बमोजिम अचल सम्पत्ति खरीद गरेका रहेछन् भने उक्त देशको नागरिकता पाउन सक्दछन् । यस्तो चलन दक्षिण अमेरिकाका केही मुलुकहरूमा पनि विद्यमान छ ।

(ङ) राज्य वा राज्यको कुनै भागको विलयद्वारा

एउटा राज्य वा राज्यको कुनै भाग अर्को राज्यमा मिल्न गयो भने त्यहाँ बसोबास गर्ने सबै व्यक्तिले त्यसरी मिल्न जाने राज्यको नागरिकता पाउँछ। यस्तो स्थिति दुई प्रकारले पर्न सक्दछ–

१. दुई देश बीच भएको सन्धिद्वारा एक राज्यको कुनै भाग अर्को राज्यमा गाभिन गएमा वा

२. एक देशले अर्को देश वा त्यसको कुनै भागमाथि बलपूर्वक कब्जा गरी त्यसलाई आफ्नो देशमा मिलाएमा ।

नेपाल र भारतबीच भएको सुगौली सन्धिद्वारा भारतमा गाभिन गएको कुमाउँ गढवाल क्षेत्रका नेपाली बासिन्दाहरू सन्धिपछि भारतका बासिन्दा हुन पुगे । यस्तै गरी कुनै देश वा त्यसको कुनै भागलाई शक्तिद्वारा कुनै अर्को देशले आफ्नो देशमा मिलाएमा त्यहाँ रहने सबै बासिन्दाहरू गाभिन गएको देशको नागिरक हुन्छन् । यस्तो प्रावधान नेपालको संविधान २०४७ मा पनि उल्लेख छ, जसअनुसार नेपाल अधिराज्यमा गाभिने गरी कुनै क्षेत्र प्राप्त भएमा सो क्षेत्रभित्र बसोबास भएको व्यक्ति प्रचलित कानूनको अधीनमा रही नेपालको नागरिक हुनेछ ।

(च) कृत्रिम तरीकाद्वारा

कुनै व्यक्तिले आफ्नो देश छाडी अर्को देशमा गई त्यस देशको नागरिकताका लागि निवेदन गरेमा पनि निजले नागरिकता पाउन सक्दछ । यस्तो व्यक्तिलाई कृत्रिम नागरिक र निजले प्राप्त गरेको नागरिकतालाई कृत्रिम नागरिकता भनिन्छ । हाम्रो देशमा पनि नागरिकता प्राप्त गर्ने सम्बन्धमा विभिन्न व्यवस्था गरिएको छ । नेपालको संविधानको भाग दुईमा नेपालमा स्थायी बासस्थान भएका देहायका प्रत्येक व्यक्ति नेपालको नागरिक हुने व्यवस्था छ–

(क) जो नेपालमा जन्मेको हो ।

(ख) जसका आमाबाबु एक जना नेपालमा जन्मेको हो ।

(ग) नेपालको कानून र रीतबमोजिम नेपालको नागरिकसँग वैवाहिक सम्बन्ध भएको स्वास्नी–मानिस र

(घ) नेपालको कानून बमोजिम जसले नागरिकताको प्रमाण-पत्र लिई सकेको छ ।

नागरिकताको किसिम

माथि उल्लेख भएअनुसारका व्यक्तिहरूलाई दुइ प्रकारको नागरिकता दिन सकिन्छ। अर्थात् नेपालमा अहिले दुइ किसिमका नागरिकता भएका व्यक्तिहरू छन्–

(१) **वंशजको नाताले नागरिकता प्राप्त गरेको व्यक्ति–** नेपालमा जन्मेको कुनै पनि व्यक्तिको बाबु निजको जन्म हुँदा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुन्छ। यसको साथै बाबुको ठेगाना नभएको नेपाल अधिराज्यभित्र फेला परेको प्रत्येक नाबालक निजको बाबुको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक मान्ने व्यवस्था पनि छ।

(२) **अङ्गीकृत नागरिकता प्राप्त गरेको व्यक्ति–** अरू देशको नागरिकता प्राप्त गरेको व्यक्तिले नेपाल अधिराज्यभित्र स्थायी रूपमा बसोबास गरेपछि नेपालको नागरिकता पाउने निवेदन गर्न सक्दछ र साधारणतया निम्न लिखित अवस्थामा निजलाई नागरिकता दिन सकिन्छ–

(क) नेपालको राष्ट्रभाषा लेख्न र बोल्न जानेको,
(ख) कम्तीमा १५ वर्षसम्म नेपालमै बसोबास गरेको,
(ग) आफ्नो जीवन निर्वाह गर्ने साधन र योग्यता भई नेपालमै कुनै व्यवसाय गरी बसेको,
(घ) आफू नागरिक भएको देशको कानूनबमोजिम आफ्नो नागरिकता त्यागेको
(ङ) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएको विदेशी नारीको हकमा निजले सो विदेशी नागरिकता त्याग्ने कारबाई चलाएको,
(च) नेपालको नागरिकको छोरा, छोरी वा वंशजको हकमा त्यस्तो व्यक्तिले नेपालमा २ वर्षसम्म बसोबास गरेको।

तर अन्तरराष्ट्रिय ख्यातिप्राप्त व्यक्तिले नेपाली नागरिकताको लागि आवेदन गरेमा वा कुनै विशेष ख्यातिप्राप्त व्यक्तिलाई सम्मानार्थ नेपाली नागरिकता प्रदान गर्न माथि उल्लेख गरिएका कुनै शर्त पूरा गर्न पर्दैन। यसरी विदेशी नागरिकहरूलाई दिइने नेपाली नागरिकतालाई अङ्गीकृत नागरिकता भनिन्छ।

नागरिकताको समाप्ति

अब नागरिकता समाप्त हुने अवस्थातर्फ विचार गरौं । कुनै पनि व्यक्तिको नागरिकता देहायको अवस्थामा समाप्त हुन जान्छ । ती अवस्था हुन्–

(क) विदेशी राज्यको नागरिकता लिएमा,
(ख) विदेशी नागरिकसँग विवाह गरेमा,
(ग) आफ्नो देश छाडेर अन्यत्र नोकरी गरी बसेमा,
(घ) लामो समयसम्म विदेशमै बसी रहेमा,
(ङ) स्वेच्छापूर्वक आफ्नो नागरिकताको त्याग गरेमा,
(च) राज्यको विरुद्ध हतियार उठाएमा वा उठाउने कुचेष्टा गरेमा वा राज्यको विरुद्ध अन्य अपराध गरेमा र
(छ) युद्धको समयमा वा अन्य सङ्कटकालीन अवस्थामा राज्यको सेवा नगरेमा वा गर्न नचाहेमा ।

व्यक्तिगत घटना दर्ता गर्ने

समाजमा कोही जन्मन्छ, कोही मर्दछ, कसैको विवाह हुन्छ र कसैको पहिले भइसकेको विवाह पनि विच्छेद हुन्छ । कुनै परिवार आफ्नो पुर्खाको पालादेखि बसेको घर-गाउँ छोडेर अन्यत्र जान्छन्, त कुनै आफ्नो जीविका चलाउन अन्यत्र नोकरी गर्न जान्छन् । यी सब कुराहरू नै व्यक्तिगत घटना हुन् । यी घटनाहरू दर्ता गर्ने व्यवस्था हाम्रो देशमा पनि भैरहेको छ ।

व्यक्तिगत घटना किन दर्ता गर्नुपर्दछ ? यसको आवश्यकता किन परयो ? यी दुइ रोचक प्रश्नहरू हुन् ।

हाम्रो गाउँ वा टोलमा हामीहरूलाई धेरै कुराहरूको आवश्यकता पर्दछ, जस्तै– बिजुली, खाने पानी, हुलाक, विद्यालय, पुस्तकालय, पसल आदि । सरकारलाई यी कुराहरूको व्यवस्था गर्दा सर्वप्रथम त्यो ठाउँमा कति परिवार छन् र यी परिवार प्रत्येकमा कति सदस्यहरू छन् भन्ने कुराको निश्चित जानकारी आवश्यक हुन्छ । जुन ठाउँमा धेरै परिवार छन्, त्यहाँ खानेपानीको पनि उत्तिकै बढी मात्रामा आवश्यकता हुन्छ । स्कूलमा जति बढी विद्यार्थीहरू आउँछन्, बेन्च त्यति नै बढी चाहिन्छ । पहिले एउटा शौचालयले पुग्दथ्यो भने त्यहाँ विद्यार्थीको संख्या हेरी त्यसलाई

बढाउनै पर्छ । यसरी नै खाने पानी र बिजुलीको आवश्यकता परिवारपिच्छे बढ्दै जान्छ । त्यसैले यस्ता कुराको जानकारी ज्यादै आवश्यक पर्दछ ।

संसारका सबै देशहरूमा सरकारले आपना जनतालाई विशेष सुविधा र सहुलियत दिने व्यवस्था गर्दछ । यस्तो सुविधा दिन सर्वप्रथम तथ्याङ्कको आवश्यकता हुन्छ । हाम्रो घरमा आमाले खाना पकाउनुभन्दा पहिले कति जनाले खाने हो त्यसको निरूपण गर्नुहुन्छ र त्यसैको आधारमा खाना पकाउनु हुन्छ । हाम्रो घरमा कुनै चाडपर्व परयो भने कसकसलाई बोलाउने, के के पकाउने आदि सबै कुरारूहको विचार हामी गर्दछौं । बोलाउने मानिसको संख्या निश्चित भएपछि पकाउने चीजबीजहरूको विषयमा विचार गर्दछौं । हामीले हाम्रो घरमा विचार गर्ने कुरा जस्तै सरकारलाई पनि देश भरमा लागू गर्ने योजनाको लागि तथ्याङ्कको अति नै आवश्यकता पर्दछ । यसैले हाम्रो देशमा श्री ५ को सरकारले व्यक्तिगत घटना दर्ता सम्बन्धी ऐन बनाई २०३४ साल वैशाख १ गतेदेखि यस्ता घटनाहरू दर्ता गर्ने व्यवस्था मिलाएको छ । अधिराज्यका ३४ जिल्लामा शुरू गरिएको यो योजना क्रमशः सबै जिल्लाहरूमा लागू गर्ने व्यवस्था मिलाइएको छ । यस्तो घटना दर्ता गर्ने न्यिजकाधिकारीको व्यवस्था प्रत्येक गाउँ र नगरपालिकाहरूमा गरिएको छ ।

यसमा मुख्यतः निम्न लिखित कुराहरू पर्न आउँछन्–

(क) जन्म
(ख) मृत्यु
(ग) विवाह
(घ) सम्बन्ध विच्छेद र
(ङ) बसाई सराइ

अभ्यास

१. मानव सभ्यताको विकास कस्ता ठाउँहरूमा भएको देखिन्छ ? छोटकरीमा बयान गर्नुहोस् ।

२. "नगर राज्यबाट नागरिकता, नागरिक र नागरिक शास्त्र मात्र जन्मेको होइन, सभ्यताको मूल थलो नै नगर भएको हो" यस वाक्यलाई प्रष्ट गरी व्याख्या गर्नुहोस् ।

३. नागरिक शब्दको परिचय आफ्नो शब्दमा लेख्नुहोस् ।

४. नागरिकले आफ्नो नगर कस्तो बनाउनुपर्छ ? कक्षामा छलफल गर्नुहोस् ।

५. नेपाली नागरिकले आफ्नो परिचय कसरी गराउँछ ? कक्षामा छलफल गर्नुहोस् ।

६. असल नागरिकमा हुनुपर्ने गुणहरूको उल्लेख गर्नुहोस् ।

७. आदर्श नागरिक देशका अमूल्य रत्न हुन्, यसबारे कक्षामा छलफल गर्नुहोस् ।

८. "आफ्नो स्वार्थ मात्र होइन, पराईको सुख-सुविधामा पनि ध्यान पुऱ्याउनु नागरिक शास्त्रको पहिलो पाठ हो", यस विषयलाई लिएर कक्षामा छलफल गर्नुहोस् ।

९. "देश र समाजको उत्थान हितका लागि आफ्नो विकासको बाटो भेट्टाउनु नै असल नागरिकको सर्वोच्च गुण हो", यो विषयबारे कक्षामा छलफल गर्नुहोस् ।

१०. "अज्ञानता असल नागरिक बन्नमा सबभन्दा ठूलो बाधा हो", कक्षामा छलफल गर्नुहोस् ।

११. असल नागरिक बन्नमा अभाव तत्त्वले के कस्तो बाधा पुऱ्याउँछ ? लेख्नुहोस् ।

१२. नागरिकताको प्राप्त गर्न सकिने ६ ओटा तरीकाहरू लेख्नुहोस् र प्रत्येक बुँदालाई छोटकरीमा आफ्नै शब्दमा वर्णन गर्नुहोस् ।

१३. नेपालको संविधानको अनुसार कस्तो व्यक्ति नेपालको नागरिक हुनसक्छ ? लेख्नुहोस् ।

१४. नागरिकता कसरी समाप्त हुन्छ ? उल्लेख गर्नुहोस् ।

१५. व्यक्तिगत घटना दर्ता गराउनु किन आवश्यक हुन्छ ? लेख्नुहोस् ।

१६. छोटकरीमा टिपोट लेख्नुहोस्

(क) "मेरा साना दुःखले आर्ज्याका मुलुक होइन, चार जात छतीस वर्णको फूलवारी हो ।"

(ख) अतिव्यक्तिबादी प्रवृत्ति ।

(ग) अङ्गीकृत नागरिकता ।

(घ) पन्जिकाधिकारी ।

हाम्रो राजनीतिक व्यवस्था

परिचय

पाठकवृन्द ! तपाईं आफ्नो घर वा परिवारका छरछिमेकीलाई एक छिनका निम्ति सम्झनुस् त । शहर वा गाउँको कुनै टोल वा वडामा कैयौं व्यक्तिहरूका परिवारहरूले घरजम गरी बसेका हुन्छन् । यसरी कैयौं परिवारहरूको बसोबासले टोल वा वडा बनेको हुन्छ भने कैयौं टोल वा वडाहरू मिलेर गाउँ वा नगर बनेको हुन्छ । त्यस्तै कुनै गाउँमा थोरै मात्र संख्यामा परिवार बस्छन् भने नगरमा त्यसभन्दा धेरै नै परिवारहरू बस्छन् । एवं रीतले कैयौं परिवारको एकै थलोको बसोबासबाट बन्न गएको मानव समुदायबाट गाउँ वा नगरको संरचना हुन्छ ।

गाउँ वा नगरमा बस्ने व्यक्ति र परिवारका अनेक सामूहिक वा साझा समस्या हुन्छन् । तिनीहरू आफ्ना शारीरिक, बौद्धिक, आध्यात्मिक आवश्यकताहरू पूरा गर्न अनेक सुविधाहरू खोज्छन् । यसै क्रममा उनीहरूलाई बाटोघाटो, पुल–पुलेसा, पानी-पधेरो, बिजुली, ढल, नाल, स्कूल, क्याम्पस, अस्पताल, मन्दिर, मठ, विहार, देवालय, हुलाकघर, दूरसञ्चार, टेलिफोन, कल–कारखाना, उद्योग, खेल्ने चौर, (Playing Fields) पार्क–बगैंचा, नाचघर, सिनेमाहल, स्टेडियम, म्युजियम, पौडने पोखरी (Swimming Pool), संगीतगृह (Conservatoire), व्यायामशाला (Gymnasium), सार्वजनिक स्नानघर तथा शौचालय (Public Bath–room) देखि लिएर मसानघाट (Crematorium) समेतको दरकार



जिम्नेसियमभित्रको एक दृश्य

धावक

स्टेडियम

कोसर्भेटवारभित्रको एक दृश्य

पर्छ । अब प्रश्न उठ्छ के यी सबै कुराको व्यवस्था कुनै एक व्यक्ति अथवा परिवार विशेषबाट मिलाउन सम्भव हुन्छ ? उत्तर छ, समाजमा यी सबै वा विभिन्न कामकुराहरूको चाजोपाँजो मिलाउनु कुनै व्यक्ति वा परिवारका लागि कठिन मात्र होइन, प्रायः असम्भव नै हुन्छ । त्यसैले हामी नेपाली जातिले आफ्नो दैनिक जीवन र व्यवहारमा परिआउने समस्या सुल्झाउन सकभर आफ्नो वडामा सबैलाई भेला गर्ने प्रयास गर्छौं । तर वडा वा गाउँ अथवा नगरमा आइपर्ने प्रत्येक समस्या हल गर्न प्रत्येक पटक यस्तो भेलाको आयोजना गर्न सकिन्न । त्यसैले सामान्यतया प्रत्येक पाँच वर्षमा १८ वर्ष उमेर पुगेका हामीहरू सबैले आफूमध्ये एक जना बालिगलाई आफ्नो वारिस वा प्रतिनिधि छान्ने काम गर्छौं । यसरी छान्ने प्रक्रियालाई चुनाव भनिन्छ ।

यसरी गाउँ वा नगरको प्रत्येक वडाबाट चुनावमा छानिएर पठाएको व्यक्तिलाई बोली व्यवहारमा हामी नेपालमा सदस्य भन्छौं र यस्ता धेरै सदस्यहरू भेला भई आफ्नो गाउँ, नगर,



गाउँ विकास समिति भवन

जिल्ला अथवा राष्ट्रको समस्याबारे छलफल गर्ने ठाउँ वा संस्थालाई हामीले बेग्लाबेग्लै ठाउँमा बेग्लाबेग्लै नाउँ दिएका छौं । यी नाउँमध्ये गाउँस्तरको संस्थालाई गाउँ विकास समिति, शहरमा नगरपालिका, जिल्लास्तरमा जिल्ला विकास समिति र राष्ट्रियस्तरमा संसद भन्दछौं। यस परिपाटीभित्र हाम्रो मुलुकको शासनप्रणाली आम जनताद्वारा उनीहरूकै लागि उनीहरूबाटै छानिएका प्रतिनिधिबाट चल्दछ । यस प्रकारको नीतिले गर्दा सामान्य जनताले पनि आफ्नो समस्यालाई आफैंले निराकरण गर्ने र लोकसम्मतिलाई शिरोधार्य गर्ने भएकाले यो व्यवस्था पूर्ण प्रजातान्त्रिक बनेको छ ।

हाम्रो देशको इतिहासमा नेपालको एकीकरण भएदेखि हाम्रा शाह वंशीय राजाहरूबाट निकै महत्त्वपूर्ण कामहरू भइरहेका छन् । नेपाली राजतन्त्रको यसै गरिमामय परंपरालाई सधैंका लागि उज्ज्वल पार्ने अत्यन्त जोखिमको काम स्वर्गीय श्री ५ त्रिभुवनबाट गरिबक्सेको थियो । यसै सिलसिलामा मौसूफबाट २००७ सालको जनक्रान्तिको नेतृत्व गरिबक्सी नेपालमा प्रजातन्त्रको स्थापना गरिबक्सेको थियो भने निर्दलीय पंचायत व्यवस्था चाहिं स्वर्गीय श्री ५ महेन्द्रबाट ल्याइबक्सेको थियो । हाल हाम्रा राजा श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव होइबक्सिन्छ र मौसूफबाट नेपाली जन-आकांक्षालाई नै महत्त्व बक्सँदै राज्यसंचालन गरिबक्सँदैछ। यस क्रममा मौसूफबाट आफ्ना स्वर्गीय पिता श्री ५ महेन्द्रबाट शुरु गरिबक्सेको निर्दलीय पंचायत व्यवस्थालाई सुधार सहित कायम राखुन वा देशमा बहुदलीय प्रजातान्त्रिक शासन-प्रणालीको स्थापना गर्ने बारे राष्ट्रिय स्तरमा वि. सं. २०३७ सालमा जनमत संग्रह गराइबक्सेको

गाउँ विकास समितिबाट झगडाको छिनोफानो

थियो । तर जनमत संग्रहको परिणामले सुधार सहितको निर्दलीय पंचायत व्यवस्था नै कायम गर्ने घोषणा भए तापनि सधैंका लागि जनताले यो व्यवस्था रुचाएनन् । परिवर्तन त समयको गतिसँगै आउनेजाने कुरा हो । यस बीचमा देश भित्र र बाहिर अनेक किसिमका उतारचढावहरू देखा परे । परिणामस्वरूप नेपाली जनताले पनि जन-आन्दोलनको माध्यमबाट शासनप्रणालीमा परिवर्तनको माग गरे । जनताको यही इच्छा अनुरूप नै श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट हाल देशमा निर्दलीय पंचायत व्यवस्थाको अन्त्य गरिबक्सेर बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनर्वहाली गरिबक्सेको छ । यस व्यवस्था अनुसार अबदेखि नेपाली राजतन्त्रको परम्परामा आफूलाई संवैधानिक राजाको रूपमा ग्रहण गरिबक्सेर मौसूफ-बाट संविधान प्रदत्त अधिकारहरू मात्र उपयोग गरिबक्सनेछ र संविधानको पालन र संरक्षण गर्ने पूर्ण जिम्मा पनि लिइबक्सेको छ ।

हाम्रो संसदीय शासनप्रणालीका आधारभूत सिद्धान्तहरू

बेलायत र भारत जस्ता प्रजातान्त्रिक मुलुकहरूमा झैं हाम्रो देशमा पनि संसदीय शासन-प्रणाली (Parliamentary form of Government) छ । श्री ५ महाराजाधिराज सरकार राष्ट्र प्रमुख होइबक्सिन्छ । हामीले मौसूफलाई राष्ट्रियता एवं नेपाली जनताको एकताका प्रतीकको रूपमा मानेका छौं । अन्य प्रजातान्त्रिक मुलुकमा झैं संसदीय शासनप्रणालीका विशेषताहरूमध्ये हाम्रो देशमा पनि राष्ट्र प्रमुखको रूपमा श्री ५ कै नाममा मन्त्रिमण्डलद्वारा सबै कार्यकारिणी कामहरू हुने गर्दछन् । शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र

सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषद्माथि रहेको छ। यही मन्त्रिपरिषद्ले शासन व्यवस्थाको पूर्ण जिम्मेवारी पनि वहन गर्नुपर्दछ । यस जिम्मेवारीका लागि प्रधान मन्त्री र अन्य मन्त्रीहरू संसदको तल्लो सदन (प्रतिनिधि सभा) प्रति सामूहिक रूपमा र मन्त्रीहरू आफ्ना कामका लागि व्यक्तिगत रूपमा प्रधान मन्त्री र प्रतिनिधि सभाप्रति उत्तरदायी हुने गर्दछन्।

अब हामी हाम्रो संसदीय शासनप्रणालीका प्रमुख विशेषताहरू जानौं । ती विशेषताहरू निम्न प्रकारका छन्:–

संवैधानिक राजतन्त्र

नेपालमा राजतन्त्रको किन आवश्यकता परयो भन्ने प्रश्नको सम्बन्धमा उत्तर के छ भने– नेपाल अधिराज्यको स्थापना राजाकै अथक परिश्रमको फलस्वरूप हुन गएको थियो । राष्ट्रिय एकताको सूत्रपात श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट गरिबक्सेको थियो भने त्यसलाई अरू विस्तृत गराउने काम श्री ५ रणबहादुर शाहको नेतृत्वमा सम्भव भएको थियो । श्री ५ रणबहादुर शाह र श्री ५ गिर्वाणयुद्ध विक्रम शाहकै नेतृत्वमा वीर बलभद्र कुँवर, भक्ति थापा र अमरसिंह थापा जस्ता वीरहरूले नेपालको सीमालाई विस्तृत गराउँदै लगेका थिए ।

इतिहास पल्टाउने हो भने प्राचीनकालदेखि नै हाम्रो राजनीतिक संस्कृति राजतन्त्रात्मक रहँदै आएको छ र कुनै न कुनै रूपमा राजाबाट प्रजाहरूको संरक्षण र संवर्द्धन हुँदै आएको छ । नेपाली इतिहासको मिरमिरे उज्यालो किरांतकालका राजा यलम्बरदेखि लिएर लिच्छवि युगका मानदेव प्रथम अनि मल्लकालका जयस्थिति मल्ल लगायत अनेक राजाहरूबाट नेपालको प्रमुख केन्द्रको रूपमा रहेको काठमाडौं उपत्यकालाई संरक्षण प्रदान गर्ने कार्य सुसम्पन्न भएको थियो भने उपत्यका बाहिर गोरखाका राजा द्रव्यशाह, रामशाह अनि त्यस्तै गरी पश्चिमाञ्चलमा मणिमुकुन्दसेन र त्यसभन्दा पनि सुदूर पश्चिमाञ्चलका क्षेत्रहरूमा पृथ्वीमल्लजस्ता अनेक प्रतापी राजाहरूबाट विभिन्न युगमा सर्वोच्च शासकको रूपमा शान्ति, सुव्यवस्था प्रदान गर्ने कार्य सम्पादन भएको थियो ।

अर्कोकुरा, हाम्रो देशमा अनेकता छ – पहाड, पर्वत, तराई, टार र उपत्यकाहरूमा मात्र होइन, नेपाली जाति हिमाली खोच र हिमाल पारी तिब्बती पठार प्रदेशमा समेत आ–आफ्ना जीवनशैली, वेशभूषा र रीतिथितिहरू पालन गरी बस्छन् र बसेका छन् । यस्ता भौगोलिक, सांस्कृतिक आदि अनेकता र विविधताहरूमा एकताको एक मात्र सूत्र राजसस्था भएकाले हामी सबै हाम्रा राजालाई राष्ट्रियताकै मूल आधारको रूपमा मान्छौं ।

नेपाली राष्ट्रियता एकातिर राजा जनकको ज्ञान तथा सीताका त्याग र आदर्शहरूबाट अनुप्राणित भएको छ भने अर्कोतिर हामी अरनिको कलाकृति, अरनिको जस्तै अनेक अज्ञात कलाकार र उनका संरक्षकहरूको योगदानबाट जन्मेको वास्तुकला, मूर्तिकला र काष्ठकलाको गौरवलाई पनि सम्झन्छौं । हाम्रो राष्ट्रियताको एक पक्षमा बुद्धको शान्ति–सन्देश छ भने अर्को

पक्षमा वीर गोर्खालीको वीरता र बलिदानले हामी नेपाललाई विश्वभर नै ख्याति दिलाएको इतिहास छ। हाम्रो राष्ट्रियताको बोली फुटाउने काम आदिकवि भानुभक्त जस्ता साहित्यकारले गरे भने उनी पछि आउने मोतिराम भट्ट लगायत अनेक साहित्यकारले यसलाई अझ बढी परिमार्जन गर्ने काम गरे। हाम्रो राष्ट्रिय मान्यतालाई भृकुटीको आदर्शले पनि छिमेकी देशहरूमा हाम्रो चिनारी गरायो । त्यस्तै तेन्जिङ शेर्पाको सगरमाथा विजयले हाम्रो राष्ट्रियतालाई एक नौलो बल प्रदान गरयो । यी सबै राष्ट्रिय मान्यता र गौरवको प्रतीक हामी हाम्रो राजसिंहासनलाई नै ठान्छौं र हामी राजतन्त्रको आकांक्षा राख्छौं ।

राखुन् चिरायु ईशले . . .

साच्चै भन्ने हो भने नेपालको राजतन्त्र नेपाली जनता र नेपाली राष्ट्रियतासित नङ र मासु झैं अभिन्न रूपले एक अर्कासँग जोडिएको छ। हाम्रो देशमा राजा एक अपरिहार्य आवश्यकता हो र हामी नेपालीले सधैं नेपाली भई बाँच्न र अनेक थरीका हामी नेपाली अटाउन सक्ने, अनि सबैलाई शान्तिको छहारी दिन सक्ने विशाल राजछत्र राजतन्त्र नै एक मात्र भएकाले पनि राजसिंहासनलाई सधैं पवित्र, उज्ज्वल र अखण्ड कीर्तिमय रूपमा राख्नु हामी सबैको कर्तव्य हुन जान्छ ।

यिनै कुरालाई ध्यानमा राखी वर्तमान संविधानले राजसंस्थालाई सबै थरीका विवादहरू भन्दा माथि राख्न खोजेको छ, देशको दैनिक शासन संचलानको सम्पूर्ण जिम्मेदारी र अभि-भाराहरूबाट अलग्गै (Free from All Accountabilities) छुट्टयाई राखेको छ। यस अनुसार श्री ५ लाई कुनै पनि विवादमा तान्न सकिन्न । मौसूफबाट गरिबक्सेका कुनै कामको सम्बन्धमा कुनै अदालतमा प्रश्न पनि उठाउन पाइँदैन । संवैधानिक राजतन्त्रमा देशको शासन

चलाउने सम्पूर्ण अभिभारा प्रधान मन्त्री लगायतका मन्त्रिपरिषद्ले बहन गरेको हुन्छ र कदाचित् श्री ५ बाट संविधानमा उल्लेख भएका कुनै प्रशासनिक काम-कारबाही गरिबक्सँदा प्रधान मन्त्रीको सरसल्लाहबाट मात्र गरिबक्सन्छ ।

बहुदलीय प्रजातन्त्र

हाम्रो देशको शासन व्यवस्था बहुदलीय प्रजातन्त्रमा आधारित छ । हाम्रो संविधानको यो अर्को विशेषता हो । यस विशेषतालाई भविष्यमा कदापि बदल्न नसक्ने प्रावधान हाम्रो संविधानले राखेको छ । जनताद्वारा, जनताकै निमित्त, जनताले नै शासन गर्ने व्यवस्थालाई प्रजातन्त्र भनिन्छ । प्रजातन्त्रको यही मर्मलाई अंगीकार गरेर नै नेपालको संविधान २०४७ ले राज्य शक्तिको स्रोत जनतालाई मानेको छ, तर जनता आफैंले प्रत्यक्ष रूपमा शासन गर्न कहीं पनि सक्दैन । त्यसकारणले जनताको भलाइका लागि जनइच्छाको प्रतिनिधित्व गर्ने विभिन्न राजनीतिक दलहरू, प्रजातान्त्रिक व्यवस्थामा संगठित हुन्छन् । यी राजनीतिक दलहरू विभिन्न उद्देश्य र कार्यक्रमलाई लिएर आ-आफ्नो घोषणापत्र तयार पार्दछन् । त्यस्ता घोषणापत्रमा देशका लागि आफूले के-के गर्ने इच्छा, आकांक्षा राखेको हो भन्ने कुरालाई बचनबद्ध भई आफ्नो संकल्पलाई उद्देश्य र कार्यक्रमको रूपमा कोर्छन् । यस्ता उद्देश्य र कार्यक्रममा दृढ आस्था राख्ने अनेक व्यक्तिहरूको समूहबाट राजनीतिक दलहरू बनेका हुन्छन् । यसरी देश र जनताका हितका लागि एक स्पष्ट नीति र मार्गदर्शन बोकेका यी विभिन्न दलहरू आपसमा खुला विवाद र प्रतिस्पर्धा गर्दै आफ्नो दलका सदस्यलाई निर्वाचनमा भोट हाल्न आव्हान गर्दछन् । यसरी जुन दलले निर्वाचनमा सबभन्दा बढी मत प्राप्त गर्छ, त्यसैलाई देशको शासन चलाउने अभिभारा दिइन्छ । प्रजातन्त्रमा यस्ता दल धेरै हुने भएकाले यसलाई बहुदलीय व्यवस्था भनिन्छ ।

निर्वाचनको दृश्य

दलविना प्रजातन्त्र बाँच्न सक्दैन र प्रजातन्त्र भनेको जनताको सामूहिक आवाज हो। एकदलीय व्यवस्थामा एक पक्षको मात्र शासन रहने भय हुन्छ। विरोधी विचारधाराका मानिसको अभावमा ऊ स्वेच्छाचारी बन्न पुग्छ। सन्, १९३० पछिको जर्मनीमा हिटलर र इटालीमा मुसोलिनीको शासन व्यवस्थामा नाजी र फासिस्ट नामका एकदलीय व्यवस्था मात्र थिए। यिनीहरूको निरंकुश शासनले संसारलाई नै त्राही–त्राही पारेको थियो। त्यसै गरी साम्यवादी (Communist) मुलुकहरूमा पनि एकदलीय मात्र व्यवस्था भएको कारणले आज ती मुलुकका जनता पनि पूर्ण प्रजातन्त्रको माग गर्दै बहुदलीय प्रजातन्त्रको दिशातर्फ उन्मुख भइरहेका छन्। जहाँ बहुदलीय व्यवस्था हुन्छ त्यहाँ जनताबाट बहुमत प्राप्त दलले सरकार गठन गर्दछ र विरोधी दलहरूले उसलाई स्वेच्छाचारी हुनबाट रोक लगाउँछन्। यी दलहरू जनताका प्रतिनिधिको रूपमा काम गर्दछन् र जनताका पीर, दुःख, मर्कालाई बोकेर सरकार समक्ष पुरयाई तिनीहरूको समाधान गरिदिने दिशातर्फ अग्रसर हुन्छन्। त्यसै गरी सरकारले के–कति काम गर्दछ र सरकारको इच्छा के छ? ती सबबारे जनतालाई अवगत गराउनु पनि यी राजनीतिक दलहरूको कर्तव्य हुन आउँछ।

हाम्रो देश विकासशील देश हो। यहाँका अधिकांश जनता अशिक्षित र गरीब छन्। उनीहरू आफ्नै दैनिक समस्याहरूमा अल्झिरहन्छन्। ज्ञान र चेतनाको अभावले गर्दा उनीहरू आर्थिक र सामाजिक रूपले अत्यन्त पछिपर्न गएका छन्। यस अवस्थामा राजनीतिक दलहरू जनतालाई जागरूक र चेतनशील बनाउन शिक्षाको साधनको रूपमा सहायक बन्न पुगेका हुन्छन्। देशका जनता जागरूक र चेतनशील भएमा मात्र प्रजातन्त्र दिगो र बलियो रहन सक्छ। यसका लागि राजनीतिक दलहरूले जनतामा राज्यप्रतिको आ-आफ्नो कर्तव्यको बोध गराएर सरकार र जनताका बीचमा पुलको काम पनि गर्न सक्छन्। यति मात्र नभएर यी दलहरूको माध्यमद्वारा जनताले सरकारमाथि नियन्त्रण र सन्तुलन राख्न मद्दत पुरयाउँछन्।

सार्वभौमसत्ता जनतामा

जसरी मानिस स्वतन्त्र प्राणी हुनका लागि उसलाई अरू कसैको बन्धन वा हस्तक्षेपबाट मुक्त राखिनुपर्छ त्यसरी नै कुनै पनि राष्ट्र वास्तविक रूपमा स्वतन्त्र रहन आन्तरिक र बाह्य रूपले स्वतन्त्र हुनुपर्दछ। राष्ट्रको यो स्वतन्त्रता त्यस बेलामा मात्र सम्भव रहन्छ, जब यो सार्वभौमसत्ता सम्पन्न हुन्छ। सार्वभौमसत्ता सम्पन्न राष्ट्रमा आफ्नो देशको सिमानाभित्रको कुनै पनि कामकुरा गर्दा वा ऐनकानून र नीतिनियमहरूको निर्धारण गर्दा आफ्नै इच्छा अनुसार मात्र गरिन्छ। त्यसै गरी स्वदेशको अरू बाहिरी देशहरूसँगको सम्बन्धमा नीतिनिर्धारण गर्दा पनि आफ्नै इच्छा अनुसार मात्र गर्न पाइने स्वतन्त्रता भएमा मात्र त्यो देश सार्वभौमसत्ता सम्पन्न भइरहन्छ। यसरी कुनै पनि बाह्य देशको दबाब अथवा प्रभावबाट पूर्ण रूपले मुक्ति भई आन्तरिक र बाहिरी दुवै कुरामा कुनै पनि देशले आफ्नो इच्छानुकूल उपभोग गर्न पाउने अधिकार नै सार्व-

भौमसत्ता हो। यस्तो संप्रभुता शक्ति सम्पन्न नभई कुनै पनि देश वास्तविक रूपमा स्वतन्त्र हुनै सक्दैन । हाम्रो देशको इतिहास पल्टाउँदा अनादिकालदेखि यो शक्ति यहाँका शासकहरूमा रहेकको थियो। यिनीहरूको प्रयासबाट नै बीसौं शताब्दीको मध्यसम्म पनि सम्पूर्ण विश्वभर अंग्रेजी र युरोपेली साम्राज्यवादको जगजगी चलिरहँदा र दक्षिण एसियाका सबैजसो राष्ट्रहरू उपनिवेश भई रहँदा पनि नेपाल आफ्नो सार्वभौमिकता र राष्ट्रिय अखण्डता जोगाई राखी एक स्वतन्त्र राष्ट्रको रूपमा रहन सफल रह्यो।

हालका वर्षहरूमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय गतिविधिमा धेरै नै भिन्नता आएको छ। नेपाली जनता पनि अब आफ्नो अधिकार र कर्तव्यप्रति सजग भइसकेका छन् । जनआन्दोलनको माध्यमबाट नै उनीहरूले संवैधानिक परिवर्तनको माग गरे र श्री ५ वीरेन्द्रबाट यस मागलाई स्वीकार पनि गरिबक्स्यो। परिणाम स्वरूप नेपालको संविधान २०४७ ले राज्यशक्तिको स्रोत जनता नै हो भनी किटान गरेको छ र अबदेखि नेपालको सार्वभौमसत्ता नेपाली जनतामा निहित राखेको छ । कारण, जनता भनेको एउटा सामूहिक स्वरूप हो र यसको बल कुनै एक व्यक्ति विशेषको भन्दा ज्यादा रहन्छ । अर्को कुरा, प्रजातन्त्रमा जनताद्वारा, जनताकै निमित्त, जनताले नै शासन गर्ने हुनाले यस प्रकारको सार्वभौमसत्ता जनतामा निहित रहनु आवश्यक पनि हुन आउँछ। अब राज्यको यो इच्छाशक्ति जोगाइराख्ने अभिभारा प्रत्येक नेपालीको काँधमा पर्न आएको छ। नेपाली मात्रको अदम्य साहसले मात्र यो काम सम्भव हुन सक्दछ । नेपालको संप्रभुता नेपाली जनतामा सुम्पिदिनाले अब हाम्रो देशमा कुनै पनि व्यक्ति विशेषले कुनै बाहिरी वा भित्री शक्तिको आडमा काटमार मच्चाएर कोतपर्व जस्तो काण्ड गरी देशको सिगो शक्ति आफ्नो हातमा लिन सक्तैन, नत कुनै पनि व्यक्ति विशेषले स्वदेशबारे कुनै पनि गहकिला विषयमा स्वेच्छाले अन्तिम निर्णय लिन सक्दछ। यही धारणालाई हृदयंगम गरी शान्ति र मैत्री, सुरक्षा एवं सामरिक सम्बन्ध नेपाल अधिराज्यको सिमाना र प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँड सम्बन्धी कुराहरू बारे अन्य कुनै देशहरूसँग सन्धि वा सझौताहरू गर्नुपर्दा संसदको दुवै सदनको संयुक्त बैठकमा उपस्थित सदस्यहरूको दुई तिहाई बहुमतको स्वीकृति चाहिनुपर्ने कुरालाई नेपालको संविधानले स्पष्ट तोकेको छ, तर राष्ट्रलाई व्यापक, गम्भीर वा दीर्घकालीन असर नपर्ने खालको शान्ति र मैत्री तथा प्राकृतिक स्रोत सम्बन्धमा भने प्रतिनिधि सभाको बैठकमा उपस्थित सदस्यहरूको साधारण बहुमतबाट मात्र पनि स्वीकृति भए पुग्छ ।

मानव अधिकारको सुरक्षा

जसरी कुनै बोटबिरुवालाई स्वच्छन्द रूपमा उम्रन, हुर्कन, फक्रन र फुल्न मलिलो माटो, घाम र पानीको आवश्यकता पर्दछ, त्यसरी नै मानिसलाई आफ्नो व्यक्तित्वको विकासका लागि समुचित परिवेश र स्वतन्त्र वातावरणको आवश्यकता पर्दछ । यस्तो स्वच्छन्द वातावरणमा मात्र मानिसले जीवनको रक्षा गर्ने, सुखशान्तिको खोज गर्ने, आफू र आफ्नो समाजको कल्याणका

लागि विना कसैको भय र त्रास सोच्ने, विचार गर्ने, कल्पना गर्ने र यी कुराहरू अभिव्यक्त गर्ने मौका पाउन सक्छ । यसरी आफू जन्मेदेखि नै मानिसले मानिस भई बाँच्न र विकास गर्न पाउने नैसर्गिक अधिकारलाई नै मानवाधिकार (Human Rights) भनिन्छ ।

अब हामी यी अधिकारहरू कुन-कुन प्रकारका होलान् भन्नेतिर विचार गरौं। ती अधिकारहरूलाई छोटकरीमा यसरी विभाजन गर्न सकिन्छ ।

(क) **प्राकृतिक अधिकार** (Natural Rights):– जस्तै– जीवन रक्षा गर्ने, सम्पत्ति जम्मा गर्ने र वैयक्तिक स्वतन्त्रताको अधिकार ।

(ख) **नैतिक अधिकार** (Moral Rights):– जस्तै– बाबुआमाले केटाकेटी अवस्थामा छोराछोरीको पालनपोषण र छोराछोरीले बूढा बाबुआमाप्रति गर्नुपर्ने हेरचाहको अधिकार ।

(ग) **कानूनी अधिकार** (Legal Rights):– जस्तै–पतिपत्नीको बीच राय नमिले सम्बन्ध विच्छेद गर्न सक्ने कानूनी अधिकार ।

(घ) **मौलिक अधिकार**:– (Fundamental Rights):– जस्तै– समानता, स्वतन्त्रता, धार्मिक स्वतन्त्रता र शिक्षा र संस्कृतिसम्बन्धी अधिकार ।

(ङ) **राजनीतिक अधिकार** (Political Rights):– जस्तै– चुनावमा उम्मेदवार हुने र भोट खसाल्ने अधिकार ।

(च) **सामाजिक अधिकार** (Social Rights):– जस्तै– लेख्ने, बोल्ने, शान्तिपूर्वक भेला हुने र भाषण गर्ने, संघ, संस्था खोल्ने अधिकार ।

सामान्यतया हामीले मानव अधिकारको रूपमा उपर्युक्त अधिकारहरू प्राप्त गर्न सक्छौं तापनि एउटा अर्को बुझ्नुपर्ने कुरा के छ भने हामीले यी अधिकारहरू समाजबाट प्राप्त गरेका हुन्छौं । समाजसँग नै हामीले हाम्रा अधिकारहरूको माग गर्नुपर्दछ र समाजले नै हाम्रा माग-हरूमाथि स्वीकृति प्रदान गर्नुपर्दछ । यसैले समाजसँग हामीले हाम्रा अधिकारहरूका माग गर्दा यी कुराहरूमाथि विचार पुरयाउनु जरुरी छ । ती हुन् :–

(क) हामीले त्यस्तो अधिकारको माग गर्नुपर्दछ, जुन अधिकारबाट समाजको कुनै सदस्य-लाई पनि हानिनोक्सानी नपुगोस् । उदाहरण स्वरूप, आफ्नो खुशीमा खेल्नु, उफ्रनु, दौडिनु मानव अधिकार हो तर यदि कसैले अरूको घर, आँगन, दैलोमा गई उफ्रिएर र कराएर अरूको शान्ति र सुखमा बाधा वा हानि पुरयाउँछ भने त्यस्तो अधिकार समाजबाट स्वीकृत हुन सक्दैन । त्यसै गरी चुरोट पिउनु स्वास्थ्यका लागि हानिकारक छ तापनि त्यो पिउने अधिकार हामीमा त्यो बखतमा मात्र रहन्छ जब हामी कतै एकान्तमा बसेर पिउँछौं । यदि हामी मानिसको हूल वा बसमा यात्रा गर्दा पिउँछौं भने त्यस्तो अधिकार पनि समाजबाट स्वीकृत हुन सक्दैन । किनकि हामीले पिएको चुरोटको धूवाँले अरूको स्वास्थ्य खराब गर्न सक्छ । चुरोटको आगोले अरूको कपडा

पोलेर नोक्सानी पनि हुन सक्छ । यसैले हामीले हाम्रा अधिकारहरूको प्रयोग गर्दा समाजमा कसैको अधिकारको पनि हनन हुनु हुँदैन ।

(ख) अधिकारको प्रयोग समाज कल्याणका लागि हुनुपर्दछ । दिसा गर्नु, पिसाब गर्नु हाम्रा आवश्यकताहरू हुन् र यी कुरा गर्न पाउनु हाम्रो अधिकार पनि हो । तर यदि हामी सार्वजनिक ठाउँमा वा शौचालयको तोकिएको ठाउँ बाहिर दिसापिसाब गर्छौं, घरका झ्याल, कौसी वा धुरीबाट फोहोर मिल्काउँछौं भने तिनबाट हैजा, टाइफाइड, मेनिन्जाइटिस जस्ता रोगहरू फैलिन सक्छन् र यिनैबाट समाजमा विनास उत्पन्न हुन जान्छ । त्यसै गरी हामीले खोला वा नदीको स्वच्छ पानीलाई फोहोर पारी प्रदूषण गर्दा त्यही पानी खाएर हजारौं मानिसको मृत्यु हुन सक्छ भने ती खोला वा नदी प्रदूषित हुने कार्यको अधिकार खोज्नु हाम्रो मूर्खता हुनेछ । अनि आफ्नो देशका सांस्कृतिक थलाहरू– देवालय, पाटी, पौवा फोहोर पार्नु, भत्काउनु र मूर्तिहरू चोरीनिकासी गर्नु सामाजिक अपराध हुन् । यस्ता अपराधहरूलाई समाजले कहिल्यै छुट दिने छैन ।

(ग) हामी जुन कुरा आफ्नो अधिकार सझिन्छौं, अरूका लागि पनि उसको त्यो कुरामा अधिकार रहन्छ भन्ने कुरा कदापि बिर्सनु हुँदैन । अधिकार खोज्ने व्यक्तिले समाजप्रति आफूले गर्नुपर्ने कर्तव्य पनि भुल्नु हुँदैन । अधिकार र कर्तव्य सिक्काका दुई पाटा सरह सँगसँगै आउने कुरा हुन् ।

माथिको चुरोट पिउने उदाहरणमा यदि कुनै मानिसले चुरोट पिउनु आफ्नो अधिकार संझिन्छ भने त्यो चुरोटको धूवाँले उसको स्वास्थ्यमा पर्न जाने असरप्रति पनि ऊ त्यत्तिकै सचेत रहनुपर्छ । एउटा अधिकारपूर्ण नागरिकको हैसियतले अरूको स्वास्थ्यप्रति ख्याल राख्नु उसको कर्तव्य पनि हो ।

नानी हो ! तपाईंहरूले थाहा पाउनुभयो कि अधिकारको सृष्टि राज्यबाट होइन समाजबाट हुन्छ, तर पनि यसमा राज्यको ठूलो हात रहन्छ । कुनै मानिस पनि एक्लै कुनै काम गर्न सक्दैन । समाज वा समुदायमा बसेर सानोतिनो काम गर्नलाई त ती समाज वा समुदायका मानिस आफैं संगठित भएर त्यो काम पूरा गर्न सक्लान् तर कुनै काम यस्ता हुन्छन् जुन राज्य वा सरकारले मात्र गर्न सक्दछ । राज्यले गर्ने यस्ता कुराहरूमा मानव अधिकार सम्बन्धी कुराहरू पनि पर्दछन् । यसैले आफ्नो देशका नागरिकहरूले ती अधिकारको पालन गर्ने वा नगर्ने भन्ने कुरा राज्यको नीतिमा भर पर्दछ । अधिकार त्यो बखतमा मात्र त्यस देशका नागरिकले उपभोग गर्न सक्दछन् जुन बखतमा सरकारले त्यसका लागि वैधानिक मान्यता दिन्छ, वातावरण तयार पारिदिन्छ र यसको रक्षा गर्छ ।

अहिले हाम्रो देशले एउटा नयाँ युग पाएको छ र देशमा पुनः बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना भएको छ । यस अवस्थामा मानव अधिकारको पूर्ण स्थापना र संरक्षणका लागि चाहिने आवश्यक सर्तहरू संविधानले प्रस्ट उल्लेख गरेको छ । यसले देशका कुनै पनि

नागरिकहरूमा धर्म, वर्ण, लिंग, वा जातजातिको आधारमा भेदभाव गरेको छैन। सबैलाई समानता र स्वतन्त्रताको हक प्रदान गरेको छ । आफ्नो अधिकार र स्वतन्त्रताको हकमाथि यदि राज्यले रोक लगाउँछ भने त्यसको विरुद्धमा कानूनी आधारहरू पनि खडा गरिएका छन् । शिक्षा तथा संस्कृति सम्बन्धी हक र धर्म सम्बन्धी हक पनि आजको हाम्रो बहुदलीय प्रजातान्त्रिक व्यवस्थाका उपलब्धिहरू हुन् । सारांशमा भन्ने हो भने हाम्रो राजनीतिक व्यवस्थाले हामीलाई संयुक्त राष्ट्र संघको घोषणापत्रमा उल्लेख भएका र अन्य प्रजातान्त्रिक मुलुकहरूले पालन गरी आएका सम्पूर्ण मानव अधिकारहरू प्रदान गरेको छ । हामी सबै नेपालीले यसको उचित सदुपयोग गर्न सक्यौं भने मात्र यसको महत्त्व रहन्छ।

हाम्रो संसदीय शासनप्रणालीका निर्देशक सिद्धान्तहरू

नानी हो! हामी निदाउँदा सपना देख्छौं, बिउँझिएको अवस्थामा कल्पना गर्छौं । कुनै कल्पना अलि मीठै रहेछ भने त्यस्तो परिकल्पना (Vision) लाई हामी यथार्थमा ढाल्ने प्रयास गर्छौं । कुनै ठूलो घर बनाउँदा हामी पहिले नै सोचविचार गरेर आफ्नो कल्पना अनुसारको एउटा नमूना वा डिजाइन तयार पार्छौं । हाम्रो देश पनि एउटा विशाल साझा घर हो, त्यसैले यसको निर्माणका लागि हाम्रो संविधानले के–कस्तो समाजको विकास गर्ने कल्पना गरेको छ र यसका अन्तिम लक्ष्य तथा उद्देश्य के हुन् ? हामी त्यसबारे केही कुरा जान्ने चेष्टा गरौं ।

यो सत्य हो, कल्पनामा सधैं वास्तविकता हुँदैन तर कल्पनाको आधार नभए हामी निर्दिष्ट लक्ष्यको अभाव भई दिशाहीन अवस्थामा पुग्छौं । त्यसैले हाम्रो बहुदलीय प्रजातान्त्रिक व्यावस्थाले परिकल्पना गरेको समाजको निर्माणका लागि केही सिद्धान्तहरू अपनाएको छ । यी सिद्धान्तहरूले सामाजिक कल्याणका लागि बाटो देखाउने काम गरेका हुन्छन् । बाटो र ठाउँ देखाउँदैमा त्यो बाटोमा लाग्नै पर्छ भन्ने कुनै कानूनी बाध्यता यसमा छैन । हाम्रो देशको कुनै पनि महत्त्वपूर्ण अंगले निर्देशक सिद्धान्तहरू बमोजिम काम नगरेमा यसका विरुद्ध हाम्रो उजुर न्यायालयमा लाग्न सक्दैन । त्यसैले यी सिद्धान्तहरूका कानूनीभन्दा पनि नैतिक बल बढी हुन्छ ।

संसारका धेरैजसो प्रजातान्त्रिक देशहरूमा राजनीतिक दलहरूले आफ्नो देश र समाजलाई कतातिर लाने भन्ने कुराको लक्ष्य र बाटो आफैंले रोजेर तोकेका हुन्छन् । अनेक राजनीतिक सिद्धान्त र मतमतान्तरका आधारमा यी राजनीतिक दलहरू आफ्ना वादहरूको प्रचार गर्छन्, विवाद गर्छन्, संघर्ष गर्छन् र चुनाउ लड्छन् । त्यसैले हाम्रो बहुदलीय प्रजातान्त्रिक व्यवस्थामा दलीयताकै आधारमा नेपाली समाजलाई कुन दिशा र लक्ष्यतर्फ लाने भन्ने कुरा यी निर्देशक सिद्धान्तहरूमा तोकेर तिनलाई के-कस्तो चरित्रवान् व्यक्तिबाट कार्यान्वयन गराउने भनेर पूर्ण प्रजातान्त्रिक आधारमा चुनाउ गरिन्छ ।

यी सिद्धान्तहरूले नेपाली जनमानसको इच्छा र आकांक्षा झल्काउने भावना दर्शाउँछन् र ती आदर्श अनुरूप हामी सबैलाई आफ्नो कर्तव्य र जिम्मेवारीप्रति सजग गराउँछन् । मार्गनिर्देशनका लागि तोकिएको हुनाले नै यी सिद्धान्तहरूलाई हामी निर्देशक सिद्धान्तहरू भन्छौं । हाम्रो संसदीय शासनप्रणालीका निर्देशक सिद्धान्तहरूले देशमा लोककल्याणकारी र न्यायपूर्ण समाजको सिर्जना गर्दै विकेन्द्रीकरणको सिद्धान्त अँगाली, समाजमा आर्थिक शोषणको अन्त्य गर्ने उद्देश्य राखेको छ । अब हामी यी विचारहरूको सविस्तार विश्लेषण गरौं ।

लोककल्याणकारी व्यवस्थाको अभिवृद्धि

बहुदलीय व्यवस्था भन्नु नै प्रजातान्त्रिक व्यवहार र आचरणको नाम हो । यस व्यवस्थाले नेपालमा एक प्रजातान्त्रिक समाजको स्थापना गर्ने कुरामा अटल आस्था राख्दछ । देश, अञ्चल, जिल्ला, गाउँ र नगरहरूमा बस्ने बासिन्दाहरूका इच्छा र आकांक्षाहरूलाई बिसेंर यो व्यवस्थाले केही पनि गर्न सक्दैन । यी सबै ठाउँ र इलाकाहरूमा गरिने कार्यहरू त्यहाँकै बासिन्दाहरूको सामूहिक हित र कल्याणका निम्ति नै गरिनुपर्छ । यस्ता बासिन्दाहरूको बृहत् हित र इच्छा अनुसार जे कामहरू गरिन्छन् ती पनि उनीहरूले आफैंले छानेका प्रतिनिधिहरूद्वारा मात्र गरिन्छ ।



प्रजातान्त्रिक अभ्यासको एक झलक

नेपालमा नेपालीहरूको हितका लागि नेपालीहरूद्वारा मात्र शासन चल्छ । यसका लागि प्रत्येक नागरिकले आफ्नो व्यक्तित्वको पूरा विकास गर्न पाउने मौका उपलब्ध गर्न स्वतन्त्र, शान्त र खुल्ला वातावरण चाहिन्छ । प्रजातन्त्र नभई यस्तो अवस्था आउन सक्दैन । वि.सं. २००७ सालमा स्वर्गीय श्री ५ त्रिभुवनको नेतृत्वमा हामीले मुलुकमा स्थापना गरेको प्रजातन्त्र नेपाली जनमानसमा अमर छ र यसलाई सधैं संरक्षण संवर्द्धन गरी राख्नमा हाम्रो बहुदलीय व्यवस्था

कटिबद्ध छ । यो एउटा शुद्ध लोककल्याणकारी व्यवस्था हो । यस्तो लोककल्याणकारी व्यवस्थामा देशका जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण हुन्छ । सामाजिक, आर्थिक एवं राजनीतिक क्षेत्र लगायत राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम भई खुल्ला समाजको निर्माण हुन्छ । यसैले विशुद्ध लोककल्याणकारी समाजको विकासका लागि बहुदलीय शासनप्रणालीको विकास गर्दै जानु हामी सबैको साझा कर्तव्य हुन आउँछ ।

न्यायपूर्ण समाजको सिर्जना

बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको लक्ष्य नेपालमा एक न्यायपूर्ण समाजको सिर्जना गर्नु रहेको छ । हाम्रो देश विविधताले भरिएको छ । नेपालमा केही क्षेत्र, अञ्चल र इलाकाहरू आर्थिक, शैक्षिक र सामाजिक सुविधाको दृष्टिले केही अगाडि बढेका देखिन्छन् । तर अरू कतिपय क्षेत्र र अञ्चलहरूमा अझै पनि विकासको उज्यालो घाम पुग्न सकेको छैन । आर्थिक दृष्टिले हेर्दा हामीकहाँ मगन्ते गरीबदेखि लिएर अचाक्ली धनाढ्यसम्म पनि छन् । त्यसमाथि तल्लो, बीचको र माथिल्लो, वर्गमा पनि भेद नभएको होइन । यस व्यवस्थाले यस्ता विभिन्न क्षेत्र र वर्गहरूका बीचमा सामञ्जस्य ल्याउने प्रयास गर्दछ । यस्तो सामञ्जस्य नभएमा देशका थरीथरीका अतिवादी र उग्रवादीहरूका साथै आतङ्ककारीहरू बढ्न गई संघर्षको स्थिति आउने डर हुन्छ । त्यसैले यस व्यवस्थाभित्र रहेर समाजमा शान्ति र सामञ्जस्य ल्याउने प्रयास गर्नु हामी सबैको कर्तव्य हुन जान्छ ।

जमिन, जल र जङ्गलको सामञ्जस्यपूर्ण दृश्य

धार्मिक दृष्टिले हेर्दा हाम्रो समाजमा हिन्दु, बौद्ध र इस्लाम धर्म मान्नेहरू छन् । एउटै धर्मभित्र पनि कोही शक्ति पूजामा विश्वास राख्छन् त कोही शिव मार्ग मन पाराउँछन् । हामीमध्ये कोही शाकाहारी छौं भने कैयौं मांसाहारी पनि छौं तर हाम्रो समाजको एक-

अर्काप्रति रहेको समादर भावका साथै नेपालीको साहिष्णुता र समन्वयवादी दृष्टिकोणले गर्दा हाम्रो देशमा सामञ्जस्यको परम्परा रही आएको छ। यही सामञ्जस्य नखल्बलियोस् भनेर नै हाम्रो देशमा सबै धर्मप्रित सद्भावनाका साथै एक-अर्काको धर्मलाई परिवर्तन गर्न मनाही गरिएको छ । सामञ्जस्य नभई नेपाली समाजमा चिर शान्ति र बन्धुत्वको भावना रहन सक्दैन । त्यसैले न्यायपूर्ण समाजको खोजीमा यस व्यवस्थाले सबै किसिमका आर्थिक एवं सामाजिक असमानता हटाई विभिन्न जातजाति, धर्म, भाषा, वर्ण र सम्प्रदायका बीच सामञ्जस्य स्थापना गर्न खोजेको छ । यसैका आधारमा नै न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना हुन सक्ने कुरामा दुई मत रहँदैन ।

"सामञ्जस्य" भन्ने कुन चराको नाम हो ? भनी हामीमध्ये कसैले ठाडो प्रश्न पनि गर्न सक्छौं । त्यसैले यसबारे हामी केही मनन र विवेचना गरौं। नानी हो ! तपाईंहरूले आफ्नो अनुहारलाई एउटा ऐनामा अलि घोरिएर हेर्नुहोस् । आफ्नो दायाँ आँखाको लम्बाइ र चौडाइलाई पनि त्यसै गरी नाप्नोस् । ती दुई आँखा र आँखीभौंको लम्बाइ, चौडाइमा के फरक छ त ? परमेश्वरबाट हामीले पाएका हाम्रा दुई आँखा, दुई कान, दुई हात र दुई खुट्टामा हामी शत-प्रतिशत जोडी मिलेका भेट्टाउँछौं। यस्ता समान अङ्गहरू बीच रहेका अन्य अङ्गहरूमा पनि हामी ठीक अनुपात र संख्या पाउँछौं । दुई आँखाको बीचमा भएको हाम्रो नाकको डाँडी न ठूलो हुन्छ न सानो । त्यस्तै त्यो नाकको चौडाइ पनि न धेरै ठूलो न त धेरै सानो हुन्छ । ज्यादै राम्रो अनुपातमा रहेको नाकले नै हाम्रो मुहारको सौन्दर्य र शोभा बढाउँछ । ज्यादै अग्लो मानिस त्यही अनुपातमा मोटाए मात्र राम्रो देखिन्छ, तर पुड्को मानिस ठूलो मानिसको दाँजोमा मोटाए भकुण्डो जस्तै हुन्छ । त्यसैले हामी भन्दछौं– सौन्दर्य समानुपातमा हुन्छ र समानुपातको अर्को नाम नै सामञ्जस्य हो ।

हामी केही छिनका लागि एउटा खेतबारीको प्राकृतिक दृश्यपट्टि हेरौं । जल, मल, जमीन र घामको सामञ्जस्यपूर्ण योगविना न बोट-बिरुवाहरू नै उम्रन्छन् न हुर्कन्छन्। जलमात्र भयो भने बोट-बिरुवा बाँच्दैनन्, मलमात्र भए पनि ती रहन्नन्। जमीन छ तर जलमल छैन भने पनि बिरुवा उम्रन्न । घाम मात्र छ अरू केही छैन भने त्यो पनि काम लाग्दैन । त्यसै हुनाले हामी भन्छौं प्रकृतिको सामञ्जस्यमा नै बोट-बिरुवा-वृक्षको जीवन अडेको छ । वास्तविक सृष्टिमा शोभा र सौन्दर्यलाई परमेश्वरले सामञ्यस्यमा देखाएका मात्र छैनन्, यही सामञ्जस्यमा नै समाज र जीवनको रहस्य लुकेको हुन्छ । जमीन, जल र जङ्गलको सामञ्जस्यले जीवन रमणीय र रोचक हुन्छ ।

असामञ्जस्यपूर्ण समाज विकारयुक्त हुन्छ । हाम्रो देशको कुनै भागका गल्ली-गल्ली डाक्टर, वैद्य र औषधिपसलहरूले खचाखच भरिएका हुन सक्छन्, तर अर्कोतिर हाम्रै देशका हाम्रै नेपाली दाजुभाइ अति साधारण औखतीमूलो नपाएर अकाल मृत्यु मरिरहेका वा दुःख

पीडामा जेलिएका हुन सक्छन् । हाम्रो देशमा कहीं कार, मोटर दगुर्छन्, तर कैयौं ठाउँमा चप्पलजुत्ता समेत पुग्न सकेको छैन । यस्तै केही ठाउँमा हामीले बिजुली बालेर जीवन सुखमय बनाउन थालेका छौं, तर कैयौं अरू गाउँठाउँमा टुकी बाल्ने मट्टीतेल पनि पुग्न सकेको छैन । असामञ्जस्यपूर्ण यस्तै स्थितिलाई बोध गरिबक्सेर नै हाम्रा राजाबाट सबै नेपालीले आत्म-विकास गर्ने समान अवसर पाउनुपर्ने कुरामा जोड दिइबक्सेको छ । त्यसैले सामाजिक न्यायको दृष्टिकोणले त्यस्तै स्थिति सुधार गर्नका लागि निर्देशक सिद्धान्तहरूले देशको उपलब्ध आर्थिक स्रोत र साधनलाई सीमित व्यक्तिहरूमा केन्द्रित हुनबाट बञ्चित गर्दछ । यस सिद्धान्तले कुनै पनि वर्गमा व्यक्ति उपर आर्थिक शोषण हुन दिने छैन ।

संक्षेपमा यस व्यवस्थाले न्यायपूर्ण समाजको विकास गर्नमा जोड दिन्छ । समाजमा मानिसको सबभन्दा ठूलो चाहना न्याय पाउनु हुन्छ । न्यायविना मानिसले सुख र शान्तिको सास फेर्न पाउँदैन । न्यायका निम्ति मानिसले गरेको सर्वोपरि खोजबाटै मानिसको इतिहास रोचक र प्रेरणादायी कथा बनेको छ । न्यायको खोजले गर्दा नै विभिन्न राजनीतिक र आर्थिक सिद्धान्त-हरू जन्मन्छन् । न्यायको अभावमा नै मानिस झगडा गर्छ, लडाइँ लड्छ अनि मर्न र मार्न पनि पछि हट्दैन । अन्यायदेखि पिल्सिएकै मानिस क्रुद्ध हुन्छ र विद्रोही भएर समाज विरोधी काम गर्न पनि बेर मान्दैन । त्यसैले यस व्यवस्थाले न्यायलाई सर्वोपरि महत्त्व दिएको छ ।



सर्वोच्च अदालतको एक दृश्य

यही न्यायले हामी सबैलाई नैतिक बल दिन्छ । समाजमा न्याय कायम होस् भन्ने उद्देश्यले नै नेपालका नागरिकलाई अनेक हक र अधिकारहरू दिइएका छन् । नागरिकहरूका सबै हक र

अधिकारहरूको संरक्षण हुन सकोस् भनेर हाम्रो देशमा विभिन्न तहका स्वतन्त्र न्यायालयहरू स्थापना गरिएका छन् ।

त्यस्तै हाम्रो मुलुकमा न्यायपूर्ण समाजको विकास होस् भनेर नै हामीलाई यस व्यवस्थाले धर्म, वर्ण, लिङ्ग, जात, जाति वा सम्प्रदाय जस्ता कुनै कुराको आधारमा पनि भेदभाव गर्न छुट दिएको छैन । अनि सबै नागरिकहरू एक न्यायपूर्ण समाजभित्र रही आफ्नो व्यक्तित्वको विकास गर्न सक्षम होऊन् भनी सबैलाई बोल्ने, लेख्ने, संघ र संस्था खोल्ने, नेपालको कुनै पनि भागमा जाने–आउने र बसोबास गर्ने, सम्पत्ति आर्जन गर्ने, भोग गर्ने र बेच–बिखन गर्ने जस्ता हकहरू प्रदान गरिएको छ ।

वास्तवमा नेपालमा प्रत्येक नागरिकहरूले बहुदलीय प्रजातन्त्र र संसदीय शासनप्रणाली अन्तर्गत उपभोग गर्न पाउने सबै प्रकारका मौलिक हक र अधिकारहरू पाएका छन् । नेपाली जनताका यिनै हक र अधिकारहरूलाई संरक्षण दिई कानूनी राज्यको अवधारणालाई साकार पार्न नेपालको संविधान २०४७ ले पूर्ण रूपमा अङ्गीकार गरेको छ ।

विकेन्द्रीकरणको सिद्धान्त

हाम्रो देशलाई प्रशासनिक एवं विकास कार्यक्रमहरू सञ्चालन गर्ने दृष्टिकोणले पाँच क्षेत्रीय विकास केन्द्र, चौध अञ्चल र पचहत्तर जिल्लामा विभाजित गरिएको छ । यी सबै क्षेत्रीय विकास केन्द्र, अञ्चल र जिल्ला अन्तर्गत हजारौं गाउँहरू छन् भने केही ठूलठूला शहरहरूमा नगरहरू पनि छन् । यस्ता गाउँ र नगरक्षेत्रभित्र देखा पर्ने समस्याहरू गाउँ र नगरक्षेत्रभित्रकाले जति राम्ररी बुझ्छन् त्यति जिल्ला र अञ्चल, सदरमुकाम, क्षेत्रीय विकास केन्द्र वा राजधानीमा बस्नेलाई बुझ्न गाह्रो पर्छ । वास्तवमा स्थानीय समस्यालाई स्थानीय जनताले आफैं साधन र श्रमले जति चाँडो समाधान गर्न सक्छन्, त्यति छिटो टाढा वा केन्द्रमा बस्ने माथिल्लो तहबाट हुन सक्दैन । त्यसैले आ–आफ्नो गाउँ वा शहरको सामाजिक तथा आर्थिक सुव्यवस्थाका अतिरिक्त अनेक विकास कार्यहरूको सञ्चालन आफैंले मिलाउन राम्रो हुने कुरामा हाम्रो बहुदलीय प्रजातान्त्रिक व्यवस्थाले जोड दिएको छ ।

उदाहरणका निम्ति गाउँ, शहर वा भनौं जिल्ला वा अञ्चलमा सरसफाइका निम्ति ढलनालको व्यवस्था, शिक्षा प्रसारका निम्ति स्कूल, बौद्धिक विकासका लागि पुस्तकालय, वाचनालय तथा अभिलेखालय, सौन्दर्य भावको विकासका लागि चित्र संग्रहालय, मूर्तिकला संग्रहालय, आध्यात्मिक विकासका निम्ति मन्दिर, देवालय, गुम्बा, स्तूप, विहार, बिरामीहरूको उपचारका निम्ति अस्पताल वा स्वास्थ्य उपचार केन्द्रहरू, मेला भर्न र व्यापारका निम्ति बजारहरू, खानेपानीका निम्ति पाइप जडान, आवागमनका निम्ति बाटोघाटो, सिंचाइका लागि कुलो कुलेसाहरू, छाडा जन्तुहरू राख्न काँजी हाउस, गाईवस्तु चराउन गौचर, प्राकृतिक वातावरण राम्रो पार्न पार्क, बगैंचा, जङ्गल र वन, पौडी खेल्न पोखरी, व्यायाम–खेलकूद आदिका लागि

ट्टुँडिखेल र क्रीडास्थल, सरसफाइका निम्ति सार्वजनिक शौचालयहरू र स्नानघरहरू, पशु-चिकित्सालयहरू, कृषि केन्द्रहरू आदिका साथै सार्वजनिक भेला र सभा गर्ने भवनहरू, नाट्य-गृह, संगीतगृह, जनभेला गर्ने ठूलठूला रंगशाला जस्ता कुराहरूको व्यवस्था स्थानीय निकाय-हरूबाट गर्न सकिने कुरा हाम्रो व्यवस्थाले गरेको छ । प्रत्येक गाउँ, नगर र जिल्लाहरूलाई स्थानीय विकासका कार्यक्रमहरू सञ्चालन गर्न यस्ता अधिकारहरू सुम्पिएका छन् । यसरी माथिल्लो तहमा रहेका अधिकारहरूको तल्लो तहका विभिन्न निकायहरूले प्रयोग गर्न सकिने गरी सुम्पिनुलाई नै शक्ति विकेन्द्रीकरणको व्यवस्था भनिन्छ।

स्थानीय विकास कार्यक्रमहरू सञ्चालन गर्न मात्र होइन, हाम्रा गाउँ, नगर एवं जिल्लाहरू-लाई स्थानीय स्तरमा कुलो, बाँध पैनी, सन्धिसर्पन, जग्गा मिच्नु आदि जस्ता कुराहरूबाट उठ्ने झैझगडा मिलाउने जस्ता अधिकारहरू पनि केही मात्रामा दिइएको छ । यसरी हाम्रा स्थानीय निकायहरूलाई विकास कार्यका अतिरिक्त प्रशासनिक एवं न्यायिक विषयहरूमा समेत अधिकार दिइएको हुनाले आफ्नो घर आफैं कतिको बनाउन सक्छौं भन्ने मौका हामी सबैले पाएका छौं । वास्तवमा हाम्रो व्यवस्था मात्र होइन, नेपाली समाजको सफलता वा विफलता यी गाउँ, नगर र जिल्लाहरूका कामकारबाही बाटै स्पष्ट हुने हुनाले पनि विकेन्द्री-करणलाई यस व्यवस्थाको आधारशिला मानिएको हो । विकेन्द्रीकरणको व्यवस्थाबाटै स्थानीय जनताका निम्ति आवश्यक कुरा जुटाउने, स्थानीय समस्या समाधान गर्ने र स्थानीय विकास कार्यक्रमहरू सञ्चालन गर्ने जस्ता अनेक कार्यमा स्थानीय जनतालाई विभिन्न निकायहरूका माध्यमबाट प्रजातान्त्रिक परिपाटीको जग हाल्ने सुनौलो मौका प्राप्त भएको छ । यसले गर्दा जनतालाई केन्द्रमा मात्र मुख ताक्नुपर्ने परम्परा हट्दछ। देशको शासनप्रणालीमा सबै जनतालाई समान रूपमा बढी भन्दा बढी सम्मिलित हुने मौका दिन्छ र प्रजातन्त्रका लाभहरूको उपयोग र उपभोग गर्ने सुअवसर प्राप्त हुन्छ । यी सब कुराबाट नै समाजमा शान्ति र सुरक्षा कायम हुन सकी व्यवस्थालाई दरिलो बनाउन मानव अधिकारको संरक्षणमा बल मिल्छ।

आर्थिक शोषणको अन्त्य

संसारका विभिन्न मानव समाजमा झैं नेपाली सामाजमा पनि बलियोले निर्धालाई, धनीले गरीबलाई र ठूलाले सानालाई थिचोमिचो गरिआएकै देखिन्छ । समाजमा विद्यमान यस्तो दुर्व्यवहारलाई हामी शोषण भन्छौं । जसरी जंगलमा बलियो पशुले निर्बलयो जीवलाई आफ्नो पञ्जामा पारेर स्वार्थ पूरा गर्छ, त्यसै गरी मानव समाजमा पनि बलियाले निर्धालाई र टाठा-बाठालले लाटासोझालाई शोषण गर्ने गर्दछ । कैयौं परिवारहरूमा त हामी पुरुषले महिला वर्गमाथि शोषण गरेको मात्र भेट्टाउँदैनौं, उमेर पुगेका नर नारी दुवैबाट साना कलिला बाल-बालिकाहरूको शोषण भएको पनि भेट्छौं । यसै गरी उद्योगपतिले मजदुरलाई शोषण गर्ने गर्दछ । शिक्षितले अशिक्षितलाई कजाएको हुन्छ । जमीनदारले किसानलाई दुःख दिएको हुन्छ। अनि किसानहरूले पनि कहिलेकाहीं एक गठ भएर जमीनदारहरूलाई न्यायबाट वञ्चित गरेका हुन्छन् ।

त्यसै गरी गाउँहरूको शोषण शहरहरूबाट भएको हुन सक्छ। धनी राष्ट्रहरूबाट पनि निर्धन राष्ट्र-लाई सताउने र पेल्ने काम हुन सक्छ। मानिसद्वारा मानिसमाथि गरिने शोषण विश्वव्यापी क्रिया हो।

वर्तमान अवस्थाको बाल–बालिकाको चित्र

बहुदलीय व्यवस्थाले परिकल्पना गरेको भोलिको शोषणरहित अवस्थामा तिनै बाल–बालिकाको चित्र

मानिसले मानिसलाई भेडा च्यांग्रा जस्तै किनी खरीद–बिक्री गर्ने दास प्रथा अमेरिकी महाद्वीपमा मात्र हैन हामीकहाँ पनि एकताका थियो। छोराछोरीलाई लिंगको आधारमा भेदभाव गर्ने चलन अहिले पनि केही परिवारमा छँदैछ। समाजका माथिल्लो जातमा जन्मने सौभाग्य पाएकाले तल्लो जातकालाई शोषण नगरेको भए हामीलाई मुलुकी ऐन चाहिन्नथ्यो। त्यसैले आजको प्रजातान्त्रिक व्यवस्थाले यी सब शोषण र भेदभावबाट नेपाली मात्रलाई मुक्त राख्नु आफ्नो लक्ष्य बनाएको छ। यस लक्ष्य अनुसार सामाजिक न्यायको आधारमा सबै जनतामा आर्थिक उपलब्धिको उचित वितरण गर्ने र कुनै व्यक्ति या वर्ग उपर आर्थिक शोषण हुन नपाउने कुरा हाम्रो संविधानले स्पष्ट उल्लेख गरेको छ, तर कानून एवं नियम बनेर मात्र समाजमा शोषणको अन्त्य हुँदैन। यसका लागि केही पूर्वाधारहरूको पनि आवश्यकता पर्दछ।

वास्तवमा शोषण यस्ता समाजहरूमा कम हुँदै गएको छ जहाँ औद्योगिक विकास प्रचुर मात्रामा भएको छ। औद्योगिक समाजमा मानिसले मानिसबाट काम लिनुको साटो तथा मानिसले मानिसको शोषण गर्नुको साटो मानिसले औद्योगिक यन्त्र कल-कारखाना तथा विक-सित औद्योगिक औजारहरूबाट काम लिन्छन्। औद्योगिक देशहरूमा हुने यान्त्रिक मानव (Robot) यसका ज्वलन्त उदाहरण हुन्। जहाँ औद्योगिक औजार अथवा यन्त्रहरू हुँदैनन् त्यहाँ

मानिसले आफूभन्दा कम बलिया मानिसबाट काम लिनुपर्ने बाध्यता हुन्छ । जहाँ ट्याक्टर हुँदैन त्यहाँ हलगोरु र हलो जोत्ने मानिस नभई हुँदैन । जहाँ बिजुलीबाट खाना बनाउने चुलो (Electric Stove) जस्तो बिजुलीको उपकरण हुँदैन, त्यहाँ खाना बनाउनका लागि दाउरा र धूवाँको मुस्लोसित संघर्ष नगरी भात पाक्दैन । त्यसैले आर्थिक शोषणरहित समाजको परिकल्पना गर्दा हाम्रो राष्ट्रको धन र उत्पादकता (Productivity) बढाउनमा निकै नै जोड दिनुपर्छ ।



निर्धन देशमा न्यायपूर्ण वितरणको जति आवश्यकता छ त्यो भन्दा पनि महत्त्वपूर्ण आवश्यकता उत्पादकता बढाउनमा हुन्छ । गरीबी बाँड्न सकिन्न । बाँड्नका लागि धन-सम्पत्ति, चीजबीज र तिनलाई बढाउने वैज्ञानिक उपकरण र औजारहरू नबढाई हुँदैन । यस्तो उत्पादकता बढाउने प्रक्रियामा उद्योग तथा उद्यमशीलताको ज्यादै महत्त्वपूर्ण स्थान रहन्छ । यसैले बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको निर्देशक सिद्धान्तले नेपालमा उद्योग व्यवसाय बढाउनमा जोड दिन्छ । यसका लागि स्वदेशी नीजी एवं सार्वजनिक उद्यमलाई प्राथमिकता र प्रश्रय दिई राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र एवं आत्मनिर्भर बनाउन खोजेको छ ।

वि. स. २००७ साल यताको चार दशकमा निजी र सरकारी क्षेत्रमा देशले औद्योगिकीकरणको बाटोमा ठोस पाइला चाल्न सकोस् भन्ने उद्देश्य राखिएको छ । यसका निमित्त हवाई यातायातदेखि लिएर बाट्टोघाटो, बिजुली- सञ्चार, शिक्षा र सीपसँग सम्बन्धित अनेक संस्थाहरू विकासका पूर्वाधारका रूपमा खडा गरिएका छन् रुगरिदैछन् । तर नेपालमा औद्योगिक प्रक्रियाले अझै जरो हाल्न बाँकी नै छ । देशका बहुसंख्यक जनता कृषिमा नै निर्भर छन् । कृषिजन्य अर्थतन्त्रबाट नेपालीलाई उद्योगधन्दातिर आकर्षित तुल्याउन हाम्रो देशमा भूमिसुधार भयो, सीप र तकनिकी ज्ञान बढाउन व्यावसायिक शिक्षाको प्रसारमा जोड दिइयो र हजारौं हजार

नेपालीहरूलाई तालिम र शिक्षा हासिल गर्न विश्वभरका मुलुकहरूमा पठाइयो, तर यति सबै काम हुँदा हुँदै पनि हामीले उत्पादन बढाउनेतर्फ ठोस उपलब्धि हासिल गर्न अझै बाँकी नै छ। त्यसैले अब कतै नअलमलिई नेपाली जनताका आधारभूत आवश्यकताहरू पूरा गर्न भरमग्दुर चेष्टा गर्नुपर्ने खाँचोतर्फ निर्देशक सिद्धान्तले औंल्याएको छ । निश्चय नै दैनिक जीवनमा हामीलाई नभई नहुने यी गाँस–बाँस र लुगाफाटाहरूका साथै सामान्य ओखती र आधारभूत शिक्षा नै हाम्रा आधारभूत आवश्यकताहरू हुन्। यसका लागि अन्न र अरू खाद्य-वस्तुहरूको उत्पादन बढाउने उद्देश्यले हामीले हाम्रा निरन्तर बगिरहने नदीहरूको सदुपयोग गरी के टार, के तराई सबै मलिला जग्गाजमीनहरूमा सिंचाइ सुविधा मनग्ने बढाउनु-परेको छ ।

यसैले हाम्रो यस राजनीतिक व्यवस्थाले परिकल्पना गरेको आर्थिक शोषणरहित समाजको रचनाका लागि हामीले मानिसको साटो नदीहरूको राम्रोसँग शोषण गर्न सक्नुपरेको छ । नदीहरूमा बाँध बाँधी हामी बिजुली निकाल्न सक्छौं भने बाढी नियन्त्रण गर्न पनि सक्छौं । यसै गरी हामी नदीबाट चल्ने सस्तो यातायातको विकास गर्न सक्छौं । सिंचाइका लागि जल-सञ्चय गर्न सक्छौं र सिंचाइबाट दुई तीन गुना बढी अनाज उत्पादन गरी हाम्रा दैनिक आव-श्यकताहरू पूरा गर्न सक्छौं । त्यसैले नदीको समुचित शोषण गर्ने, वनजङ्गलको संरक्षण र सदुपयोग गर्ने, पर्यटकहलाई आकर्षित गर्ने जस्ता उद्योगधन्दा बढाएर हामीले हाम्रो जीवनस्तर उठाउनुपरेको छ। यस्तो आर्थिक विकास गर्न नसकेमा निश्चय नै आर्थिक शोषणरहित समाजको कल्पनाले हामीलाई आफ्नै छायाँले छले जस्तै छल्ने छ ।

अन्त्यमा जनक र बुद्धको देश, सार्वभौमसत्ता सम्पन्न नेपालको अखण्डता र स्वतन्त्रतालाई कायम राखी राज्यको निर्देशक सिद्धान्तले अवलम्बन गरेको नीति अनुसार अन्तरराष्ट्रिय जगत्मा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्ने, शान्तिलाई अन्तरराष्ट्रिय मान्यताको आधारमा संस्थागत गर्दै जाने र असंलग्नता र पञ्चशीलको सिद्धान्त अनुरूप कार्य गर्दै जाने हामी सबैको चाहना हाम्रो कटिबद्धता, निरन्तर सजगता, आपसी एकता र आर्थिक विकासका निम्तिको अठोटमा नै भर पर्दछ । त्यसका लागि सर्वप्रथम हामीले एउटा शुद्ध राष्ट्रिय चरित्रको निर्माण गर्नुपर्छ । राष्ट्रिय चरित्र हाम्रो नेपालको सर्वोपरि वैभव हो । राष्ट्रिय चरित्रले प्रजातान्त्रिक आदर्शलाई कुरामा भन्दा आचरणमा उतार्छ तथा संवेदनशील भई अरूमाथि परेको पीर मर्कालाई हृदयंगम गर्दै समाजलाई न्यायको बाटोतर्फ अग्रसर गराउँछ अनि यसैबाट हाम्रो देशमा एक सच्चा प्रजातान्त्रिक र विशुद्ध लोक कल्याणकारी व्यवस्थाको अभिवृद्धि हुन गई न्यायपूर्ण र आर्थिक शोषणरहित समाजको विकास गर्नमा योगदान पुग्छ । हाम्रो संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातान्त्रिक व्यवस्थाले गरेका परिकल्पना यिनै हुन् ।

अभ्यास

१. गाउँ वा नगरको संरचना कसरी हुन्छ ? व्याख्या गर्नुहोस् ।

२. नेपालको राजनीतिक व्यवस्थामा जनताले जनआन्दोलनको माध्यमबाट शासनप्रणालीमा किन परिवर्तनको माग गर्नुपर्‍यो ? आफ्नो मन्तव्य दिनुहोस् ।

३. हाम्रो संवैधानिक राजतन्त्रमा श्री ५ को भूमिका दर्शाउनुहोस् ।

५. बहुदलीय प्रजातान्त्रिक व्यवस्थामा हुने फाइदाहरूको उल्लेख गर्नुहोस् ।

४. "सार्वभौमसत्ता" को व्याख्या गरी सार्वभौमसत्ता जनतामा हुनुपर्ने आवश्यकताबारे स्पष्टीकरण दिनुहोस् ।

६. मानव अधिकार भनेको के हो ? हामीले हाम्रा अधिकारहरू खोज्दा के-कस्ता कुरामाथि ध्यान पुर्‍याउनुपर्छ ? संक्षेपमा वर्णन गर्नुहोस् ।

७. हाम्रो संसदीय शासनप्रणालीका निर्देशक सिद्धान्तहरूको उपादेयताबारे प्रस्टयाउनुहोस् ।

८. "हाम्रो बहुदलीय प्रजातन्त्रले एउटा विशुद्ध लोककल्याणकारी व्यवस्थाको अभिवृद्धि गर्न खोजेको छ।" यस कुरालाई स्पष्ट गर्नुहोस् ।

९. एउटा असामञ्जस्यपूर्ण समाजको चित्रण गरी त्यसमा न्यायको महत्त्व झल्काउनुहोस् ।

१०. विकेन्द्रीकरणको सिद्धान्त भनेको के हो ? उदाहरण दिई स्पष्ट पार्नुहोस् ।

११. हाम्रो समाजमा आर्थिक शोषणको अन्त्य गर्नका लागि के-कस्ता कदमहरू चाल्नु पर्ला ? आफ्नो राय दिनुहोस् ।

१२. छोटकरीमा टिप्पणी लेख्नुहोस्

(क) वालिग प्रतिनिधि

(ख) जनमत संग्रह २०३७

(ग) संसदीय शासनप्रणालीका विशेषता

(घ) हाम्रो देशमा राजतन्त्रको आवश्यकता

१३. भिन्नता दर्शाउनुहोस्

(क) बहुदलीय प्रजातन्त्र र निर्दलीयता

(ख) अधिकार र कर्तव्य

(ग) आधारभूत सिद्धान्त र निर्देशक सिद्धान्त

(घ) सहिष्णुता र समन्वय

१४. छोटो परिचय दिनुहोस्

(क) प्रजातन्त्र

(ख) सदस्य

(ग) संसद

(घ) चुनाव

(ङ) मन्त्रिपरिषद्

१५. "राष्ट्रिय चरित्र हाम्रो सर्वोपरि वैभव हो ।" यस विषयमा कक्षामा छलफल गर्नुहोस् ।

हाम्रो संसद

परिचय

हाम्रा गाउँ र नगरमा गाउँ विकास समिति र नगरपालिका अनि जिल्लास्तरमा जिल्ला विकास समिति भए जस्तै राष्ट्रियस्तरको यस्तो संस्थालाई हामी "संसद" भन्छौं । यही संसद-बाटै राज्य सञ्चालनका लागि आवश्यक पर्ने सबै किसिमका कानूनहरू बनाइन्छन् । यस्तो कानून बनाउने सभालाई प्रत्येक राष्ट्रले आ-आफ्नो देशमा आ-आफ्नै नाम दिई आएका छन् । बेलायत-मा यसलाई "पार्लियामेन्ट" भनिन्छ भने जापानमा यसलाई "डायट" भनिन्छ । त्यस्तै संयुक्त राज्य अमेरिकामा यसलाई "काँग्रेस" भनिन्छ भने सोभियत रूसमा यसलाई "सुप्रिम सोभियत" भनिन्छ । अनि जनवादी गणतन्त्र चीनमा यसलाई "राष्ट्रिय जनकाँग्रेस" भनिन्छ भने भारतमा हामीकहाँ जस्तै यसलाई "संसद" नै भनिन्छ । कानून बनाउने यस्ता सभाहरू राष्ट्रिय व्यस्थापिका (National Legislature) हुन् । संसारका हरेक देशमा यस्ता राष्ट्रिय व्यवस्थापिकाहरू सरकारको एक प्रमुख अङ्गको रूपमा रहेका हुन्छन् । अब हाम्रो देशको संसदको गठन कसरी हुन्छ यसबारे बुझौं ।

भारत, बेलायत र अमेरिकामा झैं हाम्रो देशको संसद पनि दुई सदनात्मक छ । यसलाई दुई सदनात्मक व्यवस्थापिका (Bicameral Legislature) भनिन्छ । यस व्यवस्थापिकाभित्र श्री ५, प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन छन् जुन कुरा "राजा संसदमा" अर्थात् "King in Parliament" को सिद्धान्तमा आधारित छ ।

यी दुई सभामा देहाय बमोजिमका सदस्यहरू हुन्छन् ।

प्रतिनिधि सभा

७५ जिल्ला र २०५ निर्वाचन क्षेत्रका जनताबाट निर्वाचित २०५ जना सदस्यहरू

राष्ट्रिय सभा

(क) श्री ५ बाट मनोनीत १० जना सदस्यहरू

(ख) प्रतिनिधि सभाद्वारा निर्वाचित हुने कम्तीमा तीन जना महिला सहित ३५ जना सदस्यहरू

(ग) प्रत्येक विकासक्षेत्रबाट ३ जनाका दरले निर्वाचित भई आउने १५ जना सदस्यहरू

प्रतिनिधि सभाका सदस्यहरूको कार्यकाल साधारणतया ५ वर्षको हुन्छ । यसको सदस्य हुनका लागि कुनै पनि व्यक्ति (क) नेपालको नागरिक हुनुपर्छ- (ख) उमेर २५ वर्ष पूरा भएको हुनुपर्छ (ग) कुनै कानूनले अयोग्य हुनु हुँदैन र (घ) निर्वाचित वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पद बाहेक अन्य कुनै सरकारी आर्थिक लाभ पाएको व्यक्ति हुनु हुँदैन ।

राष्ट्रिय सभा एक स्थायी सदन हुनेछ । साधारणतया यस सभाका सदस्यहरूको पदावधि ६ वषको हुन्छ र प्रत्येक सदस्यको पदावधि ६ वर्ष पुग्ने गरी यस सदनका एक तिहाइ सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुन्छ। यस सभाको सदस्य बन्नका लागि उमेर चाहिं ३५ वर्ष पूरा भएको हुनुपर्छ । अरू नियमहरूमा प्रतिनिधिसभाका सदस्यलाई लाग्ने सरहकै हुन् ।

प्रतिनिधि सभाले निर्वाचन पश्चात् यथाशीघ्र आफ्ना सदस्यहरू मध्येबाट एक जना सभामुख र एक जना उप–सभामुखको निर्वाचन गर्दछ। त्यसै गरी राष्ट्रिय सभाका लागि पनि पहिलो पटक अधिवेशन प्रारम्भ भएपछि राष्ट्रिय सभाका सदस्यहरू मध्येबाट एक जना अध्यक्ष र एक जना उपाध्यक्षको निर्वाचन हुन्छ ।

श्री ५ महाराजाधिराजबाट प्रतिनिधि सभाका लागि निर्वाचन भएको एक महीनाभित्र संसदको अधिवेशन आह्वान गरिबक्सने छ। अन्य समयमा पनि मौसूफबाट यस्तै अधिवेशनको आह्वान गर्न सकिबक्सिन्छ । तर एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भ बीचको अवधि ६ महीनाभन्दा बढीको हुनु हुँदैन। यसरी श्री ५ महाराजाधिराजबाट आह्वान गरिबक्सी चालू भएको अधिवेशनको अन्त पनि मौसूफ स्वयंबाट गर्न सकिबक्सिन्छ। यसमा संसदको दुवै सदन वा एक सदन मात्र पनि पर्न सक्छ ।

जसरी श्री ५ बाट संसदको अधिवेशन बोलाइबक्सिन्छ त्यसरी नै संसदको दुवै सदनलाई सम्बोधन पनि गरिबक्सिन्छ। मौसूफबाट दुवै वा कुनै सदनलाई सन्देश पनि पठाउन सकिबक्सनेछ। यसरी प्राप्त सन्देशलाई सदनले यथाशीघ्र विचार गरी आफ्नो राय श्री ५ मा चढाउनु पनि त्यस सदनको पूर्ण जिम्मेदारी तथा कर्तव्य हुन आउँछ ।

संसदको मुख्य काम देशका विभिन्न समस्या र तिनीहरूको समाधानका लागि विधेयक (Bill) बनाई आपसमा छलफल गरी पारित गर्नु हो । जब यी विधेयक बैठकद्वारा पारित भई श्री ५ बाट लालमोहर लगाइबक्सी स्वीकृति प्रदान गरिबक्सिन्छ त्यसपछि मात्र यो कानून बन्छ । कानून बन्नुभन्दा अघिको मसौदा प्रस्ताव चाहिं विधेयक हो ।

अब राज्य सञ्चालनका लागि आवश्यक पर्ने विभिन्न विषयहरू सम्बन्धी विधेयक ऐन कानूनमा कसरी परिणित हुन्छ भन्ने कुरा सारांशमा जानौं–

कुनै पनि विधेयक ससदको कुनै पनि सदनमा प्रस्तुत गर्न सकिनेछ, तर अर्थ विधेयक भने प्रतिनिधि सभामा मात्र प्रस्तुत गर्न सकिन्छ। यसरी प्रस्तुत भएको विधेयकलाई जब यो सदनले पारित गर्छ अर्को सदनमा यथाशीघ्र पठाइहाल्नुपदछ । यसरी दुवै सदनले पारित

गरेको विधेयक स्वीकृतिका लागि श्री ५ समक्ष पेश गर्नुपर्दछ । यसरी पेश हुन आएका विधेयकमध्ये अर्थ विधेयकमा बाहेक अरूमा पुनः विचार गर्नुपर्ने भन्ने कुरा श्री ५ मा लागेमा मौसूफबाट सन्देश सहित सो विधेयक फिर्ता गरिबक्सनेछ । यस्तो विधेयक पुन संसदको दुवै सदनको स बैठकबाट प्रस्तुत रूपमा वा संशोधन सहित पारित भई श्री ५ मा पेश गरिनुपर्छ ।

साधारणतया विधेयकहरू एक सदनको बैठकबाट पारित भई अर्को सदनमा जाने हो तापनि कुनै-कुनै विधेयकहरू दुवै सदनको संयुक्त बैठकमा पेश गरिनुपर्दछ ।

ती विधेयक हुन्:–

(क) राष्ट्रिय सभाले पारित गरेको तर प्रतिनिधि सभाले अस्वीकार गरेको वा

(ख) प्रतिनिधि सभाले संशोधन सहित राष्ट्रिय सभामा फिर्ता पठाएको, तर राष्ट्रिय सभाको संशोधनमा सहमत हुन नसकेको ।

अब संसदमा पेश हुने एउटा काल्पनिक विधेयकको नमुना हामी यहाँ अध्ययन गरौं–

विधेयकका प्रतिहरू संसद सदस्यहरूलाई वितरण गरिसकेपछि विधेयक प्रस्तुत गर्ने माननीय सदस्यले विधेयकमाथि विचार गरियोस् भनी सभामुख वा अध्यक्षको अनुमति लिई छलफलका लागि प्रस्ताव पेश गर्दै भन्नुहुन्छ – "संसद सदस्यज्यूहरू! हाम्रो देशमा विभिन्न भौगोलिक क्षेत्रहरू भएको कुरा यहाँ उपस्थित सबै माननीय सदस्यहरूलाई अवगत भएकै कुरा हो । दक्षिणदेखि उत्तरतर्फ विचार गर्ने हो भने हाम्रो मुलुकका तराई फाँट सकिने बित्तिकै भावरका क्षेत्र र त्यसपछि चुरेका घाँसे पहाडहरू देखा पर्छन् । तराईको बढ्दो जनसंख्याको चापले गर्दा हामी नेपाली दाजुभाइहरूले अब भावर र चुरेको घाँचमा पनि बस्ती बसाल्न थालिसकेका छौं । यो भेग गेग्यान, ढुंगा र बलौटे माटो र बुरबुरे चट्टानबाट बनेको मात्र होइन, भौगोलिक दृष्टिकोणले ज्यादै फुसफुसे खस्कने र उब्जा नहुने खालको पनि छ । प्राचीनकालदेखि यीं ठाउँहरू जंगलले ढाकिएका छन् । भावरको यस भेगले पहाडबाट झर्ने अनेक नदीहरूको बाढीलाई रोकथाम गरी तह लगाउँदा तराईका फाँटहरू बाढीको प्रकोपले बचेका छन् । अर्को कुरा त्यो यस्तो भेग हो जहाँको वनजंगलले जलसंचय गरेर हाम्रो तराईलाई नलकुवा (Artisian Well) द्वारा पानी दिइरहन्छ । अफसोचको कुरा आज यस क्षेत्रमा बसोबासको चाप बढेको मात्र होइन, जंगल बेमाख गर्ने घुइँचो जस्तै चलेको छ । भावरको यस्तो क्षेत्रमा बस्तीहरू बसाएमा र रूखहरू मास्सिएमा हाम्रो अन्नको भण्डार तराईलाई बाढीले पेल्ने मात्र होइन हाम्रा खेतहरूको साथै असंख्य धनजनको पनि हानि हुने निश्चय छ ।"

"यसै प्रसंगमा म अर्को कुरातर्फ पनि यस संसदको ध्यान आकर्षण गर्न चाहन्छु । काठमाडौं उपत्यका उब्जनीका लागि विश्वप्रसिद्ध छ । आज जुन माटोको कण–कणमा मलिलोपन मात्र होइन उर्वरताको शक्ति पनि लुकेको छ त्यस्तो उब्जिलो ठाउँमा हामी सिमेन्ट र कंक्रिटका

घरहरू बढाउँदै हाम्रो लहलहाउँदो खेतलाई मास्दै हाम्रो पेट काट्दै छौं । संसद सदस्यहरू! मैले यहाँ प्रस्तुत गर्न खोजेको मूलभूत कुरा संक्षेपमा के हो भने हाम्रो देशमा भू–उपयोगिता सम्बन्धी कानूनको ज्य दै ठूलो खाँचो छ। लहलहाउने खेतलाई मासेर त्यसमाथि कल–कारखाना खडा नगरिऊन् । त्यसैले जुन ठाउँको जमीन जे कामका लागि उपयुक्त छ, यथाशक्य त्यसका लागि मात्र प्रयोग गर्ने कुरामा श्री ५ को सरकारलाई सजिलो परोस् भन्नाका लागि एउटा यस्तो कानून बनोस् जसबाट अहिलेको अवस्थालाई मुनियोजित गर्न सकियोस् र हाम्रो योजनाबद्ध विकासक्रमलाई सघाउ पुऱ्याउन सकियोस् ।"

विधेयक प्रस्तुत गर्ने सदस्यले बोल्नु भएपछि अर्का सदस्य आफ्नो आसनबाट उठेर अध्यक्ष वा सभामुखको अनुमति लिदै बोल्नुहुन्छ– "संसद सदस्यहरू ! जंगल मासिदा हुन आउने धनजनको नोक्सानी र सम्पूर्ण तराईमाथि खतरा आउने जुन कुरा माननीय सदस्यले अहिले व्यक्त गर्नु भयो त्यो कुरामा म सोह्रैआना सहमत छु तर ऊहाँले दिनुभएको रोगको उपचार कत्तिको व्यावहारिक होला त्यसमा विचार गर्नु जरुरी ठान्दछु । यतिका वर्षहरूमा जनताले आफ्नो मिहिनेतले जोड्दै आएको घरबारी, शहर, बजारलाई भौगोलिक दृष्टिकोणले हानिकारक छ भन्दैमा एकै पटक कसरी उठाउन सकिएला ? यसबाट कैयौं मानिसलाई आर्थिक संकट पर्नाको साथै बर्षौंदेखि बसेको बसोबास चलाउँदा समाजमा अशान्ति फैलने डर हुँदैन र ? त्यसो हुनाले यसमा सदस्यहरूको अझै बढी ध्यान पुगोस् ।

यसै क्रममा अर्का माननीय सदस्य भन्नुहुन्छ– "जंगल कायम गर्नुपर्ने ठाउँमा जंगल मासेर खेती गर्नु, बसोबास गर्न नहुने ठाउँमा घर बनाएर बस्नु जस्ता कुराहरू एक दिनमा उब्जिने होइनन् । यी त बर्षौंदेखि हाम्रा कमजोरीहरूबाट उब्जिएका समस्याहरू हुन् । हाम्रा अशिक्षित र गरीब दाजुभाइहरूलाई एकै पटक घरबाट छोडेर जाऊँ र भोलिदेखि जमिन जोत्यौ भने सजाय हुन्छ मात्र भनेर समस्या टर्ला जस्तो मलाई लाग्दैन । त्यसो हुनाले सन्तुलित परिवातावरण (Ecological Balance) को दृष्टिकोणले भावर र चुरे जस्ता ठाउँमा अबदेखि बसोबास र खेती गर्ने कामबाट रोक्नुपर्ने एकातिर आवश्यकता छ भने अर्कोतिर बस्ती बसाउन नहुने तर बस्ती बसिसकेको ठाउँबाट मानिस उठाउन एउटा बैकल्पिक बाटो विचार गर्न आवश्यक हुनेछ । त्यसैले यो प्रस्ताव गरिएको विधेयकलाई विभिन्न ठाउँहरूमा विभिन्न चरणहरूमा सकभर साधारण जनतालाई मर्का नपर्ने गरी लागू गर्ने उपायहरूका साथै मलाई लागेको विचार पेश गर्न चाहन्छु । मेरो विचारमा व्यावहारिक पक्षलाई हेरेर २० वर्षभित्र कार्यान्वयन गर्ने छोटकरी रूपरेखा पनि म यहाँ माननीय सदस्य साथीहरू समक्ष प्रस्तुत गर्दैछु । उदाहरणका निम्ति काठमाडौं जस्तो शहरलाई नै लिऊँ । भित्रका बासिन्दाहरूको वृद्धिले भन्दा पनि बाहिरबाट आउने जनसंख्या वृद्धिले गर्दा काठमाडौंका सडकहरू ठूलो भीडले हिंडडुल गर्न कठिन पर्ने भएका छन् । यस्तै यातायातका साधनहरूको मनग्ये वृद्धिले गर्दा पनि सडकहरू निक्कै साँगुरिएका छन् । बढ्दो जनसंख्याको चापले हाम्रो यो उब्जिलो उपत्यका

सधैंका लागि विलीन हुने डर पनि बढ्दैछ । त्यसै हुनाले सदस्य साथीहरू ! मैले यहाँ अब काठमाडौंका नयाँ बस्ती बसेका ठाउँहरूमा सडक अहिलेको भन्दा ५ देखि ७ गुनाको वृद्धि गर्ने तर हालका बासिन्दाहरूलाई कतै मर्का नपरोस् भन्नाका खातिर हामीले तलैतला भएका २५ तले घरहरू बनाउने र त्यसमाथि पनि थप गर्नुपरेमा त्यसको समेत प्रबन्ध मिलाउने योजना पेश गरेको छु । यो यस कारण व्यावहारिक छ कि हामीले कुनै पनि घरको मालिकलाई त्यस तलैतला भएको भवनमा क्षेत्रफलकै हिसाबले सट्टाभर्ना दिनेछौं । यसो गर्नाले हामीलाई सडक चौडा मात्र होइन केही पार्क, केही हरियाली र सार्वजनिक महत्त्वका भवनहरू बनाउन पनि ठाउँ हुनेछ । विश्वका सम्पूर्ण विकसित देशहरूमा आकाशिदै जाने घरहरू (Skyscrapers) बन्दैछन् । जापानजस्तो भूइँचालो ग्रस्त देशमा पनि यस्ता धेरै तले घर बनिसके । हामीले पनि त्यहाँको प्रविधि अपनाई क्रमिक रूपमा यस्तो कदम नचाली भएको छैन । यो त भयो तलतला भवन बनाएर काठमाडौं उपत्यकाको अत्यन्त मलिलो जग्गा-जमीनलाई मर्का नपर्ने गरी जोगाउने बारेको प्रस्ताव । अर्कोतर्फ म यहाँ एकछिनका लागि तराई र भावरका जंगल र त्यहाँको बसोबास समस्यातर्फ पनि मेरा माननीय सदस्य साथीहरूको ध्यान आकर्षण गर्न चाहन्छु । सुकुम्बासीहरूको बसोबासको प्रश्न देशका सामु एक ठूलै समस्याका रूपमा आज खडा छ । बाढी, पहिरो, अतिवृष्टि, खडेरी, भूकम्पजस्ता अनेक प्राकृतिक प्रकोपमा परेका कयौं हाम्रा दाजुभाइ र दिदीबहिनीहरू जंगलतर्फ नयाँ जग्गा र बस्तीको खोजमा अनेक कष्ट सहेर हिंड्दा-छन् । धेरै वर्षदेखि हामीले यहाँ हजारौं हजार यस्ता सुकुम्बासीहरूलाई नयाँ बस्तीहरूमा बसाली पनि सकेका छौं, तर बढ्दो जनसंख्याको पृष्ठभूमिको यो समस्या अत्यन्त चुनौतीका रूपमा खडा भई एकपछि अर्को गर्दै "हरियो बन नेपालको धन" भन्ने कुरालाई दन्त्यकथा साबित गर्नेपट्टि लागिसकेका छन् । यो क्रम जारी नै हुने हो भने नेपालमा अब वनजंगल नहरुने मात्र होइन कताकता हरियालीले भरिएको हाम्रो मातृभूमिलाई हामीले मरुस्थल बनाउने नचाहिंदो काम हामीबाटै त हुँदैन ? अनि हामीले हाम्रा भावी सन्ततिका लागि ठूलै अत्याचार गरे समान त हुँदैन ? त्यसैले संसद सदस्यज्यूहरू ! मैले यहाँ यस सम्बन्धमा पनि एक उपाय पेश गरेको छु । यस अनुसार अबदेखि सुकुम्बासीहरूलाई खनजोत गर्ने जग्गाभन्दा श्री ५ को सरकारले यस्ता असहायहरूलाई इलम, सीप, व्यावसायिक ज्ञान सिकाउने ठूला-ठूला तालिम केन्द्रहरू पुनर्वासका लागि जम्मा हुने क्षेत्रमा खड़ा गर्ने कुरा प्रस्ताव गर्दछु । कुनै नेपाली वास्तविक सुकुम्बासी नै रहेछ नै भने त्यस्तालाई आश्रयस्थलका रूपमा यस्ता तालिम केन्द्रहरू भएकै ठाउँमा ठूला-ठूला आश्रय भवन बनाउने र ६ महीनादेखि १ वर्षका लागि घरेलु उद्योगधन्दादेखि अनेक सीप सिकाउने व्यवस्था मिलाउने कुरा पनि म यहाँ उल्लेख गर्दछु । यस्ता सीप र इलमको अहिले देशमा यति खाँचो छ कि हामी कैयौं सिकर्मी, डकर्मी, बजुकर्मी, लौहकर्मीदेखि लिएर हजारौंहजार इलम जानेका विदेशीहरूले हाम्रो देशभित्र काम पाइरहेका देखिरहेका छौं । त्यसैले अबदेखि जंगल फाँडी जग्गा बाँड्ने पुनर्वासको व्यवस्थालाई

बन्द गरेर केही कालका लागि सीप र इलम प्रसार गर्ने केन्द्रहरू खोलेर यस्ता उद्योग बढाउन सके आफ्नै मिहिनेत र पसीनाले गौरवसाथ आत्मरक्षा गर्नसकिने भएकाले अबदेखि सीप तालीम केन्द्र–पुनर्वास व्यवस्थाका लागि पनि म केही मूलभूत प्रस्ताव राख्दछु । मलाई लाग्छ यसले गर्दा सम्पूर्ण नेपालीले गाँस, बास, कपास जस्ता नभई नहुने आधारभूत आवश्यकताहरू पूरा गरी सम्मानको जीवन व्यतीत गर्न सक्नेछन् । त्यसैले यिनै न्यायोचित उपयहरूका साथ मलाई लागेका व्यावहारिक कुरा संसद सामु पेश गरेको हुँ ।"

यसरी प्रस्तुत भएको विधेयकमाथि पूरा छलफल भएपछि मात्र निचोडका साथ त्यो विधेयक पारित गरिनुपर्छ । छलफलमा कसैले कसैमाथि करकाप गर्नु वा बन्देज लगाउन् हुँदैन । यो नै प्रजातान्त्रिक अभ्यास हो । अनि त्यस विधेयकमा श्री ५ बाट स्वीकृति बक्सेपछि लालमोहर लगाइन्छ र विधेयक कानूनमा परिणत हुन्छ । गद्दीनसीन राजा वा रानी भएका सबैजसो प्रजातान्त्रिक देशहरूमा यस्तै प्रणालीको अनुसरण गरिन्छ । बेलायतमा त्यहाँका राजा वा रानीबाट लालमोहर लागेको कुरा फ्रान्सेली भाषामा "Le Roy Veult" भनी घोषणा गर्ने चलन छ । यसरी हाम्रो संसदले देशमा आवश्यक पर्ने अनेक विषयहरूमा नीति-सहितको विधेयक तर्जुमा गरी हाम्रो देशको कानून बन्दछ ।

देशको दैनिक प्रशासन चलाउँदा संसदको अधिवेशन नभएको बेला कदाचित् कुनै ऐन कानूनको खाँचो भएमा श्री ५ महाराजाधिराजबाट केही समयका लागि संविधानमा लेखिएका कुराहरूको प्रतिकूल नहुने गरी काम चलाउन जारी गरिबक्सने ऐनलाई "अध्यादेश" भनिन्छ । अरू प्रजातान्त्रिक देशहरूमा पनि यही परिपाटीबाट अध्यादेशले ऐन कानूनको काम गर्ने चलन छ ।

संसदमा बोलिने भाषा शिष्ट, मर्यादापूर्ण र आपत्तिजनक नहुने खालको हुनुपर्दछ । त्यस्तै संसदको बैठकमा उपस्थित हुँदा राष्ट्रिय पोशाक लगाउनु राम्रो हुन्छ । संसदका सदस्यहरूले विभिन्न कार्यभार सह्याल्ने मन्त्रीहरूलाई विभिन्न प्रश्नहरू गरी उनीहरूलाई सजग मात्र होइन त्यस्तै परेमा मन्त्रिपरिषद्ले इमानदारीपूर्वक काम गर्न सकेका छैनन् भन्ने अविश्वासको प्रस्ताव समेत चाहिने बहुमतद्वारा पारित गर्न सक्छन् । यसरी हाम्रो संसदले मन्त्रिपरिषद्माथि निगरानी राख्छ । साथै संसदका सदस्यहरूले देशमा आइपरेका अनेक सार्वजनिक समस्याबारे जानकारीका लागि मन्त्रिपरिषद्को ध्यान आकर्षण गरी जनसाधारणलाई पनि आ–आपनो कर्तव्य-प्रति प्रचारप्रसारको माध्यमद्वारा सजग गराई राख्छन् । साथै राष्ट्र प्रमुखका रूपमा श्री ५ महाराजाधिराजबाट देशको प्रजातान्त्रीकरण र विकासका लागि शाही सम्बोधनमा उल्लेख भएका कुराहरूको कार्यान्वयन गर्न गराउन पनि सबै जन प्रतिनिधिहरूको कर्तव्य हुन जान्छ ।

अभ्यास

१. राष्ट्रिय व्यवस्थापिका भनेको के हो ? यसले के काम गर्दछ ? लेख्नुहोस् ।

२. "राजा संसदमा" अर्थात् "King in Parliament" को सिद्धान्तको परिचय दिनुहोस् ।

३. प्रतिनिधि सभा र राष्ट्रिय सभाको भिन्नता दर्शाई यसको गठन प्रक्रिया बताउनुहोस् ।

४. श्री ५ महाराजाधिराजबाट संसदको आह्वान र अन्त्य तथा सम्बोधन र सन्देश कुन रूपमा कसरी हुन्छ ? त्यसको विधि बताउनुहोस् ।

५. संसदमा पेश हुने विधेयक पारित हुन के-कस्तो प्रक्रिया अपनाउनुपर्छ ? वर्णन गर्नुहोस् ।

६. विधेयक पारित बाहेक संसदमा जनप्रतिनिधिहरूले निर्वाह गर्नुपर्ने अन्य कर्तव्यहरू के-के हुन् ? यसमा आपना कुराहरू पनि पेश गर्नुहोस् ।

७. **परिचय दिनुहोस्**

(क) दुई सदनात्मक व्यवस्थापिका (Bicameral Legislature)

(ख) प्रतिनिधि सभाका सभामुख

(ग) राष्ट्रिय सभाका अध्यक्ष

(घ) विधेयक

(ङ) कानून

(च) अध्यादेश

८. पाठमा उल्लेख भएजस्तै कक्षामा काल्पनिक प्रतिनिधि सभाको गठन गरी एउटा कुनै काल्पनिक समस्यामाथि छलफल गरी त्यसलाई पारित गर्नुहोस् ।

संवैधानिक अंगहरू

कुनै पनि देश स्वतन्त्र राज्य हुनाका निम्ति यसमा चार गुणहरू अनिवार्य रूपमा हुनैपर्छ। पहिले त निश्चित भू–भाग हुनुपरयो । त्यसपछि त्यस भू–भागमा बस्ने जनता हुनुपरयो । त्यसमाथि बाहिरी वा भित्री रूपले आफ्नो देशको कुनै पनि मामिलामा निर्णय लिने कुरामा आफू पूरै रूपमा स्वतन्त्र हुनुपरयो । राज्यको यस्तो स्वतन्त्रताको गुणलाई सार्वभौमिकता भनिन्छ । यी तीन कुरा जुटेपछि त्यस देशको शासन चलाउन एउटा सरकार पनि चाहिन्छ । यसरी भू–भाग, जनता, सार्वभौमिकता र सरकार मिलेर राज्यको गठन हुन्छ । हाम्रो देश नेपाल पनि यही आधारमा खडा भएको छ । यो एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न-हिन्दू, संवैधानिक राजतन्त्रात्मक अधिराज्य हो।

कुनै पनि राज्य वा अधिराज्य एक किसिमले मानिसको शरीर जस्तै हुन्छ । शरीरको सुस्वास्थ्यका लागि हामीले बिहान उठ्ने, स्नान गर्ने, काम गर्ने अनि आराम र मनोरञ्जन गरी फेरी काम सकेर विश्रामका लागि जसरी नियम बनाउँछौं, त्यसै गरी शरीररूपी राज्य सञ्चालनका निम्ति हामी मोटामोटी नियम र नीति तयार पार्छौं । यस्तो नियम र नीति लेखिएको पुस्तकलाई संविधान (Constitution) भनिन्छ । त्यसैले संविधान ऐन, कानून भन्दा पनि माथिका नीति–नियमहरूको संग्रह मानिन्छ । यस्तो संविधान प्रचलनकै रूपमा अलिखित रूपमा पनि चल्छ। तर जे भए पनि संविधानमा देशको शासन राम्ररी चलाउन अनेक अङ्गहरूको गठन गरिएको हुन्छ । यस्ता अङ्गहरूलाई अंग्रेजीमा (Constitutional Organs) भनिन्छ। तीमध्ये तीन अङ्ग ज्यादै प्रमुख हुन्छन् ।

एहिलो अङ्ग हो– राष्ट्रिय व्यवस्थापिका (National Legislature) । हाम्रो मुलुकको राष्ट्रिय व्यवस्थापिकामा श्री ५, प्रतिनिधि सभा र राष्ट्रियसभा गरी दुई सदनको व्यवस्था छ भन्ने कुरा तपाईंहरूले पढिसक्नुभएको छ । अब आउनोस् यसबारे अरू केही बढी कुरा जानौं ।

राष्ट्रिय व्यवस्थापिकाको प्रतिनिधि सभा तल्लो सदनका रूपमा रहेको छ र राष्ट्रिय सभा माथिल्लो सदनका रूपमा रहेको छ । प्रतिनिधि सभामा देशका विभिन्न जिल्ला अन्तर्गतका २०५ निर्वाचन क्षेत्रबाट जनताका प्रतिनिधि चुनिएर आउँछन् भने राष्ट्रिय सभामा श्री ५ बाट मनोनीत, प्रतिनिधि सभाद्वारा निर्वाचित र प्रत्येक विकास क्षेत्रबाट निर्वाचित भई आएका मानिसहरूको प्रतिनिधित्व हुनेछ । यी सबै प्रतिनिधिहरूलाई हामी "संसद सदस्य" भन्दछौं । यसरी आएका "संसद सदस्यहरू" मा प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई श्री ५ महाराजाधिराजबाट प्रधानमन्त्री नियुक्त गरिबक्सिन्छ । अनि सोही प्रधानमन्त्रीको सिफारिसमा र निजकै अध्यक्षतामा संसदका अरू सदस्यहरू मध्येबाट आवश्यकता अनुसार अरू मन्त्रीहरू समेतको एक मन्त्रिपरिषद् (Council of Ministers) को गठन गरिबक्सनेछ । यसरी श्री ५ बाट गठन गरिबक्सेको मन्त्रिपरिषद्का सदस्यहरू प्रतिनिधिसभाप्रति सामूहिक रूपमा उत्तरदायी हुनेछन् र व्यक्तिगत रूपमा आ–आफ्नो मन्त्रालयको कामका लागि र प्रधानमन्त्रीप्रति पनि उत्तरदायी हुनेछन् ।

संसदले देशको ऐन, कानून र बजेट आदिको तर्जुमा गर्छ भने यसको कार्यान्वयन गर्ने काम चाहिं मन्त्रिपरिषद्ले गर्छ । त्यसैले मन्त्रिपरिषद्लाई कार्यपालिका (Executive) पनि भनिन्छ । यस कार्यपालिकाभित्र प्रधानमन्त्रीका अतिरिक्त आवश्यकता अनुसार उप–प्रधानमन्त्री र अन्य मन्त्रीहरू रहनेछन् ।

त्यस्तै, व्यवस्थापिका र कार्यपालिकाले निष्पक्ष भएर आफ्नो नियमभित्र बसी काम गरे कि गरेनन्, त्यसमा पनि कार्य पालिकाभित्र पर्ने कर्मचारी, प्रहरी र सेना आदिका साथै देशमा न्यायनिसाफ बमोजिम काम भएको छ वा छैन भन्ने कुराको छिनेफानो गर्नका निम्ति एक न्यायपालिका (Judiciary) पनि हुन्छ । यसैभित्र हाम्रो देशमा सर्वोच्च अदालतका साथै पुनरा-

न्याय र समानताको

आधारमा गठन गरिएको स्वतन्त्र न्यायपालिका

वेदन र जिल्ला अदालतहरू स्वतन्त्र एवं सक्षम न्याय प्रणालीका आधारमा गठन गरिएका छन् । यसैबाट नै उच्च प्रजातान्त्रिक मुलुकमा झैं हाम्रो मुलुकमा पनि कानूनी राज्यको अवधारणालाई साकार पार्ने काममा मद्दत पुग्नाउँछ ।

वास्तवमा संसारका सबैजसो प्रजातान्त्रिक देशहरूमा व्यवस्थापिका (Legislature), कार्यपालिका (Executive) र न्यायपालिका (Judiciary) लाई एकले अर्कोलाई नियन्त्रण र सन्तुलन राख्ने दृष्टिले स्थापना गरिएको हुन्छ । व्यवस्थापिकाले छलफल र आपसी बहसद्वारा देशका विभिन्न समस्याहरू बारे नीतिनिर्माण र कानूनको तर्जुमा गर्छ भने कार्यपालिकाले त्यसलाई कार्यान्वयन गर्छ र कार्यपालिकाभित्र पर्ने मन्त्रिपरिषद्, प्रशासन र प्रहरी लगायतका सरकारी अङ्गहरूले कतैं अन्याय, अत्याचार वा कानून विपरीत काम त गरेनन् भन्ने कुरालाई न्यायपालिकाले हेर्ने गर्दछ । यसरी एक संवैधानिक अङ्गको काममाथि अर्को संवैधानिक अङ्गले प्रत्यक्षरूपले हेर्ने प्रक्रियालाई नियन्त्रण र सन्तुलन (Checks and Balances) भनिन्छ र यस्तै पारस्परिक प्रभावकारी निगरानीबाट मात्र देशमा निष्पक्षता र न्यायको स्थापना गरिएको हुन्छ । यसो नभएको खण्डमा एउटा व्यक्तिको मनपरीबाट निरंकुशता निर्विवाद रूपले बढ्छ ।

यसै गरी हाम्रो संविधानमा एक राजपरिषद्को पनि व्यवस्था छ । राजपरिषद्मा श्री ५ बाट तोकिबक्सेको राजपरिवारका सदस्यहरू लगायत प्रधानमन्त्री, प्रधान न्यायाधीश, प्रतिनिधि सभाको सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, राजपरिषद्को स्थायी समितिको सभापति, उप-प्रधानमन्त्री मन्त्रीहरू, प्रतिनिधि सभामा विपक्षी दलको नेता, अतिरथी, बडागुरुज्यू प्रधान सेनापति मूख्य साहेबज्यू र सबै जसो संवैधानिक प्रमुखहरू पदेन सदस्य रहन्छन् । यसका साथै राष्ट्रिय जीवनका क्षेत्रमा ख्याति प्राप्त गरेका वा राष्ट्रको विशेष सेवा गरेका श्री ५ बाट नियुक्त गरिबक्सेका व्यक्तिहरू पनि सदस्य रहन्छन् ।

राजपरिषद्को मुख्य काम श्री ५ को स्वर्गारोहण भएमा वा मौसूफबाट राजगद्दी परित्याग गरिबक्सेको घोषणा गरिबक्सेमा वा श्री ५ मानसिक वा शारीरिक अशक्तावस्थाले गर्दा कार्यभार बहन गर्न असमर्थ होइबक्सेमा राजपरिषद्को बैठक बोलाई राजगद्दी उत्तराधिकार सम्बन्धी कानून, रीत र परम्परा अनुसार श्री ५ को उत्तराधिकारीको राज्यारोहण घोषणा गर्नु हो ।

यसरी हाम्रो देशको दैनिक शासन चलाउन संविधानमा अरू प्रजातान्त्रिक देशहरूमा झैं अनेक अङ्गहरू तोकिएका छन् । यी अङ्गहरू आफ्नो संवैधानिक व्यवस्थाप्रति पूर्ण आस्थावान् रही इमानदारीसाथ नेपाल र नेपालीको सेवा गर्छन् । संविधानमा उल्लेख भएकाले यी संस्थाहरूलाई संवैधानिक अङ्ग भनिन्छ । यिनीहरू श्री ५ को सरकारको अधीनमा नरही निष्पक्ष रहन्छन् । कसैको मरमुलाहिजा, दबाब, भनसुन वा पक्षपातबाट टाढा रहने निकाय भएकाले यिनीहरू इन्साफका खम्बा ठानिन्छन् । त्यसैले स्वतन्त्र न्यायपालिकाले गरेको फैसला वा निर्णयमाथि कसैले आक्षेप लगाउन पाइँदैन ।

माथिका संवैधानिक अङ्गहरू बाहेक अरू संवैधानिक अङ्गहरूको जिम्मेवारी पनि ज्यादै गहन हुन्छ । तिनीहरूको नाम र काम छोटकरीमा देहायबमोजिम छन्–

लोक सेवा आयोग (Public Service Commission)–निजामती सेवाको कुनै पनि रिक्त पदमा स्वतन्त्र र निष्पक्ष भई नियुक्ति, बढुवा र विभागीय कारबाई समेत गर्दा लोक सेवा आयोगले परामर्श दिन्छ । जसरी हाम्रो शरीरको फोक्सो (Lungs) ले अक्सीजनको स्वच्छ हावा लिई शरीरलाई स्वस्थ्य राख्छ त्यसै गरी सरकाररूपी शरीरलाई नयाँ जीवन भर्दै स्वच्छ र सक्षम राख्न मद्दत गर्ने काम लोक सेवा आयोगले गर्छ ।

महालेखा परीक्षक (Auditor General)– सबै सरकारी र स्वशासित संस्थाहरू गरेको आम्दानी र खर्च हिसाब नियमानुसार छ, छैन भन्ने कुराको जाँच गर्ने काम महालेखापरीक्षकले गर्छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग (Commission for the Research of the Abuse of Authority)– यसले कुनै पनि संस्था वा कार्यालयका कुनै पदाधिकारीले अधिकारको दुरुपयोग गरेमा त्यसको अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्नेछ । शरीरमा किड्नी (Kidney) ले जसरी छान्ने काम (Filter) गरेर शरीरभित्रको फोहरमैला छुट्याउँछ, त्यसरी नै यस आयोगले दोषी र निर्दोषीलाई छुट्याएर सम्पूर्ण देशको सरकारी अंगहरूलाई स्वच्छ राख्छ ।

निर्वाचन आयोग (Election Commission)– यसले संसद तथा गाउँ, नगर र जिल्लाका स्थानीय निकायहरूको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्दछ । यस प्रयोजनका लागि मतदाताहरूको नामावली तयार गर्ने काम पनि यसैले गर्दछ । सरकारको यो अङ्ग निष्पक्ष, स्वतन्त्र र पक्षपातरहित भएमा मात्र सही र उपयुक्त मानिसको प्रतिनिधित्व हुन सक्दछ । अनि मात्र राज्य सञ्चालनमा प्रजातान्त्रिक अभ्यासको अपेक्षा गर्न सकिन्छ ।

महान्यायाधिवक्ता (Attorney General)–महान्यायाधिवक्ता श्री ५ को सरकारको मुख्य कानूनी सल्लाहकार हुनेछन्, जसको काम श्री ५ को सरकार र श्री ५ को सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु हुनेछ ।

अभ्यास

१. राज्य गठनका लागि आवश्यक पर्ने चार तत्त्वहरू के-के हुन् ? तिनीहरू बारे लेख्नुहोस् ।

२. व्यवस्थापिका (Legislature), कार्यपालिका (Executive) र न्यायपालिका (Judiciary) बीचको आपसी सम्बन्धलाई उदाहरण सहित प्रस्ट पार्नुहोस् ।

३. राजपरिषद्को मुख्य काम, कर्तव्य के हो ? लेख्नुहोस् ।

४. "संवैधानिक अंगहरू स्वतन्त्र र निष्पक्ष रहन्छन् ।" यस कुराको पुष्टि गर्नुहोस् ।

५. मन्त्रिपरिषद्को गठन कसरी हुन्छ र यो कसप्रति उत्तरदायी हुन्छ ? लेख्नुहोस् ।

६. भिन्नता दर्शाउनुहोस्

(क) संविधान र कानून (Constitution and Law)

(ख) संविधान र संवैधानिक अंगहरू (Constitution and Constitutional Organs)

७. छोटो परिचय दिनुहोस्

(क) मन्त्रिपरिषद्

(ख) लोक सेवा आयोग

(ग) महालेखापरीक्षक

(घ) अख्तियार दुरुपयोग अनुसन्धान आयोग

(ङ) निर्वाचन आयोग

(च) महान्यायाधिवक्ता

राजनीतिक संगठन र संघसंस्था

नेपालको संविधान २०४७ मा राजनीतिक संगठनहरूको व्यवस्था गरिएको छ । कारण, बहुदलीय प्रजातान्त्रिक व्यवस्थामा विभिन्न राजनीतिक संगठनहरूको महत्त्वपूर्ण भूमिका रहन्छ । यिनीहरू आ-आफ्नो राजनीतिक उद्देश्य पूर्ति गर्नका लागि बाहेक एक अर्को संगठन वा दलका लागि अंकुशको रूपमा पनि कार्य गर्दछन् जसले गर्दा कुनै एक दलको बहुमतबाट खडा गरिएको सरकारले पनि देशमा जथाभावी काम गर्न पाउँदैन, सबै वर्गका जनताहरूले अधिकारको समान उपभोग गर्न पाउँछन् ।

अब हामी यी राजनीतिक संगठनहरू खोल्नका लागि हाम्रो संविधानमा के-कस्तो व्यवस्था गरिएको छ, त्यसपट्टि विचार पुरयाऔं ।

१. समान राजनीतिक उद्देश्य र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरूले संविधान अन्तर्गत बनेको कानूनको अधीनमा रही आफ्नो इच्छानुसार कुनै पनि राजनीतिक दल वा संगठन खोल्न र सञ्चालन गर्न पाउनेछन् ।

२. यसरी खोलिएको दल वा संगठनप्रति जनसाधारणको सहयोग र समर्थन प्राप्त गर्नका निम्ति त्यसको प्रचारप्रसार गर्न, गराउन वा सो प्रयोजनका लागि अन्य कुनै कार्य गर्न सक्नेछन् ।

३. यसरी खोलिएको दल वा संगठनको नामबाट निर्वाचनमा भाग लिने हो भने निर्वाचन आयोगद्वारा निर्धारित गरिएको कार्यविधि अनुसार ती-ती राजनीतिक संगठन वा दलहरूले सो आयोगको कार्यालयमा आफ्नो नाम दर्ता गर्न सक्नेछन् । नाम दर्ताका लागि दिइने निवेदन पत्रमा निम्न कुराहरू संलग्न हुनुपर्दछ ।

(क) राजनीतिक संगठन वा दलको नाम र ठेगाना (ख) राजनीतिक संगठन वा दलको नियमावली तथा घोषणापत्र ।

यी बाहेक राजनीतिक संगठन वा दलहरूले निर्वाचनमा भाग लिनका लागि अन्य कुराहरूको पनि पालना गर्नुपर्दछ । ती यी हुन्:–

(क) संगठन वा दलको विधान प्रजातान्त्रिक हुनुपर्छ ।

(ख) संगठन वा दलका विधान वा नियममा कम्तीमा पाँच वर्षको एक पटक संगठन वा दलको पदाधिकारीहरूको निर्वाचन हुने व्यवस्था भएको हुनुपर्दछ ।

(ग) प्रतिनिधि सभाका लागि हुने निर्वाचनमा आफ्नो संगठन वा दलका उम्मेदवारहरू मध्ये कम्तीमा पाँच प्रतिशत महिला उम्मेदवारलाई उठाउनुपर्दछ ।

(घ) प्रतिनिधि सभाको निर्वाचनमा खसेको जम्मा मतको तीन प्रतिशत मत सो राजनीतिक संगठन वा दलले प्राप्त गरेको हुनुपर्छ ।

तर कुनै राजनैतिक संगठन वा दल धर्म, सम्प्रदाय, जात, जाति, लिङ्ग, भाषा वा क्षेत्रीयताको आधारमा भेदभावपूर्ण रूपले संगठन गरिएको छ भने त्यस्तो संगठन वा दललाई निर्वाचन आयोगले मान्यता दिने छैन । त्यस्तै देशको सार्वभौमसत्ता, स्वतन्त्रता र अखंण्डता-लाई हानि-नोक्सानी पुऱ्याउने उद्देश्य राखी खोलिएको कुनै पनि राजनीतिक संगठन वा दललाई पनि मान्यता दिइने छैन ।

संघ वा संस्था

प्रजातन्त्र भन्नु नै वैयक्तिक स्वतन्त्रता हो । यहाँ सबै वर्ग र पेशाका मानिसले आ-आफ्नो हक, हित र सुरक्षाका लागि आ-आफ्नो मनमा लागेका कुरा स्वतन्त्रतापूर्वक सबैका सामु भन्न पाउँछन्, तर एक्लो बृहस्पति झूटा भने झैं कुनै खास एउटा मानिसले आफ्नो समाजका लागि बोलेको कुनै कुरा सरकारले नसुन्न पनि सक्छ । किनकि व्यक्तिगत हितभन्दा सरकारका लागि सामूहिक हितको कुरा नै महत्त्वपूर्ण हुन्छ । यसैले हाम्रो बहुदलीय प्रजातान्त्रिक प्रणालीमा यस्तो वर्ग, समुदाय वा एउटै पेशामा संलग्न मानिसहरूको सामाजिक तथा आर्थिक भलाइका लागि उनीहरूलाई संघ वा संस्था खोल्ने स्वतन्त्रता पनि प्रदान गरिएको छ । यी संघ वा संस्था मार्फत् उनीहरू आ-आफ्नो पीरमर्कालाई सरकार समक्ष प्रस्तुत गर्दछन् र सरकारले पनि उनीहरूको यथोचित मागलाई पूरा गरिदिनु आफ्नो कर्तव्य ठान्दछ । आजभोलि खोलिएका यस्ता संघ वा संस्थाहरूमा महिला, किसान, मजदूर, शिक्षक, विद्यार्थी आदि छन् ।

तर जे-जति संघसंस्था खोलिए पनि यिनीहरू सबैको उद्देश्य संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रलाई फलाउने फुलाउने नै हुनेछ । एक अर्को वर्ग, समुदाय वा पेशामा संलग्न व्यक्तिहरू उपर घृणा वा द्वेष फैलाई आपसी सद्भावनालाई खलल पुऱ्याउने कार्य हामी कसैबाट पनि हुनु हुँदैन । यसले हाम्रो देशको स्वतन्त्रता, सार्वभौमसत्ता, अखण्डतामा नै आँच आउन सक्छ । यदि हामी हाम्रो स्वतन्त्रतालाई अधिकारयुक्त ठानी आफ्नो हक, हित र सुरक्षा चाहन्छौं भने हामीले अरूको स्वतन्त्रताको सम्मान गर्न पनि जान्नुपर्दछ । उनीहरूको पनि

सुरक्षा गर्न सक्नुपर्दछ । यी सब कुराहरू माथि ध्यान पुऱ्याई हामी सबैले आ-आफ्नोतर्फबाट इमानदारीपूर्वक काम गर्दै गयौं भने हाम्रो देश विश्वका अरू मुलुकको दाँजोमा चाँडै नै उन्नतिको शिखरमा पुग्न सक्ने कुरामा कुनै शंका रहँदैन ।

अभ्यास

१. विभिन्न राजनीतिक संगठनहरूको उपादेयताबारे स्पष्टीकरण दिनुहोस् ।

२. राजनीतिक संगठन खोल्नका लागि हाम्रो संविधानमा के-कस्तो व्यवस्था छ ? उल्लेख गर्नुहोस् ।

३. राजनीतिक संगठनहरूले निर्वाचनमा भाग लिनका लागि के-के कुराहरू पालना गर्नुपर्दछ ? लेख्नुहोस् ।

४. कस्तो राजनीतिक संगठन वा दललाई निर्वाचन आयोगले मान्यता दिने छैन ? यसबारे खुलाउनुहोस् ।

५. "प्रजातन्त्र भन्नु नै वैयक्तिक स्वतन्त्रता हो ।" यस तथ्यलाई प्रस्ट गर्नुहोस् ।

६. तपाईंलाई थाहा भएका कुनै सामुदायिक संघ वा संस्थाको महत्त्व झल्काई त्यसबारे छोटो चर्चा गर्नुहोस् ।

कक्षागत रूपमा कक्षा ८ का विद्यार्थीले गाउने राष्ट्रिय गीत



तराई हेर कति राम्रो हरियो वन हुनाले
पहाड हेर झनै राम्रो गुराँस फुल्नाले
म त हेर त्यसै राम्रो यसै राम्रो
त्यसै राम्रो नेपाली हुनाले
सगरमाथा मेरै आफ्नो शिर भइदिनाले ।।

अरूको भरमा बाँच्नु पर्छ हातै नहुनेले
एक दिन भोकै मर्नु पर्छ पौरख नहुनेले
म त मेरै पौरख खान्छु
म त हातका नङ्ग्रा खियाउँछु, नेपाली हुनाले
सारा नेपालीको लक्ष्य एउटै भइदिनाले ।।

अरूको सारमा हिंड्नु पर्छ आँखै नहुनेले
अन्यायलाई सहनु पर्छ निर्घो भइदिनाले
म त अन्यायसित लड्छु,
ठूलो सानो एउटै देख्छु, नेपाली हुनाले
राजा-रानी मेरै दुइटा आँखा भइदिनाले ।।